






# फुटबलले जुराएको जोडी

● **हिमेश वज्राचार्य**

काठमाडौं- नेपाली फुटबलमा सर्वाधिक आकर्षक 'ब्लाचलर' अब ब्याचलर रहेनन् । २७ वर्षीय वसन्त गौचन यसै साता वैवाहिक सम्बन्धमा बाँधिए, निकै आकर्षक सुन्दरी बास्ना गुरुङसँग । बास्नाको व्यक्तित्व कत्तिको तेजिलो छ भने उनी पहिलो नजरमै सबैको आँखामा पर्छिन् ।

वसन्त र बास्नाको विवाहसँगै एक जोडीको प्रेमको कथाले सुखद अन्त्य पाएको छ । आठ वर्षअघि सुरु भएको उनीहरूको प्रेमले ठूलो आरोह-अवरोह पार गऱ्यो र अन्तत: उनीहरू दुवैतर्फको परिवार, साथीभाइ एवं शुभचिन्तकको मन जित्दै एक भएका छन् । उनीहरूको प्रेमकथा सुरु हुन्छ, सन् १९९९ देखि । त्यो समय नेपाल पूरा खेलकुदमय भएको थियो, आठौं दक्षिण एसियाली खेलकुदका कारण । आठौं साफको फुटबल हेरेका सबैलाई सम्झना हुनुपर्छ, फाइनल नेपाल र बंगलादेशबीच भएको थियो ।



नेपाल स्वर्णका लागि बलियो प्रत्यासी थियो र उसले फाइनल यात्रा पनि तय गऱ्यो, तर उपाधिका लागि बंगलादेशीको चुनौती भने पार गर्न सकेन । नेपाल फाइनलमा १-० ले पराजित भयो । सबै नेपाली फुटबल समर्थक स्तब्ध भए । भर्खरको ठिटो वसन्तले पनि आँसु थाम्न सकेनन् । उनी मैदानमै रोए । वसन्त तत्कालीन नेपाली प्रशिक्षक स्टेफान कन्सटाइनटिनका प्रिय खेलाडी थिए । हारको पीडा वसन्तले कन्सटाइन्टिनकै काँधमा रोएर पोखे । उनको रुवाइसँगै सबै नेपाली फुटबल प्रेमी पनि रोए ।

पोखरीकी १७ वर्षीया बास्नाले पनि वसन्तको रुवाइमा आफूलाई रोक्न सकिनन् । नभन्दै बास्ना पनि रोइन् र यसक्रममा उनले नजानिँदो प्रकारले आफ्नो मन पनि वसन्तलाई दिइन् । त्यो नै उनीहरूको प्रेमको पहिलो निर्णायक मोड थियो । दुवै पोखराका थिए, बास्नाको परिवारले एकपल्ट वसन्तलाई खानका लागि घरमा निम्तो दियो । बास्नाका लागि वसन्तको नजिक पुग्ने यो जस्तो राम्रो अवसर अरू थिएन । पहिलो प्रत्यक्ष भेटमै बास्ना वसन्तको व्यक्तित्वबाट प्रभावित भइन् अनि उनीहरू प्रेमले गति लियो ।

यद्यपि विवाहसम्म आइपुग्न उनीहरूले ठूलो चुनौती पार गर्नुपऱ्यो । थकाली र गुरुङको विवाहमा सबैभन्दा ठूलो चुनौती जातकै थियो तर परिवारले सुरुमै यो सम्बन्धलाई स्वीकार गऱ्यो । वसन्त र वास्ना दुवै भावनात्मक प्रकृतिका छन् । उनीहरूले त्यो भावनालाई हार्न दिएनन् । उनीहरूलाई लाग्छ, यो आठ वर्षको सम्बन्धले उनीहरूलाई अझ परिपक्व बनाएको छ, उनीहरूको प्रेम अझ कस्सिएको छ । 'समयले हामीलाई अझ परिपक्व बनाएको छ' वसन्त बताउँछन् । वसन्त र बास्नाको प्रेममा भौगोलिक दूरीले पनि भाँजो हाल्न सकेन । वसन्त नेपाली राष्ट्रिय टिमको प्रमुख सदस्य छँदै नेपाल छोडेर जापान गए । त्यहाँ दुई वर्ष बिताएर नेपाल फर्किए । अर्कातर्फ बास्ना पनि उच्च शिक्षाका लागि दुई वर्षअघि जापान गएकी थिइन् ।

बाँकी पृष्ठ २२ मा

साइबर गर्ल
सुनीला



मध्यपृष्ठमा
आँचल

साप्ताहिक

## क्यासेट

### झ्याम्ले मुन्द्रे



म्युजिक नेपालले गीतिसंग्रह 'झ्याम्ले मुन्द्रे' सार्वजनिक गरेको छ । गायक-कलाकार भीष्म कौशिकका आठवटा लोककमेडी गीत यो संग्रहमा समावेश छन् । स्वर, शब्द तथा संगीत सबै कौशिककै रहेको यो संग्रहमा जहिलेदेखि, भन्छिन् आमा, पढाएनन्, चुलोमा आगो, ए मेरा दाज्यु, धेर भो-धेर भो, जान्नेले भन्थे र वल्ला घरको कालेले बोलका गीत समावेश छन् ।

### उग्रगोमन



खनाल शेखर र रिजाल शिवशंकर (खरि जोडी) को चौथो गाईजात्रे संग्रह 'उग्रगोमन' श्रोतामाझ आएको छ । यमन म्युजिकले बजारमा ल्याएको यो संग्रहको भाग एकमा उद्घोषण, संवाद, दरबार भो बमबहादुर (गीत), संवाद, खोक्नु खोक्यौ प्रचण्ड (भैंसी पालेरबाट लिएको संगीतमा) समावेश छन् । भाग दुईमा धेरै जले पुत्ला हल्लिएन भुत्ला (बोकेदाह्री संग्रहबाट लिइएको गीत), दुगर्म स्वास्थ्यचौकी (प्रहसन), संवाद, राजसंस्था रहुन्जेल (पूर्व जाने रेलको भाकाबाट लिइएको र्‍याप गीत) समावेश छन् ।

### हङकङ सिङ्गापुर



गायक महेश बूढाथोकीको लोकदोहोरी गीतिसंग्रह 'हङकङ सिङ्गापुर' श्रोतामाझ आएको छ । सप्तरंगी म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा गायक बूढाथोकीका अतिरिक्त सिन्धु मल्ल र सत्यकला राईले स्वर प्रदान गरेका छन् । गीतिसंग्रहको भाग १ मा हङकङ सिङ्गापुर तथा भाग २ मा चौबन्दी चोली गीत समावेश छन् । संग्रहमा लय तथा शब्द महेश बुढाथोकी र राम भट्टराईको छ ।

## रंगमञ्च

- जिल्लाका सदरमुकामहरूमा नाट्य चेतना बढ्न थालेको छ । जनचेतना जगाउन नाटक प्रभावकारी माध्यम भएकाले यस विषयमा चासो बढेको हो । हाल नेपालका २४ जिल्लामा नाट्य संस्थाहरू सक्रिय रहेको जानकारी राजधानीमा आयोजित एक कार्यक्रममा दिइयो ।
- सर्वसाधारणमा जनचेतना जगाउने उद्देश्यले क्षितिज नाट्य परिवार, पाँचथरले जिल्लामा जनचेतनामूलक सडक नाटक प्रस्तुत गर्न थालेको छ । नाटकले संविधानसभा निर्वाचनमा मतदाता शिक्षा, निर्वाचन प्रणाली प्रक्रिया, कर्मचारी तथा नागरिक समाजको भूमिकालाई प्रस्तुत गरेको छ। पाँचथरका ५१ वटै गाविसमा नाट्य कार्यक्रम सञ्चालन गरिने भएको छ ।
- विज्ञानकथापछि अब विज्ञान नाटकको पालो आएको छ । राजधानीमा प्रदर्शित 'लासघर' नेपाली नाट्यपरम्परामा विज्ञानको प्रवेश भएको देखिएको छ । हुनत नाटकमा विज्ञान उत्पादित प्रकाश, सज्जा आदिको आवश्यकता नपर्ने होइन, विषयवस्तुमै विज्ञानको प्रवेश भने त्यति भएको थिएन । राजधानीमा प्रदर्शित 'लासघर' मा भने अस्पतालको लास राख्ने कोठामा लासहरूबीच भएको कुराकानीमा कम्प्युटरको सहयोगले पुनर्जीवित हुने इच्छा प्रस्तुत गरिएको छ । यो नाटकलाई गोपी सापकोटाले निर्देशन गरेका हुन् ।

## ग्यालरी

- चारकोलमार्फत चित्र कोर्ने पुरानो प्रविधिलाई नयाँ कलाकार मानबहादुर परियारले काठमाडौं भित्र्याएका छन् । नेपाल कलापरिषद्मा गत सातादेखि प्रदर्शनीमा राखिएका जनजातिका चारकोलचित्र आकर्षक देखिन्छन् । तीन दर्जन चित्रमध्ये अधिकांश चित्र नेपालका आदिवासी, जनजाति तथा दलितका अनुहारमा आधारित छ । चितवनका बासिन्दा मानबहादुरले प्रहरी सेवामा रहँदा भेटेका व्यक्तिका अनुहारलाई चारकोलमार्फत समेट्दै जाँदा प्रदर्शनी योग्य चित्र बनेको बताए । प्रदर्शनी एक साता चल्नेछ ।
- कलाकार प्रमिला कला सिर्जनामा परिपक्व देखिएकी छिन् । भर्खरै अमेरिकामा कलायात्रा सम्पन्न गरेर फर्किएकी प्रमिलाले आफ्नो विदेश अनुभवलाई क्यानभासमा उतारेकी छिन् । दृष्टि शीर्षक दिइएको उक्त प्रदर्शनीमा प्रमिलाका ५ वटा चित्र राखिएका छन् ।
- नागपञ्चमीको अवसर पारेर नेपालका १७ कलाकारले नागसम्बन्धी दुई दर्जन चित्र तयार पारेका छन् । लाजिम्पाटको होली आर्ट ग्यालरीमा प्रदर्शित नागचित्र फरक शैलीमा उतारिएका छन् । 'नेपाली समाजमा नाग' शीर्षक दिइएको उक्त प्रदर्शनी मानिसको जीवनसँग सरोकार राख्ने खालको छ ।
- बूढानीलकण्ठ आश्रमका गुरु स्वामी चन्द्रेशका कलाकृतिमाथि कविता सिर्जना भएका छन् । गत साता स्वामी चन्द्रेशका कलामाथि राजधानीका दर्जनौं कविले कविता सिर्जना गरे । संगीत, कला, ज्ञान तथा वैराग्यमा ख्याति कमाएका स्वामी चन्द्रेशका कलाले स्वत: कविता सिर्जना गरेको कविहरूले बताए । उनको कलामा कविता कोर्नेहरूमा श्रीओम श्रेष्ठ रोदन, भीष्म उप्रेती, दामोदर पुडासैनी, लुमडी आचार्य, रमेश क्षितिज, भागवत आचार्य, गोबर्द्धन पूजा, गीता त्रिपाठी, त्रिलोचन आचार्य आदि थिए ।

## पुस्तक

### भूनु

ईश्वरी अधिकारीद्वारा लिखित सामाजिक उपन्यास 'भूनु' लाई लेखक स्वयंले प्रकाशित गरेका हुन् । फुर्सदका बेला उपन्यास पढेर समय कटाउनेहरूका लागि यो उपन्यास एउटा राम्रो साथी हुन सक्छ । उपन्यासको मूल्य ५० रुपैयाँ छ ।

### जिन्दगीका भोगाइहरू रहर मरेका इच्छाहरू

कवि उपेन्द्रमान मास्केका ६३ वटा साना-ठूला कविताको संग्रह 'जिन्दगीका भोगाइहरू रहर मरेका इच्छाहरू' कवि स्वयंले प्रकाशित गरेका हुन् । १ सय ६ पृष्ठको यो पुस्तकको विशेषता भनेकै पाठकहरूले कविको हस्तलिखित कविता पढ्न पाउनु हो । यो पुस्तकको मूल्य १ सय रुपैयाँ छ ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

भाग्यले साथ दिनेछ । सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ । मानसम्मान पाइनेछ । अध्ययनमा सफलता प्राप्त हुनेछ । सजिलै अरूको विश्वास जित्न सकिनेछ । आफन्तहरूले सहयोग गर्नेछन् । यात्रा हुनसक्छ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । धन आर्जन गर्ने अवसर जुट्नेछ । स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुर्‍याउनुहोला ।

### सिंह

साता मध्यम रहनेछ । सुरुमा सोच्ने शक्ति बढ्नेछ । मन प्रसन्न रहला । काममा सुधार आउनेछ । यात्रा गर्ने अवसर जुट्नेछ । अरूले तपाईंको भरोसा गर्नेछन् । धन आर्जन हुनसक्छ । शत्रुसित सजग रहनुहोला । सफलताका लागि स्वास्थ्यमा ध्यान दिनुपर्ने बेला छ । गोपनियतामा जोड दिनुहोला ।

### धनु

समय अनुकूल बन्दै जानेछ । सुरुमा मानसम्मान मिल्नेछ भने भोजभतेरमा संलग्न हुन पाइनेछ । सभा-सम्मेलनहरूमा उपस्थित रहनेछ । बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । धार्मिक कार्यमा मन जानेछ । भाग्यले पनि साथ दिनेछ । अरूबाट प्रशंसा पनि पाउनुहोला । आर्थिक मार्ग त्यति अनुकूल देखिँदैन ।

### वृष

साताको आरम्भमा स्वास्थ्य कमजोर रहनेछ । काममा अवरोध आउनाले मनोबल घट्नेछ । घरेलु समस्याले सताउन सक्छ । विश्वास गरेकाहरूले धोका दिनेछन् । अरूको काम धेरै गर्नुपर्नेछ । आइतबारदेखि धार्मिक कार्यमा रुचि बढ्नुका साथै भाग्यले साथ दिनेछ । मानसम्मान प्राप्त हुनेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ । प्रशंसा पनि पाउनुहोला ।

### कन्या

आफन्तहरूको सहयोग मिल्नेछ । नयाँ मित्रसितको भलाकुसारीले मन प्रसन्न बनाउला । पराक्रम एवं सोच्ने शक्ति बढ्नुका साथै महत्त्वपूर्ण काममा सफलता मिल्नेछ । खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ । झूटा आरोप लाग्ने हुँदा अरूको विश्वास गरिहाल्नु उचित हुँदैन । सफलताका लागि आफैंले प्रयास गर्नुपर्नेछ ।

### मकर

सुरुमा खर्च एवं विवाद बढ्नेछ । स्वास्थ्य गडबड रहनेछ । कुरा काट्नेहरू सक्रिय हुनेछन् । विश्वास गरेकाहरूले धोका दिनसक्छन् । आर्थिक संकट बढ्नेछ भने शरीरमा चोटपटक एवं झूटा आरोप लाग्न सक्छ । आइतबारदेखि व्यवसाय एवं काममा सुधार आउने, पराक्रम बढ्ने तथा अधुरा काम बन्ने योग भए पनि स्वास्थ्य भने गडबड रहन सक्छ ।

### मिथुन

यात्रा गर्ने तथा भेटघाटमा रमाउने अवसर मिल्नेछ । पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । धार्मिक कार्यमा मन जानेछ । भाग्यले पनि साथ दिनेछ । आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ ।

### तुला

साता बलियो छ । सुरुमा पराक्रम एवं प्रसन्नता बढ्नेछ । अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ । मानसम्मान पनि प्राप्त हुनेछ । आफन्तहरूको उचित सहयोग जुट्नेछ । धन आर्जन हुनसक्छ । अरूलाई आकर्षित गर्न सकिनेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । भाग्यले साथ दिनेछ । धार्मिक कार्यमा मन जानेछ ।

### कुम्भ

साता मध्यम छ । शत्रु बढ्ने तथा पारिवारिक चिन्ताले सताउने योग भए पनि आफ्नै प्रयासले काममा सफलता प्राप्त गरी धन आर्जन गर्न सकिनेछ । मानसम्मान मिल्नेछ । व्यवसायमा सुधार आउनुका साथै यात्रा हुनसक्छ । भोजभतेरमा संलग्न हुने अवसर मिले पनि आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ ।

### कर्कट

सुरुमा रोग एवं शत्रु बढ्नेछन् । काममा अवरोध आउनेछ । समयमा निर्णय नहुँदा अरूबाट आलोचित हुनुपर्ला । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । धार्मिक कार्यमा बाधा खडा हुन सक्छ। ि आइतबार तथा सोमबार प्रसन्नता बढ्ने, काममा सफलता मिल्ने तथा यात्रा हुने योग छ । धन आर्जन गर्ने अवसर जुट्नेछ ।

### वृश्चिक

ग्रह गोचर राम्रा छन् । पराक्रम, प्रसन्नता एवं बोलीको प्रभाव बढ्नेछ । अरूबाट प्रशंसा पाइनेछ । अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ । व्यावसायिक तथा धार्मिक यात्रा हुनसक्छ । धन आर्जन गर्ने अवसर जुट्नेछ । अध्ययनमा हासिल हुने सफलता कायमै रहनेछ । ठूला व्यक्तिबाट प्रशंसा पाउनुहोला । बुद्धि प्रबल हुनेछ ।

### मीन

शत्रुदेखि सजग रहनुहोला । स्वास्थ्यको पनि ख्याल गर्नुपर्ने समय छ । अरूको भरोसा गरिहाल्नु उचित हुँदैन । आफ्नै प्रयत्नले मात्र सफलता मिल्नेछ । मानसम्मान पाइने एवं धन आर्जन हुने योग छ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग भए पनि मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ ।

### यो साताको पञ्चाङ्ग

भदौ ७ गते : एकादशी, ११ गते जनैपूर्णिमा, १२ गते गाईजात्रा

## साता संक्षेप

साउन ३२– रूकुममा वाईसीएल आक्रमण, असईसहित ४ घाइते ।
- वाईसीएलद्वारा नेकपा (एमाले) का सांसद सोमप्रसाद पाण्डेमाथि काठमाडौंको नयाँ बानेश्वरमा भएको आक्रमणको संसद्‌मा निन्दा, छानबिन आयोग गठन गर्न माग ।
- विभूषण विधेयक पारित, राजाको विभूषण बाँड्ने अधिकार समाप्त ।
- नेविसंघ-अखिल क्रान्तिकारीबीच संवाद, सहमतिको राजनीति गर्ने सहमति ।

भदौ १– धनुषामा हतियारधारी समूहद्वारा किसान प्रेमबहादुर थापाको हत्या, हत्यापछि बढेको तनावका कारण बर्दीबासमा कर्फ्यु आदेश जारी ।
- पाँचवटा निर्वाचन कानुन तयार, संविधानसभाका ठूला प्राविधिक कार्य पूरा भएको निर्वाचन आयोगद्वारा जानकारी ।

भदौ २– चार महिनापछि आठ दलको शीर्ष बैठक, नेकपा (माओवादी) ले गणतन्त्रका सम्बन्धमा स्पष्ट नभएसम्म संयुक्त हस्ताक्षर नगर्ने ।
- अखिल क्रान्तिकारी तथा नेविसंघबीच गर्न खोजिएको सहमति भएन, पक्राउ गरिएका विद्यार्थी नछुटेसम्म क्याम्पस हड्ताल, विद्यार्थीहरूद्वारा विरोध ।

भदौ ३– अखिल क्रान्तिकारीद्वारा शैक्षिक हड्ताल फिर्ता, नेविसंघ तथा क्रान्तिकारीबीच सम्झौता ।
- निर्वाचन आयोगद्वारा निर्वाचन कार्यक्रम तथा आचारसंहिता पारित, असोज १८ मा उम्मेदवारी दर्ता ।
- नेपाल वायु सेवा निगमले ६ वटा विमान किन्ने, बाराको निजगढ तथा लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री पृथ्वी सुब्बा गुरुङद्वारा जानकारी ।
- जनमोर्चा नेपालका तर्फबाट शशि श्रेष्ठ स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री नियुक्त ।
- संसदीय समितिद्वारा देशभर स्थानीय मूल्यमै कुरा गर्न पाउने निर्णय गर्न दूरसञ्चार प्राधिकरणलाई निर्देशन ।

भदौ ४– पाल्पामा बस दुर्घटना, २५ को मृत्यु, ४५ घाइते ।
- नेकपा (माओवादी) द्वारा सरकारसमक्ष २२ बुँदे माग प्रस्तुत, माग पूरा नभए असोज १ गतेदेखि चरणबद्ध कार्यक्रमको घोषणा, संविधानसभाअघि नै गणतन्त्र हुनुपर्ने मुख्य माग ।
- राजपरिवारको सम्पत्ति राष्ट्रियकरण गर्न गृहमन्त्रीको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन ।

– मधेसी जनअधिकार फोरमसँग भएको वार्ता फेरि पनि टुङ्गोमा पुगेन ।

भदौ ५– तराई जनतान्त्रिक मोर्चा (गोइत) वार्तामा बस्न तयार भएको सरकारलाई जानकारी, संयुक्त राष्ट्रसंघको मध्यस्ततामा वार्ता हुने ।
- तत्कालीन शाही आयोगका पदाधिकारीमाथि कारबाही गर्न मन्त्रिपरिषद्‌को आदेश ।
- स्थानीय निकायमा सर्वदलीय संयन्त्र बनाउने मन्त्रिपरिषद्‌को निर्णय, आठ दलबाहेक स्थानीय दल भएको खण्डमा त्यसलाई पनि मान्यता दिइने ।

### मानवअधिकार उच्चायुक्तको प्रतिवेदन

# योङ कम्युनिस्ट लिग गलत बाटोमा

**साप्ताहिक समाचार**

काठमाडौं– नेकपा (माओवादी) युवाहरूको संगठन योङ कम्युनिस्ट लिगका गलत क्रियाकलापका बारेमा व्यक्ति, समूह तथा सञ्चारमाध्यमबाट प्रतिक्रिया आइरहे पनि त्यसलाई उक्त संगठनले अस्वीकार गर्दै आएको छ । वाईसीएलले राम्रो काम गर्दा पनि नराम्रो प्रतिक्रिया आएको भन्दै स्वयं माओवादी अध्यक्ष प्रचण्डले पनि त्यसको बचाउ गर्दै आएका छन् ।

गत माघमा मात्र गठन भएको उक्त संगठनको व्यवहार सुधार गर्दै जानुपर्ने सुझाव राजनैतिक दल तथा विभिन्न संघ-संस्थाहरूले दिँदै आए पनि उसले यस्ता संस्थाहरू आफैं सुध्रनुपर्ने प्रतिक्रिया दिने गरेको छ । यस्तै अवस्थामा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले योङ कम्युनिस्ट लिगका दुर्व्यवहारलाई लिएर विशेष अध्ययन-प्रतिवेदन सार्वजनिक गरेको छ ।

प्रतिवेदनले यसअघि वाईसीएलका बारेमा लाग्ने गरेका आरोपलाई पुष्टि मात्र गरेको छैन, उक्त संगठन क्रमशः अराजकतातर्फ बढिरहेको सङ्केत पनि गरेको छ । वाईसीएलमा रहेका अधिकांश नेता तथा कार्यकर्ता माओवादीका सशस्त्र दस्ताका महत्त्वपूर्ण सदस्य रहेकाले पनि उक्त संगठन शान्तिपूर्ण अवस्थामा पनि अराजकतातर्फ उन्मुख भएको प्रतिवेदनले औंल्याएको छ ।

उक्त संगठनले मत व्यक्त गर्न, भेला हुन, संघसंस्था खोल्न पाउने स्वतन्त्रतामा रोक लगाएको देखिएको छ । त्यसैगरी उच्चायुक्तको कार्यालयको अध्ययनले वाईसीएलले व्यक्तिगत स्वतन्त्रता, सुरक्षा तथा शारीरिक अखण्डताको अधिकारको बलपूर्वक दुरुपयोग गरेको बताएको छ ।

वाइसीएलको गठन भएलगत्तै काठमाडौं उपत्यकाभित्र विभिन्न आरोपमा व्यक्ति अपहरण तीव्र गरेको तथा कुटपिट गरेको दर्जनौं उदाहरण फेला परेको उच्चायुक्तको कार्यालयको दाबी छ । अध्ययनले व्यक्तिमाथि अभद्र व्यवहार गरेको, राष्ट्रिय सम्पत्तिको विनाश गरेको, राजनैतिक गतिविधि बिथोलेर अस्तव्यस्त पारेको देखिएको बताएको छ । प्रतिवेदन भन्छ, 'नेकपा (माओवादी)द्वारा विगतमा गरिएका दुर्व्यहारमा वाईसीएलका यस्ता गतिविधिले पुरानो डरलाई अझ बल पुर्‍याउने काम गरेका छन् ।'

प्रतिवेदनले अहिलेसम्म वाईसीएलद्वारा हत्या भएको रिपोर्ट प्राप्त नभए पनि नेपाली कांग्रेसका एक कार्यकर्ता अपहरणपछि बेपत्ता भएको बताएको छ । त्यसबाहेक शान्ति-सुरक्षाका निम्ति सरकारले स्थापना गरेका प्रहरीचौकीलाई काम गर्न नदिने, प्रहरीलाई फिर्ता पठाउने काम गरेको छ । दलका अध्यक्ष प्रचण्डले जनअदालत खारेज भैसकेको बताए पनि दुर्गम जिल्लाका कतिपय स्थानमा माओवादी कार्यकर्ताले निर्बाध रूपमा जनअदालत चलाइरहेको प्रतिवेदनमा उल्लेख छ ।

उच्चायुक्तको प्रतिवेदनमा वाईसीएलका नाममा व्यवसायीहरूलाई प्रतिमहिना २० हजारदेखि एकमुस्ट ४ लाखचन्दा दिन बाध्य पारिएको कुरा पनि उल्लेख छ । चन्दा नदिने व्यवसायीहरूलाई पत्र तथा फोनमार्फत धम्की आउन अझै बन्द नभैसकेको पनि राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले औंल्याएको छ । राजनैतिक गतिविधि बिथोलिने क्षेत्रमा सबैभन्दा बढी पश्चिम नेपालका क्षेत्र छन् भने अपहरण तथा धम्कीका रिपोर्ट मध्यमाञ्चल क्षेत्रबाट प्राप्त भएको मानवअधिकार उच्चायुक्तको कार्यालयले जनाएको छ ।

पूर्वी नेपालमा यस्ता रिपोर्ट कम भए पनि निमिट्यान्न नभएको प्रतिवेदनमा उल्लेख छ । गत जेठमा १५ दिनभित्र काठमाडौं उपत्यकासहित सिन्धुली, रूपन्देही, कैलाली, नवलपरासी, गोर्खा, मकवानपुर, रामेछाप, झापा, बाँके तथा सुर्खेतमा वाईसीएलद्वारा कम्तीमा २४ जना व्यक्ति अपहरणमा परेको जनाइएको छ । पश्चिम नेपालमध्ये अपहरण पर्नेमा रूपन्देहीका मात्र १८ जना छन् ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले केही पीडित तथा पीडितका परिवारले अन्यायमा परेर पनि प्रतिशोधका डरले घटना ढाकछोप गर्दै आएको बताएको छ । राज्यद्वारा सुरक्षा अनुभूति नभएका वा राज्यको उपस्थिति नभएका क्षेत्रमा यस्तो अवस्था आएको कार्यालयले जनाएको छ । कतिपय अवस्थामा रिपोर्ट प्राप्त भए पनि आफ्ना कुरा नउठाइदिन पीडितले अनुरोध गरेको प्रतिवेदनमा उल्लेख छ ।

आफ्नो धारणा विपरीतका राजनैतिक दलका नेता तथा कार्यकर्तालाई कालोमोसो दल्ने, जुत्ताको माला लगाएर सहर परिक्रमा गर्ने, आफ्नो क्षेत्रका जनतासँग भेटघाट गर्न नदिने, कुटपिट गर्ने घटना पनि दिनहुँजसो भैरहेको प्रतिवेदनले उल्लेख गरेको छ ।

## संविधानसभा | व्यक्ति-अभिव्यक्ति

संविधानसभा निर्वाचनमा वास्तविक लोकतान्त्रिक पद्दति बसाल्न दुवै कांग्रेसबीच एकीकरण हुनुपर्छ । प्रयास गर्दा पनि पार्टी एकीकरण हुन सकेन भने निर्वाचनमा नेकपा (एमाले) सँग मिलेर जानुपर्ने बाध्यता आउँछ । संविधानसभा संख्याको खेल होइन, यो विचार पद्धति, एजेण्डाको प्रमुख मार्ग हो । यदि मूल कांग्रेससँग प्रयास गर्दा पनि मिल्न सकिएन भने एमालेसँग सहकार्य गर्नु प्रजातान्त्रिक कांग्रेसको बाध्यता हुन जान्छ ।

**विमलेन्द्र निधि, नेता, नेका (प्रजातान्त्रिक)**

हामीले संविधानसभा डिस्टर्ब गर्न खोजेको भनेर प्रचार गरिँदैछ, तर हामीले त्यसो गरेका छैनौं । हामी संविधानसभा अझ बढी कसरी समावेशी हुन सक्छ भनेर लागिरहेका हौं । संविधानसभाअगाडि नै मूलभूत मुद्दाहरूमा राष्ट्रिय सहमति भयो भने संविधानसभापछि किचलो उत्पन्न हुँदैन । बरु संविधानसभा निर्वाचन ढिलो गरौं, तर संविधानसभापछि किचलो नहुने तरिकाले संविधान निर्माण गरौं भन्ने हाम्रो माग हो ।

**उपेन्द्र यादव, अध्यक्ष, मधेसी जनअधिकार फोरम**

संविधानसभामा बहुमतीय तथा समानुपातिक निर्वाचन प्रणाली अपनाउने भन्ने सहमति भैसकेको छ । यसप्रति धेरै विवाद गर्नु आवश्यक छैन । हिजोका पुनरुत्थानवादी, सामन्तवादी तथा प्रतिक्रियावादी शक्ति संविधानसभा निर्वाचन हुन नदिन सबै शक्ति प्रयोग गरिरहेका छन् । यस्तो बेलामा आठ दलले एक मत भएर संविधानसभाको निर्वाचन सक्नुपर्ने हो । म दुर्गम क्षेत्र, त्यसमा पनि महिला भएर त यति कुरा बुझ्छु भने कपाल फुलाएका नेताहरूले सजिलै बुझ्नुपर्ने होइन र ?

**श्रीमाया थकाली, मुस्ताङकी स्थानीय नेतृ तथा सांसद**

संविधानसभा जुनसुकै हालतमा हुनुपर्छ । शान्ति, सुरक्षा वा जस्तोसुकै बहानामा पनि निर्वाचन रोक्न मिल्दैन । नेपाली जनताका मित्रहरू मंसिर ६ गते नै निर्वाचन होस् भन्ने चाहन्छन् । निर्वाचन सर्नुको अर्थ हो, थप अनिश्चितता, थप अकर्मण्यता । यो जनताले सहँदैनन् । भारत समयमै संविधानसभा निर्वाचन सम्पन्न गराउन आठ दलको सहमतिमा जस्तोसुकै सहयोग गर्न पनि तयार छ । म फेरि पनि मेरो सरकारको तर्फबाट भन्छु, जसरी पनि संविधानसभाको निर्वाचन समयमै सम्पन्न हुनुपर्छ ।

**शिवशंकर मुखर्जी, नेपालका लागि भारतीय राजदूत**

## सम्पादकीय

# सक्रिय हुनुपर्‍यो

मुलुकलाई संविधानसभामार्फत सबै किसिमका राजनैतिक, आर्थिक तथा सामाजिक यथास्थितिबाट नयाँ युगमा प्रवेश गराउने सर्तमा बाँधिएका सबै राजनैतिक दल नेपाली जनतासँगसँगै अहिले संविधानसभाको पूर्वसन्ध्यामा उभिएका छन्। यद्यपि संविधानसभाप्रति प्रतिबद्ध भए पनि राजनैतिक दलहरूमा संविधानसभाका लागि आवश्यक राजनैतिक सक्रियतालाई भने आमजनताले महसुस गर्न सकेका छैनन्। पहिले जेठमा गर्ने भनिएको संविधानसभा निर्वाचन अहिले असार हुँदै मंसिरसम्म तानिएको छ। पछिल्लो पटक संविधानसभाका लागि मंसिर ६ गतेको मिति तोकिए पनि त्यसअनुसार राजनैतिक दलहरू तातिन सकेका छैनन्। मुलुकमा संविधानसभाको निर्वाचन गराउने तयारीमा व्यस्त निर्वाचन आयोगले आफ्ना तर्फबाट सम्पूर्ण तयारी गरेर निर्वाचनसम्बन्धी कार्यतालिकासमेत सार्वजनिक गरिसक्दा पनि राजनैतिक दलहरूको प्रतिक्रियासमेत सार्वजनिक हुन नसक्नुलाई कतिपय विश्लेषक संविधानसभाको निर्वाचन मिति अझै पछि धकेलिने त होइन ? भन्ने सन्देहमा बस्न बाध्य छन्।

निश्चय पनि संविधानसभा निर्वाचनका लागि प्रमुख निर्वाचन आयुक्तले सार्वजनिक गरेका कुराहरू– संविधानसभा निर्वाचनका लागि आयोग रेफ्री मात्र हो, खेलाडीहरू त राजनैतिक दल नै हुन्, त्यसैले संविधानसभा निर्वाचनका लागि राजनैतिक दलहरू मैदानमा आउनुपर्छ, ले अहिले नेपालको राजनैतिक वृत्तमा विशेष चर्चा पाएको छ। आयोगले संविधानसभा निर्वाचनका लागि कार्यतालिका सार्वजनिक गरिसकेको अवस्थामा राजनैतिक दलहरूले जुन सक्रियता देखाउनुपर्ने हो त्यसका लागि ढिलो हुन थालिसकेको अनुभव गर्न सकिन्छ।

आजका मितिले ठीक ९० औं दिनमा हुनुपर्ने संविधानसभा निर्वाचन हामीले सोचेजस्तो सजिलो पनि छैन। संविधानसभा निर्वाचन भनेको मुलुकको सर्वोच्च कानुन निर्माणका लागि जनताको प्रत्यक्ष सहभागितामा हुने निर्वाचन हो। यसका लागि सबै मतदाताहरू निर्भयका साथ मतदान केन्द्रसम्म पुग्ने वातावरण आवश्यक हुन्छ, तर अहिले मुलुकमा देखा परेको अनेक किसिमका जातीय तथा वर्गीय समस्याहरूलगायत राजनैतिक दलहरूमा देखिएका आन्तरिक कलहका कारण कतिपय राजनैतिक दलहरू संविधानसभामा जान हच्किएको समाचार सार्वजनिक भैरहेको छ। यस्तो स्थितिमा राजनैतिक दलहरूको सक्रियताका लागि निर्वाचन आयोगले अपिल गर्नु भनेको एक किसिमको राजनैतिक विडम्बना हो। यस्तो विडम्बनाको अन्त्य जतिसक्दो चाँडो हुनुपर्छ। अन्यथा संविधानसभाको निर्वाचन तिथि अझै कतिपटक पर धकेलिने हो स्वयं जिम्मेवार राजनैतिक दलहरू पनि भन्न सक्ने अवस्थामा रहनेछैनन्।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### काठमाडौंको फोहरमैला र राजनीति

कुनै विषम परिस्थितिमा बाहेक काठमाडौं उपत्यकाका सडक, विभिन्न सार्वजनिक स्थल एवं विशेष गरेर भित्री गल्लीहरूमा थुप्रिने फोहरमैलाको मात्रामा कमी आएको जोसुकैले महसुस गर्न सक्छन्। किन यस्तो भएको होला ? नगरपालिकाहरूले साँच्चै राम्रोसँग काम गर्न थालेका हुन् ? धेरैको सोच त्यतातर्फ जानु स्वाभाविक हो, तर यथार्थ अर्कै छ। नगरपालिकाले फोहरलाई सडकबाट मात्र उठाउँछ घरभित्रबाट होइन। २०४६ को जनआन्दोलनपश्चात् हरेक क्षेत्रमा संस्था र कम्पनीहरूको प्रभावकारिता यसरी बढ्दै गयो कि फोहर सडकमा फालेपछि उठाउने वस्तु होइन, घरभित्रबाटै व्यवस्थापन गर्नुपर्ने हो भन्ने सन्देश दिँदै यी निकायहरूले घर कम्पाउन्डभित्रैबाट फोहर उठाउन थाले। अहिले काठमाडौं उपत्यकाको समग्र फोहरमैलामध्ये ४० प्रतिशत र घरबाट उठ्ने फोहरमैलामध्ये ६९ प्रतिशत यिनै संघ-संस्था एवं कम्पनीहरूले व्यवस्थापन गर्दैछन्।

काठमाडौं महानगरपालिकाको मात्र कुरा गर्ने हो भने यिनै निकायका कारण वार्षिक १२ करोड रुपैयाँबराबरको बजेट बचत हुन थालेको अनुमान गर्न सकिन्छ। यसको सीधा प्रमाण के छ भने महानगरपलिकाले वार्षिक ३१ करोड रुपैयाँ मात्र फोहोरमैला व्यवस्थापनमा खर्च गरिरहेको छ। त्यति मात्र होइन, निजी क्षेत्रका कारण वार्षिक २ करोड बचत हुन्छ भन्ने महानगरपालिकाको तथ्यांकसमेत सार्वजनिक भैसकेको छ। गैरसरकारी संघ-संस्थाहरूले सार्वजनिक जग्गामा वृक्षारोपण गरी हरियाली बढाएका छन्, कम्पोस्ट निर्माण एवं जैविक खेतीको विकास गरिरहेका छन्, तालिम दिई सचेतना अभिवृद्धि गर्दैछन् भने चेतनामूलक विविध सार्वजनिक सर-सफाइ कार्यक्रम सञ्चालन गरी सामाजिक हितमा लागिपरेका छन्। यी निकायहरूका बारेमा सरकारले कुनै प्रस्ट नीति बनाएको छैन, न त यिनले कुनै सरकारी बजेट नै प्रयोग गरेका छन्।

बेला-बेलामा काठमाडौंको फोहरमैला व्यवस्थापनको कार्य अवरुद्ध हुन्छ। घर-घर र सडकमा फोहरको मात्रा बढ्न गै दुर्गन्धले अस्तव्यस्तता छाउँछ। रोगव्याधि सिर्जना भै जनस्वास्थ्यमा ठूलो खतरा आउन सक्ने सम्भावना पनि बढेर जान्छ। यसको कारण आमनागरिकलाई थाहा नहुन सक्छ।

स्वच्छ मानसिकता लिएर काम गर्ने हो भने यहाँ नगरपालिकाको न त वार्षिक ३१ करोड रुपैयाँ खर्च हुन्छ, न त नगरवासीले फोहरको मार नै खेप्नुपर्छ। यहाँ सडकमा जति फोहर थुप्रिन्छ त्यति नै केही सीमित मानिसको व्यक्तिगत आर्थिक सुधार हुन्छ। फोहरको थुप्रोमाथिको राजनीति अन्त्य हुने छाँटकाँट पनि देखिएको छैन। व्यापक राजनीति त अब सुरु भएझैं छ। निजी कम्पनी तथा संघ-संस्थाहरूलाई ट्रान्सफर स्टेसनमा फोहर खन्याउन रोक लगाइएको छ। घरघरबाट उठाएर व्यवस्थित गरिनुपर्ने फोहर सडकमा फ्याँक्न थालिएको छ।

फोहरमैलामा ठेकेदारी प्रथा हटाई नगरपालिका आफैंले काम गर्ने कुरा पनि सुनिएको छ। जसलाई एक रुपैयाँ पनि दिइएको छैन ती कसरी ठेकेदार भए ? जसले गैरसरकारी संस्थाका रूपमा दर्ता भै सरकारलाई सघाइरहेका छन् ती कसरी नगरपालिकाका लागि भारी भए ? यहाँ आफ्नै खर्चमा संघ-संस्थाहरूले सार्वजनिक ठाउँको फोहर उठाएका छन्। खाली रहेको सरकारी जग्गामा बिरुवा रोपी हरियाली बढाउँदै छन्। जैविक फोहरको केही अंश भए पनि कम्पोस्ट बनाई जैविक खेतीतर्फ उन्मुख हुँदैछन्। सेवा पुर्‍याई जनताले दिएको सानोतिनो सहयोग रकम जम्मा गरी फोहर व्यवस्थापन गर्दै करोडौं रुपैयाँ बराबरको सरकारी राजस्व बचत गराएका छन्। अब यी निकाय कसरी अपराधीझैं भए र रोक लगाइने प्रयास गरिँदैछ यिनीहरूका गतिमा ?

स्थानीय विकासमन्त्रीले पनि गहिरिएर सोच्ने तथा अध्ययन गर्ने बेला आएको छ– निजी क्षेत्रमा को कसरी काम गर्दैछन् र यिनीहरूको के भूमिका छ ? सरोकारवाला सबैले एक पटक नियालेर फोहरमैलाको मामिलालाई राष्ट्रिय विषय बनाई यसभित्र भएको भ्रष्टाचार, कु-कृत्य एवं फोहरी राजनीतिको अन्त्य गर्न एकजुट हुनका लागि ढिला भैसकेको छ।

निजी क्षेत्रलाई साझेदारका रूपमा लिएर अघि बढे मात्र सरकारले चौतर्फी विकास गर्न सम्भव छ भन्ने कुरा प्रमाणित भैसकेको यो युगमा फोहरमैलाको विषयलाई अर्कातर्फ मोड्नु दुर्भाग्य हो। सारा नगरवासीले के कुरा बुझ्नुपर्छ भने टोलबस्तीमा नियमित थुप्रिने फोहरको मात्रामा न्यूनीकरण हुनमा यिनै संघ-संस्थाको ठूलो भूमिका छ। अब साँच्चै निजी क्षेत्र र संघ-संस्थालाई फोहर खन्याउने ठाउँमा प्रतिबन्ध लगाउने हो भने लाखौं मानिसले सडक, गल्ली, खोलाकिनार, चोक, चौर आदिजस्ता सार्वजनिक ठाउँमा फोहर फ्याँक्न थाल्नेछन् र काठमाडौं गन्धपुरी नगरी बन्नेछ। त्यसपछि अवस्थाले कस्तो रूप लिनेछ, त्यो त भन्न सकिन्न, तर फोहरमैलामा कार्यरत संघ-संस्था एवं कम्पनीहरूका सफाइ कर्मचारी एवं फोहरपीडित तमाम नागरिकले संयुक्त स्वर अवश्यै उजागर गर्नेछन्।

**– लक्ष्मीप्रसाद घिमिरे**
सदस्य, नेपाल जापान गैरसरकारी संस्था सञ्जाल, काठमाडौं
*laxmi_baikunthe@yahoo.com*

## तीतो सत्य

- जिन्दगी भोगाइमा निहित रहन्छ, सुखसयल मात्र जीवन होइन।

- यदि तिमी गरिब नै हौ भने पनि मानसिक रूपमा सम्पन्नताको अनुभव गर।

**कृष्णजी थापा, भक्तपुर**

- जहाँ कर्मको मर्यादा हुँदैन त्यहाँ तनाव र विध्वंशको ज्वाला उठ्छ। जहाँ मानवता र समानतामा विभेद हुँदैन त्यहाँ आफैं शान्ति हुन्छ।

- मानिस भएपछि संघर्ष गर।

- हरेक कामको अर्थ आफैंमा नराम्रो हुँदैन तर त्यो व्यक्तिको विचार र सिद्धान्तअनुरूप फरक वा नराम्रो हुन सक्छ।

**ज्योति सुब्बा, विराटनगर**

- कुनै मानिसले तिमीलाई ढुंगाले हान्छ भने त्यसलाई फूलले स्वागत गर।

- जो आफू राम्रो भएकोमा घमन्ड गर्छ उसलाई अरूले त्यति नै नराम्रो सोचेका हुन्छन्।

- कुनै काम गर्दा गल्ती हुनुभन्दा पहिले तीन पटक सोचौं।

**विवश, कमलपोखरी**

- आफूले गर्न नसक्ने कुराको आशा अरुलाई नदेखाऊ।

**सुनिता तिमिल्सिना, रुपन्देही**

- कुरा नबुझ्नेसँग सुख-दुःख केही नबाँड, किनकि तिम्रो संवेदनशील कुरा पनि उसका लागि मनोरञ्जन हुनेछ।

**विमला राई**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## मुखाले

क्रान्तिकारी नामको विद्यार्थी संगठन हिजोको जंगली शैलीको नयाँ रूप हो।

**प्रदीप पौडेल, नेपाल विद्यार्थी संघ**

समानुपातिक निर्वाचन प्रणालीले नेतालाई निरंकुश बनाउँछ।

**शेरबहादुर देउवा**
**सभापति, नेका प्रजातान्त्रिक**

अहिलेकै सुरक्षास्थितिमा पनि निर्वाचन सम्भव छ।

**बी. लिन**
**उपमहासचिव, संयुक्त राष्ट्रसंघ**

नेपालमा जति पनि नवधनाढ्य छन्, ती सबै कम्युनिस्ट पार्टीमा लागेर धनी भएका हुन्।

**उपेन्द्र यादव**
**अध्यक्ष, मधेसी जनअधिकार फोरम**

भीसा लागे सबै अमेरिका लाग्छन्। उनीहरूले राष्ट्रियताको कुरा गर्न सुहाउँदैन।

**रामकुमार चौधरी**
**सांसद, नेपाली कांग्रेस**

माओवादीद्वारा हुने छिटपुट आक्रमणलाई महत्त्व दिने पक्षमा म छैन।

**कृष्णप्रसाद सिटौला, गृहमन्त्री**

हामी आठ दलभन्दा अग्रगामी भएर संविधानसभाको निर्वाचनमा जाँदैछौं।

**पशुपतिशमशेर राणा**
**अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**

नेपाली कांग्रेस आठ दलको एकाइ होइन, यो एउटा स्वतन्त्र पार्टी हो।

**अर्जुननरसिंह केसी**
**नेता, नेपाली कांग्रेस**

सरकारसँग वार्ताको औचित्य समाप्त भैसक्यो।

**किशोर विश्वास**
**उपाध्यक्ष, मधेसी जनअधिकार फोरम**

म हेन्डसम ब्यायफ्रेन्ड खोज्दैछु, तर अहिलेसम्म भेटेकी छैन।

**तेलुजा खतिवडा, नायिका**

## नीति-नियम

विद्या, वीरता, चतुरता, बल एवं धैर्यता यी पाँच चीज सहज मित्र मानिन्छन्। किनकि पण्डितहरू यिनै वस्तुको सहाराबाट आफ्नो जीविका चलाउँछन्।

आमाबाबुको आज्ञाकारी, नाम चलाउन सक्ने पुत्रलाई सार्थक पुत्र भन्छन्। यस्तो एउटै सुपुत्र भए पुग्छ। सय जना कुपुत्र हुनुभन्दा एउटै सुपुत्र श्रेष्ठ हुन्छ। एउटै सुपुत्रबाट राम्रो हुन्छ, भलो हुन्छ।

स्वभावैले यी मानिसका शत्रु हुन्- हिंसा गर्ने, दुराचारी, ऋण बोकाउने बाबु, काका र काकाको छोरा, व्यभिचारिणी आमा, काकी र बुहारी।

सासू-बुहारी, सौता-सौता, नन्द-भाउजु, देवरानी-जेठानी यी सबै निकटतम भए पनि परस्परका शत्रु नै हुन्।

मूर्ख छोरा, दुष्ट चिकित्सक, रक्षा गर्न नसक्ने लोग्ने, अत्यन्त रिस गर्ने राजनीतिज्ञ, धनवान् भएर पनि कन्जुस आदि पनि शत्रु नै हुन।दुष्टका लागि सज्जन, कुलटाका लागि पतिव्रता, दुर्जनका लागि सज्जन र मूर्खका लागि उपदेश दिने व्यक्ति पनि शत्रु नै हुन्छन्।

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा



### हुने बिरुवा

वर्षौंअघि काठमाडौंको मञ्चमा एकल कार्यक्रम गर्दा अहि[illegible] गायक रामकृष्ण ढकाल पनि फुच्चे नै थिए। हालै काठमाडौं[illegible] बानेश्वरस्थित गुरुकुलको मञ्चमा अर्को एक फुच्चे गायकले [illegible] ढकालले आफ्नो गायन क्षमताबाट जसरी दर्शकहरूलाई औंला टोक[illegible] पारेका थिए, त्यही शैलीमा अचम्भित तुल्याए। दर्शकहरू उनको गायक[illegible] प्रभावित त भए नै, त्योभन्दा बढी उनको संगीतप्रतिको समर्पण[illegible] आत्मविश्वासको मुक्तकण्ठले प्रशंसा गरिरहे। मात्र १३ वर्षका यी गा[illegible] सुशान्त अधिकारी जन्मिएलगत्तै बिरामी भएर दस दिन अस्पताल [illegible] गर्दा उनकी आमा सरिता अधिकारीले छोराले एकल गायन प्रस्[illegible] गरेको सपना देखेकी थिइन्। अहिले यति चाँडै उनको त्यो सपना [illegible] भयो। हुने बिरुवाको चिल्लो पात भनेझैं यी गायकले ६ वर्ष[illegible] उमेरदेखि संगीतको शिक्षा लिन थालेका हुन्। कक्षा आठमा पढ्दाप[illegible] उनले प्रयाग संगीत समिति, इलाहाबादको कोर्सअनुसार तेस्रो वर्ष[illegible] अध्ययन थालिसकेका छन्। उनले विभिन्न प्रतियोगिता त[illegible] समारोहहरूमा पनि आफ्नो कला देखाइसकेका छन्। उनको पहिल[illegible] एल्बम 'बालगीतको सँगालो' शिक्षा विभागले उत्पादन एवं वितरण गर्दैछ। हेरौं, अर्को रामकृष्णको पो जन्म भयो कि ?



### सुनीला

### साइबर गर्ल

[illegible]फेसनप्रति बदलिँदो सामाजिक [illegible]कोण एवं चेतनाले फेसनको [illegible]ोकप्रियता ह्वात्तै बढेको सुनीला बताउँछिन्। यी २० वर्षीया युवतीले ब्युटी पार्लरमा सौन्दर्य तालिम लिन थालेको आठ महिना भैसकेको छ। www.clickdharan.com का [illegible]म्त वीरेन सुब्बासँग फोटो [illegible]राएकी सुनीला भन्छिन्- 'हेयर [illegible]ट तथा मेकअप आर्टिस्ट बन्न [illegible]। 'पूर्वशिक्षककी यी छोरी [illegible]सार तथा थोरै भए पनि [illegible]यिकताको प्रवेशले नेपाली [illegible]मा करियरको सम्भावना रहेको [illegible]छन्। पहिलेभन्दा धेरै अवसर [illegible] भन्छिन्- 'अफर आए म्युजिक [illegible]मा खेल्नेछु।' ५ फिट ५ इन्च सुनीलाको शारीरिक बनावट [illegible]२४X३४ छ। सुनीला थ्रीलर [illegible]हरर चलचित्र भनेपछि हुरुक्कै [illegible]छन्। टेलिभिजनमा नेपाली पप [illegible] तथा हिन्दी सिरियललाई उनी [illegible]न कटाउने आधार मान्छिन्। [illegible]विवाहका बारेमा त सोचेकै छैन,' -उनले हाँस्दै भनिन्।

**–राजु घिसिङ**

## हट हेडलाइन

### हिरासतमा ज्वाइँ

नाताले राजा ज्ञानेन्द्रका ज्वाइँ पर्ने दिवाकर चन्दलाई ठगीको आरोपमा प्रहरीले पक्राउ गरेको समाचार नयाँ पत्रिका दैनिकले साउन ३२ गते प्रकाशित गरेको छ। समाचारअनुसार दिवाकर चन्दलाई महेन्द्रनगरमा ग्लोबल एजुकेसन फाउन्डेसन नामक मेडिकल कलेज सञ्चालन गर्ने नाममा भारतीय नागरिक नीलमकुमारीलाई ठगी गरेको उजुरीका आधारमा प्रहरीले पक्राउ गरेको हो। दिवाकर चन्द राजा महेन्द्रकी जेठी बहिनी रमा भारतीकी छोरी रजनीका पति हुन्।

### परशुनारायणको बिहे

विगतमा राजालाई सत्ता हत्याउन उक्साउने तत्कालीन राजपरिषद् स्थायी समितिका सभापति परशुनारायण चौधरीले ८१ वर्षको उमेरमा विवाह गरेको समाचार नयाँ पत्रिका दैनिकले भदौ २ गते प्रकाशित गरेको छ। समाचारअनुसार चौधरीले आफूभन्दा आधा उमेरकी काठमाडौं कलंकीमा बसोबास गर्ने ४० वर्षीया मुना खत्री (खनाल) सँग विवाह गरेका हुन्। आफ्नो यो विवाहलाई गोप्य राख्दै आएका चौधरी अहिले अमेरिकामा रहेको खुलासा पनि उक्त पत्रिकाले गरेको छ।

### माओवादीमा प्रवक्ताको विवाद

नेपाल कम्युनिस्ट पार्टी माओवादीभित्र पार्टीको प्रवक्ता को बन्ने भन्ने विषयमा विवाद उत्पन्न भएको समाचार देशान्तर साप्ताहिकले प्रकाशित गरेको छ। भदौ २ गते प्रकाशित समाचारअनुसार पार्टी प्रवक्तामा प्रचण्ड पक्षधरले वर्षमान पुन 'अनन्त' को नाम प्रस्ताव गरे पनि मोहन वैद्य 'किरण' पक्षधरले नेत्रविक्रम चन्द 'विप्लव' लाई प्रवक्ता बनाउनुपर्ने अडान लिएको बताइन्छ। यो प्रकरणमा माओवादीहरू प्रचण्ड-डा.भट्टराई र किरण-बादल समूहमा विभाजित भएको दावी उक्त साप्ताहिकको छ।

### माओवादीका करोडपति नेताहरू

आफूलाई सर्वहारा वर्गको पार्टीका रूपमा परिभाषित गर्दै आएको नेकपा (माओवादी) का एक दर्जनभन्दा बढी नेता करोडपति भएको समाचार दृष्टि साप्ताहिकले सार्वजनिक गरेको छ। भदौ ४ गते मंगलबारको अंकमा मुख्य समाचारका रूपमा प्रस्तुत उक्त समाचारअनुसार नेकपा माओवादीका अध्यक्ष प्रचण्डदेखि लिएर बाबुराम भट्टराई, मोहन वैद्य, सीपी गजुरेल, हरिबोल गजुरेल, हितमान शाक्य, राम कार्की, वर्षमान पुन (अनन्त), रामबहादुर थापा (बादल), अग्नि सापकोटा, हेमन्तप्रसाद ओली, नारायणप्रसाद शर्मा, फम्फा भुसाल, लेखराज भट्ट आदि वरिष्ठ नेताहरूको सम्पत्ति करोडौंमा छ। नेताहरूसँग करौडोको सम्पत्ति भए पनि नेकपा माओवादी स्वयमचाहिँ जिल्लादेखि केन्द्रसम्म ऋणमा चुर्लुम्म डुबेको कुरा उक्त समाचारमा उल्लेख छ।

### सरकारले तान्यो राजाका दरबार

राजाको सम्पत्ति राष्ट्रियकरण गर्ने निर्णयलगतै सरकारले काठमाडौं उपत्यका र उपत्यकाबाहिर राजाका नाममा रहेका केही दरबारलाई सरकारको नाममा नामसारी गरिने भएको छ। भदौ ५ गते बुधबारको 'जनआस्था' साप्ताहिकले उल्लेख गरेअनुसार यसरी नामसारी गरिने दरबारहरूमा हनुमानढोका दरबार, लमजुङ दरबार, गोरखा दरबार, भक्तपुर दरबार, नुवाकोट दरबार, ललितपुर दरबार छन्। यसबाहेक दरबारको नाममा रहेको राष्ट्रिय निकुञ्जहरू, चितवनको दियालो बंगला, सुर्खेत दरबार, धनकुटा दरबार, हेटौंडा दरबार र नागार्जुन दरबार राष्ट्रियकरण प्रक्रियामा केही ढिलाइ हुने कुरासमेत मन्त्रिपरिषद्को गत सोमबार बसेको बैठकमा उल्लेख गरिएको छ। त्यसैगरी अहिले राजपरिवार बसोबास गर्दै आएको नारायणहिटी दरबार तत्कालीन राजा महेन्द्रले तत्कालिन श्री ५ को सरकारलाई बिक्री गरिसकेको देखिएकाले उक्त दरबारको नामसारी भने नगरिने भएको छ।

### जातको राज्यमा अर्कै जातका नेता

मुलुकको राजनैतिक नक्सा क्षेत्रीय तथा जातीय आधारमा खिच्ने नेकपा माओवादीले आफूले निर्धारण गरेका प्रान्तमा गैरजातीय एवं गैरक्षेत्रीय व्यक्तिहरूलाई कमाण्ड सम्हाल्न दिएर सबैलाई चकित पारेको समाचार भदौ ५ गते बुधबारको साप्ताहिक घटना र विचारले प्रकाशित गरेको छ। समाचारअनुसार अहिले आफ्नो क्षेत्रको नेता बन्ने सुविधा मातृका यादव र गोपाल किराँतीबाहेक अरू कसैले पाएका छैनन्। समाचारअनुसार मगरहरूको मंगरात राज्यको नेतृत्व हेमन्त प्रकाश ओलीलाई, गुरुङहरूको तमुवान राज्यको नेतृत्व हितराज पाण्डेलाई, तामाङहरूको ताम्बासालिङ राज्यको नेतृत्व अग्नि सापकोटालाई तथा काठमाडौं उपत्यका समेटिएको नेवाः राज्य समितिको नेतृत्व बाग्लुङका हितमात शाक्यलाई जिम्मा दिइएको छ। त्यसैगरी भोजपुरी भाषीहरूको भोजपुर राज्यको जिम्मेवारी हरिभक्त कँडेललाई र अवधि भाषीहरूको अवध राज्यको जिम्मेवारी देवेन्द्र पौडेललाई, लिम्बूहरूको राज्य लिम्बूवानको जिम्मेवारी राम कार्कीलाई, पूर्वी तराईको कोचिला राज्यको जिम्मेवारी हरिभक्त गजुरेललाई तथा सेती महाकाली राज्यको जिम्मेवारी कुलप्रसाद केसीलाई दिइएको छ। यसैगरी थारुवान राज्यको जिम्मेवारी शक्ति बस्नेतलाई र भेरी कर्णाली राज्यको जिम्मेवारी खड्गबहादुर विश्वकर्मालाई दिइनुले पनि माओवादीहरूको जातीय स्वायत्तताको स्वाङको पोल खुलेको समाचारमा उल्लेख छ।

### दोहोरी रेष्टुराँमा वाईसीएल सचिव

मुलुकमा समानान्तर सरकार चलाउन खोजेको संयुक्त राष्ट्रिय संघीय मानवअधिकार आयोगको प्रतिवेदन सार्वजनिक भैरहँदा वाईसीएलका क्षेत्रीय सचिवहरू ललितपुरको पुल्चोकस्थित रात्रि मनोरञ्जनको केन्द्र मानिएको लुम्बिनी रोधी क्लबबाट हतियारसहित पक्राउ परेको समाचार 'कान्तिपुर' दैनिकले प्रकाशित गरेको छ। समाचारअनुसार पक्राउ पर्ने भीमसेन घिमिरे र प्रकाश लामिछाने क्रमशः ललितपुर र धादिङका वाईसीएलका क्षेत्रीय सचिव हुन्।

## मेरो विचार

### संविधानसभाप्रति हाम्रो दायित्व

नेपाली जनताको बलिदानीपूर्ण संघर्षले लोकतन्त्र स्थापना भएपछि शोषित-पीडित नेपाली जनताले वर्षौंदेखि दबिएर बसेका सयौं समस्या समाधान हुने अपेक्षा गर्दै सयौं माग लिएर दिनहुँ दबावमूलक कार्यक्रम अघि सारिरहेका छन्। कतिपय असन्तुष्ट पक्षको माग आफैंमा नराम्रो छैन। यद्यपि प्रतिगामी एवं यथास्थितिवादी तत्वहरू संविधानसभाको चुनाव बिथोल्न, देशलाई बिखण्डित तुल्याउन तथा साम्प्रदायिक द्वन्द्व सिर्जना गर्न लागिपरेका छन्।

असन्तुष्ट पक्ष एवं प्रतिगामी तत्वको उक्साहटमा हुने कतिपय कार्यक्रम नै संविधानसभा निर्वाचनका प्रमुख बाधक हुन्। देशको अखण्डता, स्वाभिमान र अन्तर्जातीय मेलमिलापको संरक्षण गर्दै सरकारले असन्तुष्ट पक्षहरूको माग वार्ताको माध्यमबाट पूरा गर्नुपर्छ। प्रतिगामी तत्वहरूको गतिविधि तत्काल रोक्न सरकार र आमनेपाली नागरिक एक भएर कठोरताका साथ प्रस्तुत हुनुपर्छ। यसका लागि आठ दलको एकता महत्त्वपूर्ण रहन्छ। संविधानसभालाई सफल बनाउन सरकारको जति दायित्व छ त्यति नै नागरिकहरुको पनि छ।

नागरिकहरू आफू वा आफ्नो समूहले उठाएको यस्तो मागले राष्ट्रिय एकता, स्वाभिमान, लोकतन्त्र एवं आपसी मेलमिलापलाई संरक्षण गर्नुपर्ने कुरामा सचेत हुनुपर्छ। यसबाहेक संविधानसभाको अर्थ, महत्त्व, प्रक्रिया आदिका बारेमा आफ्ना घर-परिवार एवं समुदायलाई सचेत गराउनु हरेक सचेत नागरिकको कर्तव्य हो भने भयरहित वातावरण सिर्जना गर्नु तथा आमनागरिकको धनजनको सुरक्षाको पूर्ण प्रत्याभूति दिनु सरकारको प्रमुख दायित्व हो। यसका साथै निर्वाचन आयोगलाई समयमै आवश्यक कर्मचारी तथा आवश्यक सामग्री उपलब्ध गराउनु र निर्वाचनपूर्व गाउँगाउँमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पनि सरकारकै दायित्व हो। यसरी हरेक व्यक्ति, समूह एवं सरकारले आ-आफ्नो दायित्वबोध गरे संविधानसभा निर्वाचन सफल हुन सक्छ।

**–वागमान कुलुङ, सोलुखुम्बु**

**तपाईको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा-अड्चनहरू के-के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## हाम्रो नेपालमा

### बाढीले धनी भए राजमान



दुई वर्षअघि १४ वाख्रा र २ बाच्छा किनेका राजमान यी सबै चौपाया बाढीले बगाएपछि बिलौना गर्दै थिए। त्यति मात्र होइन, बाढीकै कारण घरमै पालेको एउटा भैंसी बेपत्ता भएपछि उनको आम्दानी सुक्यो तर भाग्यमा भएपछि दैवले पनि विगार्न सक्दैन भन्ने उखान राजमानमा लागू भयो। उनले अरूले कर गरेर एक वर्षअघि पशु बिमा गरेका थिए। पशु बिमा गर्दा उनले जम्मा ९ सय तिरेका थिए। गाउँमा अरूलाई पनि पशु बिमा गर्न आग्रह गरिएको थियो, अरूले सित्तैमा पैसा किन फाल्ने भनेर त्यो प्रस्ताव अस्वीकार गरेका थिए। पशु बिमा बापत उनले सबै चौपायाको १ लाख ९४ हजार रुपैयाँ पाउने भएका छन्। बाढीले पुरानो घर भत्काएकाले सरकारले थप ५० हजार सहयोग रकम दिने भएपछि उनको हातमा एकाएक लाखौं रुपैयाँ आएको हो। सप्तरीको बन्द्राहामा बसोवास गर्ने राजमानले अहिलेसम्म एकैपटक १० हजारभन्दा बढी रकम नदेखेको बताएका छन्।

### पाँच वर्षमै जेल

हामी कसैलाई पनि अचम्म लाग्न सक्छ कि पाँच वर्षकी बालिका जेलमा छिन्, तर धनकुटा जिल्लाको जिल्ला कारागारमा पाँच वर्षकी लतिका शेर्पा गत जेठदेखि जेलमा छिन्। भोजपुर जिल्ला वोखिम गाविस-७ घर भै धनकुटा पाखिवासमा



बसोबास गर्दै आएकी २४ वर्षीया उनकी आमा मीना शेर्पा आफ्नै श्रीमान्लाई मारेको आरोपमा जेलमा परेपछि पाँच वर्षीया लतिका पनि आमासँगै जेलमा छिन्। संरक्षण र हेरचाह गर्ने आफन्त नभएका कारण उनले जेलमा आमासँगै बस्नुपरेको हो। स्कुल जाने उमेरमा जेलमा बस्नुपरेपछि विभिन्न संघ-संस्थाले उनलाई पढाउन र पालनपोषण गर्ने तत्परता देखाए पनि उनकी आमाको नागरिकता नभएका कारण उनलाई कुनै पनि संघ-संस्थाले लान सकिरहेका छैनन्।

**भिषा काफ्ले**

### २५ वर्षपछि जेलमा

कुनै व्यक्तिले कुनै अपराधमा सजाय पाएको २५ वर्षपछि जेलमा बस्नुपरेको कतै सुन्नु भएको छ ? सुन्नुभएको छैन भने यो समाचार यो समाचार राम्रोसँग पढ्नुहोस्। २५ वर्षअघि कुटपिट तथा अंगभंगको मुद्दामा भोजपुर जिल्ला अदालतबाट विक्रम संवत् २०३९ असार २४ गते २ वर्षको कैद सजाय पाएका भोजपुर जिल्लाको रानीबास गाविस हर्का गाउँका गडुल विश्वकर्मालाई प्रहरीले गत साता मात्रै पक्राउ गर्न सकेको छ। पक्राउ परेपछि विश्वकर्मालाई उनले गरेको अपराधबापत जेल चलान गरिएको कुरा जिल्ला प्रहरी कार्यालय, भोजपुरले जनाएको छ।

### ज्यान जाने पिरती

लोग्ने-स्वास्नीको माया अचम्मैको हुन्छ। विवाहको जग्गेमा सबै किसिमका सामाजिक सुरक्षा दिने वाचाका साथ विवाह गरेकी स्वास्नीलाई लोग्नेले कुनै पनि अवस्थामा सुरक्षा दिनुपर्ने हुन्छ। यसरी आफ्नी श्रीमतीलाई सुरक्षा दिने क्रममा रूपन्देही जिल्ला कमहरिया गाविसको सिमरीमा बस्ने इन्द्रजित मल्लाहले आफ्नो ज्यान गुमाउनुपरेको छ। घटनाक्रम अनुसार सोही गाउँ बस्ने रामनयन भरले आफ्नी श्रीमतीसँग जबरजस्ती करणी गर्न खोज्दा इन्द्रजित मल्लाहले रामनयनको प्रतिकार गरे। आफ्नो योजनामा खलल पुऱ्याउन आएका मल्लाहको रामनयनले तत्कालै हत्या गरे। जिल्ला प्रहरी कार्यालय रूपन्देहीका अनुसार रामनयनले मल्लाहको हत्यापछि हातखुट्टा बाँधेर नजिकैको खोलामा फ्याँकिदिएका थिए।

### र, अन्त्यमा

बेलुनमा मुख वा पम्पले हावा भर्नु सामान्य नै हो तर सप्तरीका एक व्यक्ति कानबाट बेलुनमा हावा भर्न सक्छन्। त्यो पनि दस सेकेन्डमै। राजविराजका ३१ वर्षीय युवक दुगड एक मिनेटमा छवटाभन्दा बढी बेलुनमा हावा भर्न सक्छन्। यसका लागि उनले एक वर्षदेखि प्रयास गर्दै आएका थिए। नाक थुनेर नाकमा आएको हावा कानमा पठाउने उनको कार्य आश्चर्यजनक मात्र होइन, प्रशंसायोग्य पनि छ।

### विद्यार्थी नपिट्ने प्रतिबद्धता

पोखरा, लामाचौर स्रोत केन्द्रअन्तर्गत विभिन्न विद्यालयका शिक्षकहरूले आफ्ना विद्यार्थीहरूलाई नपिटी पढाउने प्रतिबद्धता व्यक्त गरेका छन्। लामाचौर स्रोत केन्द्रको आयोजना तथा ग्लोबल एक्सन नेपालको सहयोगमा सञ्चालित पाँच दिने गैरहिंसा तथा तनाव व्यवस्थापन तालिम लिएका शिक्षकहरूले विगतमा आफूहरूले विद्यार्थीलाई पिट्ने गरेकामा पश्चात्तापसमेत व्यक्त गरेका थिए।

'पहिले अलि-अलि पिटिन्थ्यो,' अर्मलाकी शिक्षिका ताराकुमारी भट्टराईले भनिन्- 'भनेको नमान्नेहरूलाई पनि वचनले सुधार्नुपर्छ भन्ने ज्ञान आएको छ।' विद्यालयमा हुने हिंसा कम गर्न तालिमको आयोजना गरिएको ग्लोबल एक्सनका कार्यक्रम संयोजक भावना सुवेदीले बताइन्। २७ वर्षसम्म शिक्षण पेसामा लागेका स्रोत केन्द्रका स्रोत व्यक्ति लेखानथ लामिछानेले विगतमा आफूले विद्यार्थीहरूलाई पिट्ने गरेकामा केही पश्चत्ताप भएको बताए। उनले भने– 'पिटेको त उनीहरूकै लागि हो, तर सम्झाएको भए हुने रहेछ भन्ने अनुभव भएको छ।' स्रोतकेन्द्र अन्तर्गतका २० वटा विद्यालयका २७ जना शिक्षकको सहभागिता रहेको तालिममा बच्चुराम बस्नेतले प्रशिक्षण दिएका थिए।

**–त्रिभुवन पौडेल**

## कान्तिपुर समाचार डायरी

### आर्थिक वृद्धिदर निराशाजनक

आर्थिक वर्ष २०६३/०६४ मा मुलुकको आर्थिक वृद्धिदर निराशाजनक भएको विज्ञहरूले औंल्याएका छन्। उक्त आर्थिक वर्षमा मुलुकको आर्थिक वृद्धिदर २ दशमलव ५ प्रतिशतमा सीमित रह्यो। अघिल्लो वर्ष मात्र यो वृद्धिदर २ दशमलव ८ प्रतिशत थियो। गत आर्थिक वर्षमा ३ सय १३ किलोमिटर सडक तथा ७ हजार ५ सय विद्यालय थप भएका कारण आउँदा वर्षहरूमा यसले सकारात्मक परिणाम ल्याउन सक्ने अनुमान विज्ञहरूले गरेका छन्। गत आर्थिक वर्षमा वैदेशिक व्यापार निराशाजनक भएको बताइएको छ। उक्त आर्थिक वर्षमा राजस्व असुलिमा वृद्धि हुने मात्र होइन, प्रतिव्यक्ति आम्दानी पनि बढेको छ।

### स्तनपानका कारण मातृदरमा कमी

नेपालमा बालमृत्युदरमा कमी आएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार सन् १९९० यता बालमृत्युदरमा कमी आउनुका कारणहरूमध्ये आमाले नियमित रूपमा शिशुलाई दूध ख्वाउनु रहेको जनाएको छ। संगठनका अनुसार आमाले नियमित दूध ख्वाएका कारण प्रत्येक वर्ष १२ हजार बालबालिकालाई बचाउन सकिएको छ। प्रत्येक वर्ष मर्ने १ सय बालबालिकामध्ये आमाको दूधका कारण ३५ जना बालबालिकालाई बचाउन सकिएको छ।

### कृषिमा आश्रित घटे

नेपालमा कृषिमा निर्भर जनताको सङ्ख्या निरन्तर घट्दै गएको छ। पहिले कृषिमा निर्भर जनताको सङ्ख्या ९० प्रतिशत थियो। खुला अर्थनीति, आर्थिक उदारीकरण एवं खुला परिवेशले नयाँ रोजगारीको अवस्था सिर्जना गरेपछि कृषिमा आश्रित जनताको सङ्ख्या घटेको हो। प्रत्येक वर्ष १ प्रतिशतका दरले कृषिमा आश्रित जनताको सङ्ख्या घट्दै गएको छ। अहिले यो संख्या ७५ प्रतिशतमा झरेको छ। कुल श्रमिकमध्ये ६६ प्रतिशत काम कृषिले दिँदै आएको जनाइएको छ। नेपालको कुल भूमिमध्ये ३९ प्रतिशत भू-भाग कृषि उत्पादनयोग्य छ। उक्त भूमिमध्ये ५२ प्रतिशत भूमिको मात्र पूर्ण सदुपयोग हुन सकेको छ।

### शरणार्थी किशोरकिशोरीको संख्या

नेपालमा शारणार्थीका रूपमा स्वीकार गरिएका १८ वर्षमुनिका किशोरकिशोरीको संख्या ४१ हजार छ। नेपालका बालबालिकाको स्थिति २०६३ नामक पुस्तकमा उल्लेख भएअनुसार ५ देखि १४ वर्षसम्मका करिब २६ लाख बालबालिका बालश्रमिकका रूपमा कार्यरत रहेको उल्लेख छ। तीमध्ये १० देखि १५ वर्षको उमेर समूहका बालबालिकाको संख्या दोब्बर छ। बालबालिकाको कुल जनसंख्याको ० दशमलव ५४ प्रतिशत बालबालिका बालश्रमिकका रूपमा कार्यरत छन्।

### औषधीको मूल्य कटौती

नेपालका औषधी उत्पादकहरूले २४ वटा औषधीका उपभोक्ता मूल्यमा ५ देखि ५० प्रतिशत कटौती गर्ने भएका छन्। यसरी मूल्य कटौतीहरूमध्ये औषधीहरूमा एन्टीबायोटिक्स, जुका तथा रक्तचाप आदि रोगमा प्रयोग हुने औषधी छन्। औषधीको कटौती गरिएको मूल्य आगामी भदौ १५ गतेपछि उत्पादन हुने औषधीहरूमा लागू हुनेछ। नेपालमा अहिले ४० औषधी उत्पादक कम्पनीले बर्सेनि ४ अर्ब रुपैयाँ बराबरको औषधी उत्पादन गर्ने गरेका छन्। कुल खपतको ४० प्रतिशत औषधी नेपालमै उत्पादन हुने गरेको छ।

### एक दशकमा काठमाडौंको जनसंख्या ४ गुणा

काठमाडौं उपत्यकाको जनसंख्या बितेको एक दशकमा ४ गुणाले बढेको तथ्यांक काठमाडौं उपत्यका नगर विकास समितिले सार्वजनिक गरेको छ। प्राप्त जानकारीअनुसार विक्रम संवत् २०५५ मा १० लाख मानिसको बसोबास रहेको काठमाडौं उपत्यकामा अहिले ४० लाख मानिस बसोबास गर्छन्। काठमाडौं उपत्यकाको बसोबासलाई व्यवस्थित गर्न अहिलेसम्म ११ वटा जग्गा विकास कार्यक्रम सम्पन्न भैसकेका छन् भने ३ वटा कार्यक्रम अन्तिम चरणमा छ। त्यसैगरी ७ वटा कार्यक्रम सञ्चालित छन् भने ३ वटा कार्यक्रम यसै आर्थिक वर्षदेखि सुरु हुने भएका छन्।

# मेडिकल प्राविधिकमा पर्याप्त रोजगारी

**डा. बालकृष्ण साह**

अवसरको कमी तथा आय-आर्जन गर्न गाह्रो हुँदै गएको आजको अवस्थामा व्यावसायिक शिक्षाको महत्त्व बढ्दै गएको छ। थोरै समयमा नै अध्ययन पूरा गरेर सजिलै रोजगार पाउन सकिने तथा स्वतन्त्र रूपले व्यवसाय सञ्चालन गर्न सकिने भएकाले व्यावसायिक शिक्षामा चाप बढेको हो। व्यावसायिक शिक्षाअन्तर्गत मेडिकल क्षेत्रमा पनि थुप्रै प्राविधिक विषय उपलब्ध छन्। जसको अध्ययनपश्चात् मध्यमस्तरको रोजगारी निश्चित छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) सानोठिमी, भक्तपुरले सञ्चालन गरिरहेको चिकित्सा क्षेत्रको प्रवीणता प्रमाणपत्र तहका विभिन्न कार्यक्रमलाई सरकारले शैक्षिक आधार-प्रदान गरेपछि यी विषय अध्ययन गर्न चाहने विद्यार्थीको संख्या अझ बढ्ने निश्चित छ।

शैक्षिक योग्यता कायम नहुने सिटिइभिटीको पाठ्यक्रमलाई पछिल्लो समयमा त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तह बराबरको मान्यता दिइएको छ। शिक्षाविदहरूका अनुसार पाठ्यक्रम एउटै भएकाले सिटिइभिटीको शिक्षाले बराबरीको मान्यता पाएको हो। त्यसैले अब मेडिकल प्राविधिक बन्न चाहने विद्यार्थीले चिकित्साशास्त्र अध्ययन संस्थानले सञ्चालन गरेका सीमित कलेजको मात्र मुख ताक्नुपर्ने अवस्था रहेन। सिटिइभिटीअन्तर्गत ३० वटा कलेजमा नर्सिङको अध्यापन हुन्छ। त्यस्तै २१ वटा कलेजमा डिप्लोमा इन फार्मेसी, १५ वटा कलेजमा स्वास्थ्य सहायक (एच.ए), २ वटा कलेजमा डेन्टल सहायक तथा एक कलेजमा ल्याब टेक्सिनिसियनको अध्यापन गराइन्छ। सिटिइभिटीबाहेक पनि चिकित्सा अध्ययन संस्थानअन्तर्गत केही सिटमा यी विषय अध्यापन गराइन्छ।

**डिप्लोमा इन फार्मेसी**

नेपाल सरकार औषधी व्यवस्था विभागले औषधी बिक्री-वितरण गर्न न्यूनतम योग्यता डिप्लोमा इन फार्मेसी गर्नुपर्ने प्रावधान राखेका कारण हाल यसको अध्ययनमा धेरैको रुचि छ। नोबेल एकेडेमी हेल्थ साइन्सअन्तर्गत फार्मेसी इन डिप्लोमाका कोअर्डिनेटर अर्जुन सुवेदी भन्छन्- 'तीन वर्षको फार्मेसी अध्ययनले विद्यार्थीलाई स्वतन्त्र रूपले व्यवसाय सञ्चालन गर्न मद्दत गर्छ, त्यस्तै रोजगारीको अवसर पनि त्यत्तिकै उपलब्ध गराउँछ, यसकारण यो पाठ्यक्रम प्रभावकारी देखिन्छ।' डिप्लोमा इन फार्मेसी अध्ययन गरेका विद्यार्थीले स्नातक तहमा पनि सोही विषयमा अध्ययन गर्ने अवसर पाउँछन्।

औषधी बिक्री-वितरणमा सोह्रदेखि तीस प्रतिशत सम्मको मुनाफा हुने भएकाले पनि प्रायः विद्यार्थीले यो कोर्सपश्चात् आफैं व्यापारसमेत गर्न सक्ने फार्मेसी कक्षा सञ्चालन गरिरहेको पिनाकल एकेडेमीका प्रिन्सिपल ऋषी तिवारी बताउँछन्। तिवारीका अनुसार व्यावसायिक शिक्षाअन्तर्गत पनि फार्मेसीमा धेरै अवसर छ। नोबल कलेजमा डिप्लोमा इन फार्मेसी अध्ययनरत लक्ष्मण पाण्डेले औषधी वितरणका लागि मात्र यो विषय अध्ययन गर्ने भन्ने कुरा गलत भएको बताए। पाण्डेका अनुसार फार्मेसी अध्ययन गरेर त्यसैमा विशिष्ट शिक्षा हासिल गर्ने अवसर पनि त्यत्तिकै छ।

काठमाडौं उपत्यकाभित्र १० वटा कलेजमा डिप्लोमा इन फार्मेसी अध्यापन हुन्छ। सिटिइभिटी-अन्तर्गतका सबै कलेजमा ४०-४० वटा सिट उपलब्ध छ। नेपाल स्कुल अफ हेल्थ साइन्स लैनचौर, कान्तिपुर कलेज अफ मेडिकल साइन्स सीतापाइला, पिनाकल टेक्निकल कलेज लगनखेल, अलनेपाल इन्टिस्च्युट अफ मेडिकल साइन्स जोरपाटी, नेपाल इन्टिस्च्युट फर हेल्थ साइन्स बौद्ध, नेसनल एकेडेमी फर हेल्थ साइन्थ बल्खु, नेसनल भिजन कलेज बानेश्वर, श्रद्धा नर्सिङ क्याम्पस ठिमी, नेसनल इन्टिस्च्युट अफ मेडिकल साइन्स एन्ड टेक्नोलोजी थापाथली तथा नोबेल एकेडेमी, सिनामंगल, काठमाडौं उपत्यकाभित्रका डिप्लोमा इन फार्मेसी अध्यापन गराइने कलेज हुन्। त्यस्तै उपत्यकाबाहिर महेन्द्रनगर (कञ्चनपुर), विराटनगर, बुटवल, पोखरा, चितवन, राजविराज, धरान आदि स्थानमा यसको अध्यापन गराइन्छ।

**स्वास्थ्य सहायक**

स्वास्थ्य सहायक निकै पुरानो पाठ्यक्रम हो। त्रिभुवन विश्वविद्यालयबाट यसको अध्यापन प्रारम्भ भए पनि हाल यो पाठ्यक्रम सिटिइभिटीअन्तर्गतका कलेजमा मात्र सीमित छ। चिकित्सकको संख्या कम हुनु र भएका चिकित्सकहरू पनि सहरी क्षेत्रमै सीमित रहेकाले स्वास्थ्य सहायकमा रोजगारीको अवस्था राम्रो मानिन्छ। खासगरी ग्रामीण क्षेत्रका 'डाक्टर' का रूपमा चिनिने स्वास्थ्य सहायकले सामान्य बिरामीको राम्रो उपचार गर्न सक्नुका साथै सामान्य चिरफार एवं प्रसूति सेवा पनि दिनसक्छ। यसबाहेक एम.बी.बी.एस. को अध्ययन गर्ने अवसर पनि पाउन सकिने भएकाले, स्वास्थ्य सहायकको अध्ययन सम्भावनायुक्त मानिन्छ।

स्वास्थ्य सहायक अध्ययनका लागि दर्ता भएका १५ वटा क्याम्पसमध्ये चारवटा क्याम्पस नेसनल एकेडेमी फर हेल्थ साइन्स बल्खु, नेपाल इन्स्टिच्युट अफ हेल्थ साइन्स बौद्ध, होली भिजन क्याम्पस बानेश्वर तथा नेपाल इन्स्टिच्युट अफ मेडिकल साइन्स एन्ड टेक्नोलोजी थापाथली, काठमाडौंमा छन्। हेल्थ असिस्टेन्ट अध्ययनका लागि स्कुल अफ हेल्थ साइन्स भरतपुर, चितवनमा ६२ वटा सिट छन् भने बाँकी अन्य सबै कलेजमा ४०-४० वटा सिट छुट्याइएको छ। स्वास्थ्य सहायक अध्यापनका लागि काठमाडौंबाहेक विराटनगर, धनगढी, महेन्द्रनगर, राजविराज, वीरगन्ज, बुटवल, पोखरा, नेपालगन्ज, जनकपुर तथा उर्लाबारीमा कलेज छन्।

**डेन्टल साइन्स**

डेन्टल साइन्सको अध्ययन काठमाडौंमा मात्र छ। ४० सिट भएको काठमाडौं मोडल अस्पताल तथा समाज स्कुल अफ डेन्टिस्ट्रीमा प्रवीणता प्रमाणपत्र तहको अध्यापन गराइन्छ। एकातर्फ दाँतका बिरामीको संख्या बढ्दो छ भने अर्कातर्फ कस्मेटिक उद्देश्यले दाँतको माध्यमबाट सौन्दर्य बढाउने फेसन चलेकाले डेन्टल साइन्सको अध्ययन राम्रो देखिन्छ। हाम्रो मुलुकको सन्दर्भमा दाँतको उपचारका लागि मध्यमस्तरको जनशक्तिको कमी भएकाले रोजगारका दृष्टिकोणले यो विषय उपयोगी देखिन्छ। समय-समयमा दाँतको उपचार गर्नुपर्छ भन्ने जनचेतना ग्रामिणस्तरसम्म फैलँदै गएको पाइन्छ।

**ल्याब टेक्निसियन**

प्रयोगशाला अर्थात् ल्याबविना स्वास्थ्य विज्ञान नै अपूरो हुन्छ। त्यसैले प्रमाणपत्र तहको 'ल्याब टेक्निसयन'को महत्त्व बढ्दो छ। अस्पतालको संख्या बढ्दै गएकाले ल्याब टेक्निसियनहरूले अध्ययनपश्चात् तुरुन्तै रोजगारी पाउन सक्छन्। भरतपुर चितवनस्थित स्कुल अफ हेल्थ साइन्स नेपालमा ल्याब प्रविधि अध्यापन हुने एक मात्र कलेज हो। यो कलेजले प्रमाणपत्र तहमा प्रत्येक वर्ष ३० जना विद्यार्थी भर्ना लिने गरेको छ।

सिटिइभिटीअन्तर्गतका सबै शैक्षिक कार्यक्रममा भर्ना पाउने आधार एउटै छ। नर्सिङ (स्टाफ नर्स), डिप्लोमा इन फार्मेसी, एच.ए, डेन्टल सहायक तथा ल्याब टेक्निसियन कुनै पनि कार्यक्रममा भर्ना हुन विद्यार्थीले एसएलसीमा कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्छ। इच्छुक उम्मेदवारले सम्बन्धित क्याम्पसबाट आवेदन दर्ता गराइसकेपछि तोकिएको मितिमा प्रवेश परीक्षा दिनुपर्छ। प्रवेश परीक्षामा अंग्रेजी, अनिवार्य गणित र विज्ञान गरी तीन विषयमा ५०-५० अंक गरी १ सय ५० अंकको वस्तुगत प्रश्न सोधिएको हुन्छ। ४० प्रतिशत अंक ल्याए परीक्षार्थी उत्तीर्ण हुने भए पनि भर्ना पाउनका लागि उत्कृष्टताको सूची हेरिने भएकाले जति बढी अंक ल्यायो भर्ना पाउने सम्भावना उति नै बढी हुन्छ। एउटा कार्यक्रमका लागि आवेदन दिएको उम्मेदवारले अर्को कार्यक्रमको सिट खाली भए भर्ना पाउन सक्छ।

## रेडियोग्राफीको अध्ययन

रेडियोग्राफी पनि चिकित्साशास्त्रको एउटा अभिन्न अंग हो। एक्सरे, भिडियो एक्सरे, सिटी स्क्यान तथा एम.आर.आई. रेडियोग्राफीका मुख्य उपलब्धि हुन्। नेपालमा डिप्लोमा इन रेडियोग्राफीको अध्ययन चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगन्जमा मात्र सीमित छ। यो विषय अध्ययनका लागि विज्ञानतर्फ प्रवीणता प्रमाणपत्र तहमा कम्तीमा ५० प्रतिशत अंक ल्याएको हुनुपर्छ। प्रवेश परीक्षामा सहभागी भएर उत्कृष्ट १८ मा पर्न सक्ने विद्यार्थीले मात्र यो विषय अध्ययन गर्न पाउँछन्। बी.एस्सी. (रेडियोग्राफी) को अध्ययनका लागि चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगन्जमा चार तथा बीपीकेआईएचएस धरानमा छ गरी नेपालमा जम्मा दसवटा कोटा छ। बी.एस्सी. (रेडियोग्राफी) चारवर्षे अध्ययन हो भने डिप्लोमा इन रेडियोग्राफी प्रमाणपत्र तहको १८ महिने अध्ययन हो। दुवै तहको आवेदनका लागि चाहिने न्यूनतम योग्यता एउटै भएकाले विद्यार्थीले पहिलो प्राथमिकता बी.एस्सी. (रेडियोग्राफी) लाई दिएको पाइन्छ।

सामान्य एक्सरे, विशेष किसिमका एक्सरेहरू सिटी स्कान तथा एम.आई.आई. गर्न रेडियोग्राफर नभई हुँदैन। हाम्रो देशको परिप्रेक्ष्यमा रेडियोग्राफी अध्ययन गरेका विद्यार्थीको सधैं अभाव छ। कतिपय अवस्थामा अस्पतालले आफ्नै स्रोतमा तालिम उपलब्ध गराएका गैरप्राविधिकहरूले रेडियोग्राफरको भूमिका निर्वाह गर्दै आएका छन्। त्यसकारण पनि यो विषय रोजगारीका दृष्टिकोणले सफल मान्न सकिन्छ। नेपालका रेडियोग्राफरले भिडियो एक्सरे अर्थात् अल्ट्रासोनोग्राफीचाहिँ गर्न पाउँदैनन्। भिडियो एक्सरेको विशेष तालिम प्राप्त गरेका रेडियोग्राफरले भारत तथा अन्य मुलुकमा त्यो काम गर्न पाउँछन्। नेपालमा भने रेडियोलोजिस्ट (चिकित्सक) ले नै यो काम गर्दै आएका छन्। त्यस्तै प्रवीणता प्रमाणपत्र तह बराबरको मान्यता दिइने डिप्लोमा इन रेडियोग्राफीको अध्ययनका लागि एसएलसी उत्तीर्ण गरेका विद्यार्थीलाई अवसर दिनुपर्ने तर्क विज्ञहरूको छ। विज्ञहरूका अनुसार प्रमाणपत्र उत्तीर्ण गरेका विद्यार्थीहरूलाई प्रमाणपत्र तहकै शिक्षा दिनु राम्रो होइन।



## जिज्ञासा

•सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : मेरो मेल डेलिभरी सिस्टममा तपाईंले प्रयास गर्नुभएको इमेल पुगेन भनेर जवाफ आउँछ ? यसको कारण के हो होला ?**

**–आरिफ**

**उत्तर** : युजरले मेल पठाउँदा प्राप्त गर्नेको मेलिङ ठेगाना टाइप गरेको हुन्छ। यसको अर्थ युजरको इमेल सिस्टमले ठेगाना उल्लेख भएको मेल प्राप्त गर्ने व्यक्तिको डोमेन र त्यसको मेल सर्भरको खोजी गर्छ। जब इमेल सिस्टमले मेल प्राप्त गर्ने व्यक्तिको मेल सर्भरसँग सम्पर्क गर्छ, पठाउन लागिएको इमेललाई सर्भरका माध्यमबाट जान दिने कि रोक्ने भन्ने कुरा मेल सर्भरले निर्धारण गर्छ। यदि मेल प्रापकको सर्भरले मेल पठाउने व्यक्तिको ठेगानालाई अनावश्यक मेलिङ (स्प्यामिङ) को सूचीमा राखेको रहेछ वा त्यो ठेगानालाई ब्लक गरेको रहेछ भने सर्भरले त्यो म्यासेजलाई अस्वीकार गरिदिन्छ र अन्ततः पठाउने व्यक्तिको इन्बक्समा फर्केर आउँछ।

त्यस्तै जसले मेल प्राप्त गर्ने हो, उसको मेल सर्भर व्यस्त भै पठाइएको समयमा रिसिभ गर्न सकेन भने पनि इमेल फिर्ता हुन्छ। यसरी प्रापकको मेल सर्भरले इमेल रिसिभ गर्न नपाइकनै फिर्ता भएको इमेललाई हार्ड बाउन्स भनिन्छ। प्रापकको मेल सर्भरले एकपटक स्वीकार गरिसकेको छ भने इमेललाई पुनः फिर्ता पठाउन सक्ने विभिन्न उपाय छन्। प्रापकको ठेगाना उल्लेख भएको मेल सर्भरले उक्त ठेगाना त्यस सिस्टममा चालू छ कि छैन खोजी गर्छ। यदि ठेगाना क्रियाशील भए त्यसलाई इमेल प्राप्त गर्ने सुविधा दिने वा रोक्ने व्यवस्था गर्न सकिन्छ। ठेगाना चालू नभएको खण्डमा इमेल स्वतः फर्किन्छ। त्यसैगरी मेल पठाउँदा ठेगाना टाइप गर्दा गल्ती भएमा गलत ठेगानामा मेल जाने वा त्यो गलत ठेगाना पनि चालू नभए मेल फिर्ता आउँछ। टाइप गरिएको ठेगानालाई राम्रोसँग दोहोर्‍याएर जाँच्नु उचित हुन्छ। अत्यन्त गोप्य जानकारीसहितका इमेलहरू असावधानीवश अर्कै ठेगानामा पुगेका थुप्रै उदाहरण छन्। ठेगानाका स्पेलिङ र डट, ड्यास शुद्ध टाइप गरी अक्षरहरूबीच खाली ठाउँ नहुने गरी सबै अक्षरलाई स्मल लेटरमा टाइप गर्नुपर्छ भने असावधानीका कारण कुनै कोड वा ट्याग टाइप भएको छ-छैन विचार गर्नुपर्छ।

# हल्का पेय स्वास्थ्यका लागि हानिकारक

हल्का पेय पदार्थलाई लामो समयसम्म बिग्रन नदिन व्यापक रूपमा प्रयोगमा ल्याइने रसायनले मानव जीवकोषलाई क्षति पार्न सक्ने तथ्य फेला परेपछि आफ्ना बालबालिकाहरूको हल्का पेय पदार्थमा रमाउने प्रवृत्तिमा अंकुश लगाउन अभिभावकलाई सल्लाह दिइएको छ। हल्का पेयमा प्रचुर मात्रामा प्रयोग हुने ई २११ (सोडियम बेन्जोयट) ले डीएनएको महत्त्वपूर्ण भागलाई बेकामको बनाएर कोषहरूमा गम्भीर क्षति पुर्‍याउन सक्ने तथ्य अनुसन्धानले देखाएपछि यस्तो त्रास व्यक्त गरिएको हो।

प्रयोगशाला परीक्षणहरूले उक्त रसायनको प्रयोगले पार्किन्सन्स तथा कलेजोको सिरोसिसजस्ता शारीरिक अवस्था बिगार्दै लाने रोग निम्त्याउन सक्ने देखाएको छ। तथापि, खाद्यमान केन्द्र र पेय पदार्थका निर्माताहरू प्रयोगमा ल्याउन अनुमति दिइनुअघि यस्ता रसायनहरूको परीक्षण गरिँदै आएको बताउँछन्।

ई २११ अथवा सोडियम बेन्जोयटमाथि सेफिल्ड विश्वविद्यालयका मलेकुलर बायोलजीका विशेषज्ञ पिटर पिपेरले अनुसन्धान गरेका हुन्। उनले के पाए भने उक्त रसायनले मिटोकोन्ड्रिया भनिने डीएनएको महत्त्वपूर्ण हिस्सालाई क्षति पुर्‍याउन सक्छ। ती रसायनहरूमा डिएनएको मिटोकान्ड्रियालाई निष्क्रिय पार्ने र हदैसम्मको क्षति पुर्‍याउन सक्ने सामर्थ्य हुन्छ।

मानिसलाई ऊर्जा प्रदान गर्न

**विज्ञान**

मिटोकोन्ड्रियाले अक्सिजन खपत गर्छ र यदि त्यसमा क्षति पुग्यो भने जीवकोषले गम्भीर रूपमा नचाहिँदो प्रतिक्रिया दिन थाल्छ। त्यसपछि पार्किन्सन्स र नशालाई बेकम्मा पार्नेजस्ता डीएनएको क्षतिसँग गाँसिएका थुप्रै रोग छन्। त्यसमाथि पनि बुढ्यौलीको पूर्ण प्रक्रिया नै सुरु हुन्छ। कार्बोनेटेड पेय पदार्थलाई सड्नबाट रोक्ने तत्त्वका रूपमा सोडियम बेनजोयटलाई पेय पदार्थ उत्पादकहरूले प्रयोगमा ल्याइरहेका छन्।

यसलाई खमीर, ब्याक्टेरिया र ढुसी मार्न हल्का पेय, जाम, फ्रुट जुस र सलाद ड्रेसिङमा प्रयोग गरिन्छ। भिटामिन सीसँग मिसाउँदा यसले बेन्जेनको स्वरूप लिन्छ जुन क्यान्सर निम्त्याउने एक तत्त्व हो। कोकाकोलाका प्रवक्ता भन्छन्– 'हामीले मिसावटका लागि प्रयोग गर्ने सबै तत्त्व बेलायत र युरोपेली संघबाट सुरक्षित छन् भनी प्रमाणित गरिएका छन्। हामीले निर्देशन लिने भनेको उनीहरूबाटै हो।'

खाद्य मान केन्द्रका एक प्रवक्ताले सोडियम बेन्जोयट तथा बेन्जोइक एसिड खाद्य प्रयोजनका लागि स्वीकृति प्राप्त रसायन भएको बताए। सोडियम बेन्जोयटमाथि युरोपेली संघ र अमेरिकी खाद्य तथा औषधी व्यवस्था विभागले गरेका परीक्षणहरू धेरै पुराना भैसकेकाले भर पर्न नसकिने पिपेररको दावी छ। पिपेरर भन्छन्– 'सबै कुराजस्तै सुरक्षा जाँच पनि धेरै अघि बढिसकेको छ। पचास वर्षअघि गर्न नसकेको धेरै कठिन जाँचहरू आज गर्न सकिन्छ।

# नोकियाको ब्याट्रीमा खराबी

गत साता मोबाइल सेट निर्माता कम्पनी नोकियाको एकखाले ब्याट्रीमा खराबी भएको कुराले संसारभर तहल्का मच्चियो। नोकिया कम्पनीले नै आधिकारिक रूपमा उक्त जानकारी दिएर सचेत रहन आफ्ना ग्राहकलाई आग्रह गरेको थियो। जापानको मात्सुसिता ब्याट्री इन्डस्ट्रियल कम्पनी लिमिटेडबाट उत्पादित नोकिया ब्रान्डका बीएल-५ सी नामक ब्याट्रीमा यस प्रकारको खराबी देखिएको छ। सन् २००५ डिसेम्बरदेखि २००६ नोभेम्बरसम्म उत्पादित उक्त ब्रान्डका ब्याट्रीमा प्राविधिक त्रुटि देखिएको कुरा पनि कम्पनीले जनायो। उक्त ब्रान्डका ब्याट्री चार्ज गर्दा सर्किटहरू बढी तात्ने र त्यसले प्रत्यक्ष असर पुग्ने कुरा बताइयो।




नोकियाले उक्त ब्राण्डका ३० करोड ब्याट्री उत्पादन गरेको थियो। त्यसमध्ये मात्सुसिता कम्पनीले मात्र ४ करोड ६ लाख ब्याट्री उत्पादन गरेको थियो। ग्राहकले उक्त अवधिमा उत्पादन भएका ब्याट्रीलाई नोकियाकै वेबसाइटमा जाँच गर्न सक्ने व्यवस्था मिलाइएको छ। नोकियाको आधिकारिक वेबसाइट डब्लुडब्लुडब्लुडट नोकिया डट कममा गएर ब्याट्री रिप्लेस्मेन्टमा क्लिक गरी ब्याट्रीमा उल्लेखित २६ अंक टाइप गर्दा ब्याट्री खराब हो वा होइन पत्ता लगाउन सकिन्छ।

खराब ब्याट्रीको सट्टा अर्को ब्याट्री उपलब्ध गराउने व्यवस्था पनि नोकियाले गरेको छ। ब्याट्रीको कमजोरीका कारण अहिलेसम्म संसारभर लगभग १ सय घटना घटेका छन्, तर यसबाट कुनै शारीरिक क्षति भने भएको छैन। नेपालमा नोकियाको आधिकारिक विक्रेता नियोट्रिक नेपालमार्फत ग्राहकले ब्याट्री साट्न सक्ने व्यवस्था मिलाइएको छ।

बीएल-५ सीमा लिथियम ब्याट्री राखिएको छ। लिथियम प्रयोग गरिएको ब्याट्री विगत केही वर्षदेखि नै विवादमा परेको छ। सोनीले आफ्नो ल्यापटपमा लिथियम प्रयोग गरिएका करिब १ करोड ब्याट्री बजारवाट फिर्ता लिएको थियो। तोसिवा, डेल तथा लेनोभाले पनि त्यस्तै कदम उठाउनुपरेको थियो। टोयोटा कम्पनीले आफ्नो हाइब्रिड कारको ब्याट्रीमा पनि यस्तै खराबीको सम्भावनाका कारण यसको लन्चिङमा ढिलाइ गरिरहेको छ।

# इन्जिनियरिङ प्रदर्शन



कास्की– पोखरा इन्जिनियरिङ कलेज, फिर्केका विद्यार्थीहरूले अध्ययनका क्रममा सिकेको ज्ञानलाई एक प्रदर्शनीमार्फत देखाएका छन्। 'चौथो पेक इन्जियिरिङ एक्सो-२००७' मा विद्यार्थीद्वारा तयार पारिएका विभिन्न सामग्री राखिएका थिए। स्विच कन्ट्रोल रोबोट, स्पेस रोबोट, इलेक्ट्रोनिक वाचडग, अनलाइन, ट्याक्स पेमेन्ट अफ भेइकल, अटोमेटिक रुम लाइट कन्ट्रोल, विद्युतीय भोटिङ यन्त्र जस्ता यन्त्र प्रदर्शनीमा हेर्न पाइन्थ्यो। विद्यार्थीहरूद्वारा निर्माण गरिएका सामग्रीले देशविकासमा टेवा पुर्‍याउने विश्वास अवलोकनकर्ताहरूले व्यक्त गरे। कलेजका अन्तिम सेमेस्टारमा अध्ययनरत विद्यार्थीले सिकेको ज्ञानलाई प्रदर्शनी गर्न कलेजले हरेक वर्ष इन्जिनिरयङ एक्स्पो गर्दै आएको कलेजका प्रिन्सिपल लेखबहादुर गुरुङले साप्ताहिकलाई बताए।

**–प्रेम नेपाली**

# महिला र ह्यान्डब्याग

रोजगारमा संलग्न महिलाहरूले ठूला-ठूला हातेझोला (ह्यान्डब्याग) लिएर हिँड्ने प्रचलन विश्वव्यापी रूपमै बढिरहेको अवस्थामा त्यस्ता ह्यान्डब्याग लिएर हिँड्नु स्वास्थ्यको हिसाबले उचित नहुने चिकित्सहरूले बताएका छन्। झन्डै ब्रिफकेस आकारमा डिजाइन गरिएका त्यस्ता ह्यान्डब्याग लिएर हिँड्दा घाँटी तथा टाउको दुख्ने समस्या आउने गरेको अमेरिकाको टेक्सासस्थित एउटा स्वास्थ्य केन्द्रका चिकित्सकहरूले बताएका छन्। ३ देखि ४ दशमलव ५ किलोग्रामसम्मको तौल हुने ह्यान्डब्याग नियमितजस्तो बोक्दै आएका महिलाहरूमा त्यस प्रकारको समस्या देखिने गरेको छ।

# पेनकिलर र स्वास्थ्य

पीडा कम गर्ने काममा लोकप्रिय मानिएको, सर्वसाधारणले सेवन गर्ने एस्प्रिन, ब्रुफिन, इसेटामिनोफिनजस्ता औषधी सेवनले रक्तचाप बढाउने र हृदयरोग लाग्ने सम्भावना रहेको अमेरिकी वैज्ञानिकहरूले बताएका छन्। पीडा कम गर्ने औषधी खाने मानिसहरूमा उक्त औषधी सेवन नगर्नेहरूमा भन्दा दुईतिहाई बढी रक्तचाप बढाउने अनुसन्धानको क्रममा प्रमाणित भएको छ। विश्वमा लाखौं मानिसको टाउको, दाँत तथा शरीरको अन्य कुनै भाग दुखेमा कम गर्नका लागि दुखाइ कम गर्ने औषधी सेवन गरेर उल्टै रक्तचाप तथा हृदयघातजस्ता रोगलाई निमन्त्रणा गर्नु विडम्बनाको विषय भएको वैज्ञानिकहरूले बताएका छन्। जबकि कतिपय चिकित्सकले हृदयाघातबाट बच्न दिनको एक चक्की एस्प्रिन खाने सल्लाह दिँदै आएका छन्।



## मौलिक फाइटका पक्षधर योगेन्द्र

'सधैं एउटै सूत्रमा चलचित्र बनाएर हुँदैन । दर्शकलाई नेपाली चलचित्रप्रति आकर्षित गर्न नयाँ विषय खोज्नुपर्छ' भन्ने योगेन्द्र श्रेष्ठ लोकतन्त्रपछि सबैले माओवादी जनयुद्धमा चलचित्र बनाउन थालेको भएर आफूले नेपाली सेनालाई विषय बनाएको बताएका छन् । ऐतिहासिक चलचित्र 'वीर गणेशमान'मा द्वन्द्व निर्देशन गरेपछि चर्चामा आएका योगेन्द्र श्रेष्ठ अब निर्माताका रूपमा पनि दर्ता भएका छन् । नेपाली चलचित्र कमजोर भयो भन्ने कुरामा सहमति जनाउने श्रेष्ठले बनाउन लागेको चलचित्रको शीर्षक नै 'सैनिक' राखिएको छ । योगेन्द्रले सूत्रबद्ध फाइटको विरोध गर्दै आफ्नो चलचित्र 'सैनिक'मा मौलिक फाइट राख्ने दाबी पनि गरे । यसअघि उनले आफ्नो सहोदर दाजु नरेन्द्र श्रेष्ठको लगानीमा मार्शल आर्टका खेलाडीको जीवनकथामा आधारित चलचित्र 'खेलाडी' को निर्देशन गरेका थिए । 'सैनिक' भन्नेबित्तिकै कतिले राजनैतिक चलचित्र बनाउन लागेको भनेर पनि टिप्पणी गरेका छन्, तर सोभित बस्नेतको निर्देशनमा बन्ने यो चलचित्र विशुद्ध मनोरञ्जक हुने दाबी योगेन्द्रको छ । कथानक चलचित्र भए पनि 'सैनिक'लाई उनी द्वन्द्व निर्देशकको चलचित्र भन्न रुचाउँछन् । उनको भनेको मौलिक द्वन्द्व पनि यही चलचित्रमा हेर्न पाइनेछ, तर त्यसका लागि ०६५ साल लाग्नैपर्छ ।



## ज्यान बनाउने धोको

'छोराको ज्यानचाहिँ सानो छ, तर उसले लगाउने कपडा भने आफ्नो आकारभन्दा दोब्बर हेरिरहेको छ,' करिब ७-८ वर्षअघि अहिलेका चर्चित र्‍याप गायक सुदिन पोखरेलका राजनैतिक समीक्षक बुबाले छोरालाई कपडा किन्दा भोगेको यथार्थ हो यो, अन्ततः छोराको चाहनालाई उनले साथ दिनैपर्ने भयो । त्यसयता सुदिन लगातार त्यस्तै प्रकारका पहिरन लगाउँदै आएका छन् । उनलाई त्यस्ता पोसाक सुहाउँछ । शारीरिक बनौटभन्दा ठूला पोसाक लगाउनु हिपहप ट्रेन्ड हो । सुदिन भन्छन्- तपाईंहरूले लगाउने पहिरन र हाम्रो पहिरनको आकारमा धेरै नै फरक छ । तिनै सुदिन कान्तिपुर टेलिभिजनको समाचार र खेलकुदसम्बन्धी कार्यक्रममा आममानिसको पहिरनमा देखिन्छन् । त्यसबेला बाहिर देखिने सुदिन र वास्तविक सुदिनको ज्यानमा प्रस्ट अन्तर देखिन्छ । ठूला आकारका पहिरन लगाएर ठूलो ज्यान देखाउने सुदिन यतिखेर साँच्चै ज्यान बनाउने अभियानमा लागेका छन् । नयाँ बानेश्वरस्थित एक फिटनेस सेन्टरमा बिहान ५ बजेदेखि ७ बजेसम्म कसरत गरिरहेको भेटिने सुदिनका अनुसार अहिले नै पनि उनको शारीरिक बनौटमा धेरै परिवर्तन आइसकेको छ । जे होस्, धेरै हसुरेर मोटाउनुभन्दा कसरत गरेर ज्यान बनाउनु धेरै राम्रो हो ।

## फेरि नेता भए लामा



केही समय कुनै पनि संघ-संस्थाको पदमा नरहेका युवराज लामालाई फेरि नेता बनेका छन् । लोकतन्त्रप्रति आस्था राख्ने सिनेकर्मीहरूले गठन गरेको सञ्जालको संयोजक भएका छन्– लामा । लामा लामो समयदेखि नेपाली चलचित्र बचाउ अभियानमा जुटेका छन् । विदेशी चलचित्रविरुद्ध सक्रियताका साथ लागेका लामाले आफ्नो पुरानै कर्मलाई निरन्तरता दिने भएका छन् सञ्जालको संयोजक भएपछि ।

निर्माता संघ, निर्देशक समाजजस्ता संस्थाका अध्यक्ष भैसेकेका लामाले पदमा रहँदा विदेशी चलचित्रविरुद्ध संघर्ष गरेका थिए, तर पदबाट बाहिरिएपछि उनको नेपाली चलचित्र बचाउ आन्दोलन तुहिएको थियो । यही मौकाको फाइदा उठाउँदै शाही शासनकालमा हिन्दी चलचित्रमा लाग्दै आएको एम.जी. शुल्क २० प्रतिशतबाट घटाएर १५ प्रतिशत बनाइएको थियो । तत्कालीन समयमा लामाले एम.जी. शुल्क घटाएको विषयमा विरोध गरे पनि त्यसको कतै सुनुवाइ भएन । लामाकै नेतृत्वमा गठित सञ्जालले विदेशी चलचित्रमा लगाइँदै आएको न्यूनतम शुल्क बढाउने योजना बनाएको छ । साथै उनले विदेशी चलचित्रलाई कोटा सिस्टममा ल्याउने योजना बनाएका छन् । नेपाली चलचित्रलाई परिभाषित गर्नुका साथै स्वदेशी चलचित्रको विकासका लागि विशेष कार्यक्रम गर्ने योजना सञ्जालको छ ।

## सांगीतिक मनसुन फनफनी

साउन महिनाको अन्तिम शुक्रबार महेन्द्र पुलिस हेल्थ क्लबमा मनसुन स्पिन्ज, गेट वेट' शीर्षकमा एउटा डान्स पार्टी सम्पन्न भयो । कालो बादलले आकाश छोपेसँगै साँझ पर्न थालेपछि महेन्द्र पुलिस हेल्थ क्लबको पौडीपोखरीवरिपरि डान्स पार्टीमा रम्न चाहनेहरूको भीड बिस्तारै बढ्न थालेको थियो । दिनभरिको झरीले वातावरण पनि अलिक चिसै थियो । सायद त्यसैले होला, नाचेर जीउ तताउनुभन्दा पहिले ह्विस्की र बियरको चुस्कीले शरीर तताउनेहरू बिस्तारै सलबलाउन थाले । नभन्दै साँझको करिब साढे सात बज्न थालेपछि डी.जे. सुदान र पर्यटन सुन्दरी कुन्छाङ मोक्तानले डान्स पार्टीलाई गति दिए । अनि प्रारम्भ भयो सांगीतिक मनसुन फनफनीको चटारो ।

डिजे सुदान र डीजे प्रवेशले सिडी चक्का घुमाउँदै गीत-संगीत फेर्दै जान्थे र सोही तालमा नाच्नेहरू दिल खोलेर रमाउँदै गए । रातको करिब पौने बाह्र बजेसम्म



चर्को सांगीतिक तालमा नाच्ने, उफ्रने क्रम चलिरह्यो । स्पिन्ज क्लब ३ सय ६० डिग्रीले आयोजना गरेको उक्त डान्स पार्टीमा पर्यटन सुन्दरी प्रतियोगिताका फेसन मोडलिङ तथा मिडिया क्षेत्रसित आवद्ध व्यक्तिहरूको राम्रै जमघट थियो ।



## वलीजीका पोइ कता छन् ?

जे होस्, कोमल वलीलाई मान्नैपर्छ, सिक्वेल शैलीमा उनले विवाह प्रसङ्गमा आधारित भएर लोक-गीतिसंग्रह सार्वजनिक गर्दै आएकी छिन् । यस क्रममा उनी विवादमा पनि आउने गरेकी छिन् । रातो साडी र चोलीमा सजिएर सार्वजनिक हुने वलीलाई वास्तविक जीवनमा भने अहिलेसम्म रातो पहिरन लगाउने अवसर जुटेको छैन । उमेरले चार दशक घर्काउन लागिसके पनि विवाहको लगन नजुरेकी यी गायिकाले ६० सालमा शून्य वर्ष भएकाले विवाह नगर्ने बताएकी थिइन् । त्यसपछि उनले हङकङ आईडीवालासँग चक्कर चलिरहेको र चाँडै नै लगनगाठो कस्ने पनि बताइन्, तर अहिलेसम्म उनको औपचारिक विवाह भएको खबर सुन्न पाइएको छैन ।

उनको विवाहमा हामीलाइ चासो हुनैपर्छ भन्ने छैन, तर उनले श्रृङ्खलाबद्ध रूपमा विवाहकै प्रसङ्गका गीत गाउन थालेपछि भने हामी पनि किन नबोल्ने ? वलीले विवाहको प्रसङ्ग बारम्बार उठाउनुमा उनको कुण्ठा अभिव्यक्त भएको बुझ्न सकिन्छ । वलीको विवाह नभएकाले नै हुनसक्छ, उनका लागि गीत लेखिदिनेहरूले पनि निरन्तर त्यस्तै प्रकारका गीत लेखेर सहयोग पुर्‍याइरहेका छन् ।

सुरुमा 'बिहे भा'छैन... कोही माग्न आ'छैन' शीर्षकको लोकगीत गाएकी वलीले 'पोइला जान पाम..' गीतबाट धेरै आलोचना खेप्नुपर्‍यो । वलीजी पनि के कम, यस पटकको तीजलाई लक्षित गरेर उनले विवाह भैसकेको अनुभवमा 'कान्छी बूढी ल्याउन पाइँदैन...' शीर्षकको लोकगीतिसंग्रह बजारमा ल्याएकी छिन् । 'बिहे भा'छैन' मा कसैले माग्न नआएको पीडा अभिव्यक्त गरेकी कोमलले दोस्रो श्रृङ्खलामा भगवान् शिवसँग पोइल जान पाम भनेर आशीर्वाद मागेकी थिइन् । यी दुवै गीत उनको वास्तविक जीवनसँग पनि मेल खान्छन्, तर यस पटकको कान्छी बूढी ल्याउन पाइदैन भन्नुले कोमलले कहिले बिहे गरिछन् भनेर चासो बढेको छ । कतै कोमलले गुपचुप विवाह त गरिननन् ? वास्तविक जीवनकथा गाउने कोमलले गुपचुप बनाएका पोइले कान्छी भित्र्याउन आँटेकाले खबरदारी गर्न त यो गीत गाएकी होइनन् ?

## निर्माताहरूको उत्साह

निर्देशक श्याम भट्टराई दंग छन अहिले । पहिलो चलचित्रबाटै राम्रो सफलता हात पारेका श्यामलाई अब अर्को सिनेमा बनाउने जोस चलेको छ । मोफसलको पोखरा, नारायणघाट, बिर्तामोड आदि सहरबजारका हलमा चलचित्र चलाएका श्यामले ती हलबाट राम्रो आम्दानी मात्र गरेनन्, रेस्पोन्ससमेत राम्रै पाए ।

निर्देशक श्याम मात्र होइन, धेरै निर्माता उत्साहित हुन थालेका छन्



अचेल । पछिल्लो समयमा प्रदर्शित चलचित्रको व्यापारमा सुधार आएपछि निर्माता, निर्देशक एवं वितरकसमेत उत्साहित हुन थालेका हुन । निर्माता चिरञ्जीवी बस्नेत भन्छन्– 'दर्शकलाई मन पर्ने विषयमा चलचित्र बनाउनुपर्छ । चलेन भनेर निराश हुनुपर्ने स्थिति छैन ।' मुलुकको समसामयिक अवस्था दर्शाउने गरी चलचित्र 'युद्ध' बनाएका बस्नेतले पनि उक्त चलचित्रबाट राम्रै सफलता हात पारेका थिए । चलचित्र राम्रो हुनुका साथै हलतर्फ दर्शकको आकर्षणसमेत बढेकाले चलचित्रको व्यापारमा प्रगति भएको उनको ठहर छ । 'अहिलेकै स्थिति कायम रह्यो भने चलचित्रको लागत उठाउन खासै गाह्रो छैन ।' बस्नेत बताए ।

त्यसो त अभिनय गर्दागर्दै निर्माता बन्न पुगेका दिलीप रायमाझी पनि कम खुसी छैनन् । पहिलो चलचित्रवाट राम्रै सफलता हात पारेका दिलीपले अब अभिनयसँगै निर्माणकार्यलाई पनि निरन्तरता दिने योजना बनाएका छन् । दिलीप भन्छन्– 'अभिनयबाट जुन सफलता पाएको थिएँ, निर्माणकार्यबाट पनि उत्तिकै




सन्तुष्ट छु ।' पहिलो चलचित्रको सफलताबाट उत्साहित दिलीप यो चलचित्र सफल हुनुलाई आफ्नो समूहको सफलता बताउँछन् ।

अघिल्ला वर्षका असार-साउनमा प्रदर्शन भएका चलचित्रले राम्रो नतिजा दिँदैनथे, तर यसपालि त्यस्तो भएन । मोफसल र काठमाडौंमा प्रदर्शन गरिएका प्रायः चलचित्रले राम्रै व्यापार गरे । गाउँठाउँमा खेतीपातीको मौसम भए पनि चलचित्रको व्यापार राम्रै भयो । काठमाडौंमा जस्तै मोफसलमा पनि व्यापार राम्रो हुन थालेपछि आमनिर्माता उत्साहित भएका छन् ।

## दिलीप किन झूटो बोल्छन् ?





नायक दिलीप रायमाझी गफाडी त छँदैछन्, त्यसमाथि उनी झूट बोल्न पनि माहिर छन् भनेर चर्चा चल्ने गरेको छ । पहिले यस्तो आरोप भुवन केसीमाथि लाग्ने गरेको थियो, अहिले भने त्यो बिंडो यी चल्तीका नायकले भिरेछन् । 'दिलीपको गफ दिने प्रवृत्तिको कुरै नगरौं', दिलीपलाई नजिकबाट चिन्ने चलचित्र क्षेत्रकै उनका एक मित्र भन्छन् । कुरा गफको मात्र होइन, उनले बोल्ने गरेको झूटको पनि हो । नाम चलेका यी नायक किन झूट बोल्छन्, उनीसँगै सोध्नुपर्छ । उनले झूट बोलेको एउटा प्रसङ्गको कुरा गरौं । माझीदाइ चलचित्र बनाएका सिक्किमका विजय केरुङले अर्को चलचित्र बनाउने जमर्को गरेर नायक दिलीप रायमाझी र नायिका सञ्चिता लुइटेलसँग कुराकानी गरेका थिए । दुवैलाई लिएर चलचित्र बनाउने निधो गरेका केरुङले चलचित्र छायांकनका लागि दुवै जनालाई सिक्किम बोलाएका थिए, तर सिक्किम पुगे नायक दिलीप रायमाझी र अरुणिमा लम्साल । निर्माता केरुङले प्रश्न गरे– खोइ सञ्चिता ? दिलीपले उत्तर दिए- 'सञ्चिताको हात भाँचियो, त्यसकारण अरुणिमालाई लिएर आएको ।' त्यसबेला नृत्य निर्देशक कमल राई पनि त्यहीं थिए । काम सकिएपछि नेपालबाट गएको युनिट फर्कियो । नायिका सञ्चिता र नृत्य निर्देशक कमलबीच झापामा छायांकन भैरहेको अर्को चलचित्रको सेटमा भेट भयो । कमलले सोधे- तिम्रो हात कहिले ठीक भयो ? सञ्चिता छक्क परिन् । पछि उनलाई थाहा भयो, दिलीपले हात भाँचिएको भनेकाले नृत्य-निर्देशकले सहानुभुति दर्साउन त्यस्तो प्रश्न गरेका रहेछन् । यता दिलीपले भने यो कुरा हल्ला मात्रै भएको बताए । दिलीपजी, हल्ला हो कि साँचो हो ? यो त तपाईंलाई मात्र थाहा हुने कुरा हो ।

## फुर्सदको कुराकानी



नेपाली युवाहरू पाश्चात्य संस्कृति र संगीत अनुसरण गर्न अग्रसर भैरहेका बेला एक अमेरिकन युवती भने नेपाली लोकसंस्कृति र परम्परामा आधारित लोकदोहोरीमा समर्पित भएकी छिन्। उनी अर्थात् अमेरिकाको म्याडिसन विस्कन्सिन सहरकी नागरिक २७ वर्षीया आना स्टार अहिले काठमाडौंमा बसेर नेपाली लोकदोहोरीमा विद्यावारिधि (पीएचडी) गर्दैछिन्। सात महिना लगाएर नेपाली भाषा सिकेकी आना मज्जाले दोहोरी गाउन सक्छिन्।

● **पहिलो पटक कहिले नेपाल आउनुभएको थियो ?**
म आठ वर्षअघि सन् १९९९ मा घुम्ने उद्देश्यले नेपाल आएकी थिएँ। त्यसपछि आउने-जाने क्रम जारी छ।

● **दोहोरी गीतप्रति कसरी आकर्षित हुनुभयो ?**
पहिलो पटक काठमाडौंमा आउँदा त्यहाँका दोहोरी रेस्टुराँमा बस्दा नेपाली मौलिक र परम्परागत खाना, त्यहाँ प्रस्तुत गरिएको केटा र केटी समूहको गीतको प्रतिस्पर्धा (यसैलाई दोहोरी भन्दा रहेछन्), कलाकारको पहिरनजस्ता कुरा मलाई एकदमै नौलो र राम्रो लाग्यो। पछि बुझ्दा यी सबै कुरा दोहोरीसँग अभिन्न रूपमा गाँसिएका रहेछन्। यसैबाट प्रभावित भएकी हुँ।

● **दोहोरी गाउन कहिलेदेखि सुरु गर्नुभो ?**
एक वर्षजति भयो। पहिलो पटक लमजुङको गौंडा गाउँमा एउटा टुक्का गाएर सुरु गरेकी हुँ।

● **नेपाली लोकदोहोरीमै पीएचडी गर्ने सोच कसरी आयो ?**
जब म लोकदोहोरीबाट प्रभावित भएँ त्यसपछि मैले यसका बारेमा धेरै कुरा बुझ्ने प्रयास गरें, जसबाट लोकदोहोरीमा मनोरञ्जन मात्र नभै लैंगिक विभेद, राष्ट्रियता, मौलिकपन, बसाइँ-सराइ, रहनसहन, केटाकेटीबीच प्रेम र सम्झौताजस्ता थुप्रै कुरा गाँसिएको थाहा भयो। अनि यस विषयमा गहिरो अध्ययन, अनुसन्धान गर्न यसैमा पीएचडी गर्ने सोच आयो। जसलाई मैले आफू अध्ययनरत कोलम्बिया युनिभर्सिटीमा पेस गरें। युनिभर्सिटीले मेरो प्रस्ताव स्वीकार गर्दै छात्रवृत्ति दिने बताएपछि मेरो सपना साकार भएको छ।

● **तपाईंलाई मन पर्ने भाका कुन हो ?**
मलाई 'मिर्मिरेमा भाले बासेको, सपनीमा झझल्को आइरहन्छ बिपनीमा तिमी हाँसेको' भाका सबैभन्दा मन परेको भाका हो। मैले अहिलेम्म यही भाकामा दोहोरी गाएकी छु।

● **नेपाली लोकदोहोरीका नराम्रा पक्ष के-के छन् ?**
समग्रमा नेपाली लोकदोहोरी मलाई असाध्यै राम्रो र सम्पन्न छ, तर यहाँ रहर पूरा गर्न एल्बम निकाल्ने चलन रहेछ, अनि एल्बम बेचेर एकैचोटि पैसा कमाउन खोज्ने पनि धेरै रहेछन्, यो राम्रो कुरा होइन। अर्को कुरा अंग्रेजी शब्दको प्रयोग जथाभावी हुँदो रहेछ। धेरैजसो गीत केटाकेटीको मायाप्रेमसँग जोडिएका, अलिअलि अश्लीलता भएका पनि हुँदा रहेछन्, यस्तो हुनु हुँदैन। अहिलेको युग सूचना र सञ्चारको युग भएकाले सहरमा बजेका गीतहरू एफ.एम. रेडियोमार्फत तुरुन्तै गाउँगाउँमा पुग्छन्। त्यसले देशको संस्कृति एवं परम्परामा आघात पुऱ्याउन सक्छ। दोहोरीले समाजलाई मार्गनिर्देशन गर्नुपर्छ।

● **नेपालको कुन-कुन ठाउँमा पुगेर अध्ययन गर्नुभयो ?**
मैले गण्डकी र लुम्बिनी अञ्चलका प्रायः सबै जिल्लामा पुगेर दोहोरीका सम्बन्धमा अध्ययन गरेकी छु भने पूर्वका धनकुटा र तेह्रथुमसम्म पुगेकी छु।

● **ब्वाइफ्रेन्ड बनाउनुभएको छ ?**
छैन। अहिले म दुई वर्षभित्र पीएचडी सकेर मेरो कलेजको ऋण तिर्न चाहन्छु। त्यसपछि मात्रै ब्वाइफ्रेन्ड बनाउने, विवाह पनि गर्ने।

● **नेपालमै घरजम गर्ने विचार त छैन ?**
अहिल्यै त्यस्तो केही सोचेकी त छैन, तर म नेपालीहरूको धेरै कुराबाट प्रभावित भैसकेकी छु। कुनै लायक युवक मन परेको खण्डमा नेपालमै विवाह गर्न सक्छु।

● **भविष्यमा के गर्ने लक्ष्य छ ?**
म सानैदेखि गीत-संगीतप्रेमी थिएँ। मानिसको जीवन र समाजमा संगीतको ठूलो महत्त्व हुन्छ भन्ने मैले बुझेकी छु। यही कुरा अरूलाई पढाएर बाँड्न चाहन्छु।

**-टोपराज शर्मा**

# हङकङमा मोडल कन्टेस्टको रन्को



तस्बिर : जगतअम्बु गुरुङ, एचकेनेपाल डटकम

हङकङमा पनि नेपालसुन्दरी प्रतियोगिताको चहलपहल बढेको छ। हङकङमा बसोबास गर्ने नेपाली युवतीहरूमाझ मिस हङकङ र मिस ट्यालेन्ट हन्ट हङकङ तथा युवाहरूलाई लक्षित मिस्टर हङकङजस्ता प्रतियोगिता बर्सेनि हुने गरेका छन्। यस्ता प्रतियोगिताले नेपाली युवायुवतीहरूलाई हरेक क्षेत्रमा अग्रसर गराउने काम गरेको छ।

सन् १९९८ देखि सुरु भएको मिस नेपाल हङकङसँगै यहाँ मोडलिङ र सौन्दर्यसम्बन्धी प्रतियोगिताहरूले निरन्तरता पाउन थालेका हुन्। यहाँ रहेका व्यापारिक संस्थाहरूले सौन्दर्य प्रतियोगिताहरूमा प्रायोजकको भूमिका निर्वाह गर्न थालेपछि हङकङमा ब्युटीकन्टेस्टसम्बन्धी गतिविधि फस्टाउँदै गएको हो। नेपाली युवतीहरूको रुचिलाई ध्यानमा राखेर ड्रिम्स अनलिमिटेडको व्यवस्थापनमा जाँगरिला युवतीहरू लक्ष्मी थापा राई,

मनिता गुरुङ तथा तारा सुब्बा मिलेर ट्यालेन्ट हन्ट मेघा मोडल कन्टेस्ट २००७ गर्न लागेका हुन्। प्रतियोगिताले हङकङमा बस्ने नेपालीहरूलाई मनोरञ्जन प्रदान गर्ने मात्र होइन, बौद्धिक प्रतिभाहरूको खोजीसमेत गर्दै आएको छ। प्रतियोगितामा भाग लिएर उपाधि जित्ने सुन्दरीहरूले हङकङमा बन्ने म्युजिक भिडियोदेखि चलचित्रहरूसम्ममा अवसर पाइरहेका छन्। सौन्दर्यसम्बन्धी प्रतियोगिताले नेपाली मोडलहरूलाई यस क्षेत्रमा आउने बाटो खुलेको मात्र होइन, उनीहरूले यसै क्षेत्रबाट आफ्नो भाग्य चम्काएका छन्।

**छनौटमा परेका युवतीहरू**

१. **रिया राई (संखुवासभा)**
२. **सन्दीपा थापा (धरान)**
३. **पूजा कँडेल (बाग्लुङ)**
४. **सुनीता गुरुङ (पोखरा)**
५. **शोभा घले (चितवन)**
६. **सुस्मिता गुरुङ (भैरहवा)**
७. **अन्जुसिंह थापा (बुटवल)**
८. **सोफिया राई (संखुवासभा)**
९. **नतासा श्रेष्ठ (धरान)**

गत वर्ष वैशाख महिनामा प्रतियोगिता भए पनि यस पटक भने प्रतियोगिता सरेर अगस्ट २६ अर्थात् भदौ ९ गते पुगेको छ। यो हङकङमा कलेज विद्यालयहरू बिदा हुने समय हो। फुर्सदको समय भएकाले पनि यसपटक सहभागी युवतीहरूको संख्या बढी देखियो। हङकङस्थित क्यारिट्स कम्युनिटी प्रिन्स एडवार्ड हलमा हुने प्रतिस्पर्धा यो प्रतियोगिताको तेस्रो संस्करण हो। यसअघि दीप्ति थापा थापा वसन्ती पुनले ट्यालेन्ट हन्टको उपाधि चुमिसकेका छन्। आयोजक संस्थाकी कोरियोग्राफर तथा पूर्व मिस नेपाल हङकङ ममिता गुरुङले दिएको जानकारीअनुसार प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ।

यस पटक हुन लागेको प्रतियोगिताका लागि दर्जनौ युवतीले आवेदन फारम भरे पनि प्रारम्भिक छनौटमा नौ जना युवती मात्र परेका छन्। सबै प्रतियोगी उत्तिकै दक्ष र आत्मविश्वास भएका छन्। यी नौ जना युवती अहिले विभिन्न प्रशिक्षणमा व्यस्त छन्। प्रतिस्पर्धी युवतीहरूको फोटोसेसन हङकङमा लोकप्रिय नेपाली वेबसाइट एचके नेपाल डटकमका जगत अम्बु गुरुङले गरेका हुन्। यस पटक प्रतिस्पर्धी सुन्दरीहरूलाई भोट हाल्ने व्यवस्था पनि गरिएको छ। एचकेनेपाल डट कमबाट भोट हाली सबैभन्दा बढी भोट प्राप्त गर्ने प्रतिस्पर्धीलाई मिस भ्युअर च्वाइस उपाधि प्रदान गरिने कुरा वेबसाइटका प्रधान सम्पादक पशन तमुले बताए।

मिस नेपाल हङकङ २००० ममिता गुरुङ तथा १९९७ मा मिस्टर धरानका फस्ट रनर-अप तारा सुब्बा प्रतियोगिताकी मुख्य कोरियोग्राफर हुन्। प्रतियोगितामा सुन्दरताको प्रदर्शन मात्र नभै अन्तरनिहित प्रतिभालाई पनि उत्तिकै महत्त्व दिइने आयोजक संस्थाकी व्यवस्थापिका लक्ष्मी थापा राईले बताइन्। प्रतियोगितामा नेपालका विभिन्न जिल्लाबाट आएर हङकङमा बसोबास गर्दै आएका सुन्दरीहरूको सहभागिता छ।

**-शिव शर्मा**

# आधा भोट प्रशान्तको पक्षमा

**साप्ताहिक समाचार**

धरान- तेस्रो इन्डियन आइडलको दौडमा नेपाली मूलका प्रतिस्पर्धी प्रशान्त तामाङ प्रबल दाबेदारका रूपमा अघि बढिरहेका छन्। भारतीय टेलिभिजन च्यानल 'सोनी'ले तीन वर्षदेखि आयोजना गर्दै आएको यो सांगीतिक प्रतियोगितामा यसपालि सबैभन्दा बढी मत प्रशान्तले प्राप्त गरिरहेको बताइन्छ। गत शनिबारको प्रतिस्पर्धापछि प्रशान्तले उत्कृष्ट पाँचमा प्रवेश पाएका छन्।

पछिल्लो पटकको प्रतिस्पर्धामा सोनी च्यानलले प्राप्त गरेको कुल १५ लाख मतमध्ये ७ लाख मत प्रशान्तको पक्षमा रहेको बताइएको छ। सोनी च्यानललाई प्राप्त प्रत्येक ४ मतमध्ये एक मत प्रशान्तको पक्षमा रहने गरेको दार्जीलिङवासीले सोनी च्यानललाई उद्धृत गर्दै बताएका छन्। दार्जीलिङस्थित तुङसुङका प्रशान्तलाई विजयी बनाउन नेपालीहरू जोडतोडले लागिपरेका छन्। दार्जीलिङ क्षेत्रका प्रत्येक घरबाट प्रत्येक साता कम्तीमा ३ सय भोट प्रशान्तलाई हाल्ने गरिएको विनोद लामा दोङ बताउँछन्। शुक्रबार बेलुकीदेखि रातभर जाग्राम बसेर उनीहरूले भोट दिइरहेका छन्।

लामाका अनुसार काठमाडौं, धरान, इटहरी, विराटनगर, दमक, बिर्तामोड, इलाम, काँकडभित्ता आदि क्षेत्रका बासिन्दाहरू आफैं तथा प्रतिनिधिहरूलाई दार्जीलिङ पठाउँदै प्रशान्तलाई भोट दिइरहेका छन्। उत्कृष्ट पाँचको प्रतिस्पर्धामा प्रशान्तलाई भोट दिन काठमाडौंबाट प्रख्यात हेयर डिजाइनर नील डेविड कटुवाल यसै साता दार्जीलिङ पुगे। पूर्वी नेपालका बासिन्दाहरू सीमावर्ती भारतीय बजार गई प्रशान्तलाई भोट दिइरहेका छन् भने भारतीय भूमि पुग्न नसक्नेहरू आफ्नै गाउँ-सहरमा रकम संकलन गरी प्रतिनिधिलाई सीमापारि पठाएर भोट हालिरहेका छन्। भोट दिन सीमावर्ती भारतीय बजार पुगेका नेपालीहरूलाई त्यहींका समर्थकहरूले भोट हाल्नका निम्ति भारतीय मोबाइलका सिमकार्ड उपलब्ध गराउँदै आएका छन्।




हेयर स्टाइलिस्ट नील डेबिडले काठमाडौं मलमा प्रशान्तको पक्षमा टाँगेको ब्यानर

उत्कृष्ट पाँचमा प्रशान्तलाई उभ्याउन धरानेहरूले १३ हजार भारतीय रुपैयाँको करिब ४ हजार ५ सय भोट हालेको सहयोग संकलन समितिका संयोजक बाबुराम योञ्जनले बताए। संयोजक योञ्जनका अनुसार ६ सातायता धरानेहरूले ५० हजारभन्दा बढी भारतीय रुपैयाँ प्रशान्तलाई भोट दिन खर्च गरिसकेका छन्।

भोट दिनका निम्ति रकम उपलब्ध गराउनेहरूको घुइँचो नै लाग्ने गरेको योञ्जनले बताए। एक दर्जन युवा घर-घर डुलेर तथा भानुचोकमा स्टल राखेर प्रशान्तलाई भोट दिन रकम संकलन गरिरहेका छन्। उनीहरूले साप्ताहिक रूपमा ३ जना प्रतिनिधि दार्जीलिङ पठाई धरानका तर्फबाट भोट दिँदै आएका छन्। २४ वर्षीय युवक प्रशान्त एकपल्ट मात्र 'डेन्जर जोन'मा परेका छन्।

## राजधानीका मिस्टर एन्ड मिस

काठमाडौं– विगत केही वर्ष यतादेखि हुँदै आएको मिस्टर एन्ड मिस राजधानी शीर्षकको मोडल प्रतियोगिताले यस पटक पनि निरन्तरता पाउने भएको छ। राजधानीका साथै मोफसलमा प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालनमा सक्रिय रहँदै आएको द एरो मोडलिङ एजेन्सीले आयोजना गर्ने यो प्रतियोगिता भोलि शानिबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजित हुँदैछ। सपन जे. शर्माको व्यवस्थापन तथा सिद्धान्त घिमिरेको कोरियोग्राफी रहने प्रतियोगितामा करिब दुई दर्जन युवायुवतीको सहभागिता छ। भर्खरै पोखरामा सम्पन्न मिस पश्चिमाञ्चल प्रतियोगिताका सहभागीहरूले पनि भाग लिने यो प्रतिस्पर्धामा मिस्टर एन्ड मिसका अतिरिक्त अन्य विधाका विजेताहरू पनि छनौट गरिनेछ। कार्यक्रमलाई मनोरञ्जनपूर्ण बनाउन अन्य खुराकका साथमा बालबालिकासम्बन्धी फेसन सो पनि समावेश गरिनेछ।

## लिटिल जिनियस नेहा




तस्बिर : साइबरसंसार डटकम

काठमाडौं– बालअधिकार आजको आवश्यकता भन्ने नारासहित गत शनिबार ७-१२ वर्ष उमेर समूहका ५५ जना बालबालिका समेटेर 'लिटिल जिनियस नेपाल' शीर्षकको बालबालिकासम्बन्धी प्रतिस्पर्धा सम्पन्न भयो। ड्रिम एराको आयोजनामा सम्पन्न उक्त प्रतियोगिताका सहभागीहरू फेम फेसनद्वारा तयार पारिएका पहिरनमा सजिएका थिए। परिचयात्मक, बेस्ट ड्रेस, टप ट्वेन्टी र टप एथ गरी चार चरणमा विभाजित सो प्रतियोगितालाई सोफिया महर्जन र पुष्पा थापाले कोरियोग्राफी गरेका थिए। कोरियोग्राफीमा शर्मिला गुरुङ र मनिला श्रेष्ठको पनि सहकार्य थियो। ५५ जना प्रतिस्पर्धीबाट प्रारम्भ भै टप ट्वेन्टीमा छानिएका सहभागीहरूले प्रश्नोत्तरको साटो निर्देशित विषयमा आफ्नो अभिव्यक्ति दिएका थिए। अन्ततः टप एथमा राम्रो र उत्कृष्ट प्रस्तुति दिएर नेहा महर्जनले लिटिल जिनियस नेपालको उपाधि जितिन्। प्रतियोगिताको फस्ट नरनअप उपाधिमा अभिप्सा बस्नेतले कब्जा जमाइन् भने रोजिना दाहाल र आस्मा पोखरेल संयुक्त रूपमा सेकेन्ड रनरअप छनौट भए। अन्य उपाधिहरूतर्फ श्रुति कुँवर मास्टर ट्यालेन्टेड, सोखिना रञ्जित मास्टर डिसिप्लिन, संजीवनी सुवेदी बेस्ट फोटोजेनिक, क्याजरिन रञ्जित मस्ट फ्रेन्डसिप, नेहा महर्जन वेस्ट स्पीच, सनिल गुरुङ मस्ट एक्टिभ, स्नेहा राना मस्ट चार्मिङ पर्सनालिटी, सचिन गुरुङ बेस्ट पर्फर्मेन्स, नीलिमा राणामगर बेस्ट स्माइल तथा तृप्ति महर्जन मस्ट स्विट छानिए।



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## लभ गुरु रेखा

म १८ वर्षीय युवक हुँ। हाम्रो जातमा मामाकी छोरीसँग विवाह गर्न मिल्छ तर फुपूकी छोरीलाई विवाह गर्न मिल्दैन। मेरो र फुपूकी छोरीबीच प्रेम सम्बन्ध छ। हामी एक-अर्काबिना बाँच्न पनि सक्दैनौं। फुपूकी छोरी नाताले उनी मेरी दिदी पर्छिन्। हाम्रा आफन्त तथा समाजलाई यो कुरा पच्दैन भन्ने कुरा हामीलाई थाहा छ। हाम्रो मागी विवाह असम्भव छ। त्यसैले मैले उनलाई भगाएर विवाह गर्नु उचित होला कि यो सम्बन्धलाई टुङ्ग्याउनु ? सही निर्णय लिन सकिरहेको छैन, म के गरूँ ?

–एस.के.

तपाईंको समस्या सामाजिक परम्परासँग गाँसिएको छ। कतिपय प्रेमिप्रेमिकाले सबै किसिमका सामाजिक परम्पराका विरुद्ध विद्रोह गरेको उदाहरण हामीसँग प्रशस्तै छ, तर तपाईंकी फुपूकी छोरीसँग तपाईंको रगतको नाता छ। हाम्रो कानुनले पनि निश्चित पुस्तासम्म रगतको नातामा विवाह गर्ने अनुमति दिँदैन। वैज्ञानिक तर्कहरूले पनि रगतको नातामा वैवाहिक सम्बन्धलाई अस्वीकार गर्छ। यस्तो स्थितिमा तपाईंले सामाजिक परम्परा र वैज्ञानिक तर्क दुवैको सम्मान गर्नु तपाई र तपाईंकी फुपुकी छोरी दुवैको हितमा देखिन्छ। तसर्थ फुपूकी छोरीलाई भगाएर विवाह गर्नुभन्दा तपाईंहरूको सम्बन्धलाई टुङ्ग्याउनु नै उचित हुन्छ। किनभने प्रेम भनेको प्राप्ति मात्रै होइन। तपाईंहरूले आफ्नो सम्बन्ध टुङ्ग्याउदा पनि एक अर्कासँग भावनात्मक सम्बन्ध राख्न सक्नुहुन्छ। यस्तो भावनात्मक सम्बन्ध कुनै पनि किसिमको शारीरिक प्रेमभन्दा उच्च कोटीको हुन्छ भन्ने प्रशस्त उदाहरण छन्।

## फिल्मी खबर

**नयाँ** निर्देशक रामजी लामिछानेले निर्देशन गरेको चलचित्र घातक भदौको अन्तिम साता उपत्यकाबाहिरबाट प्रदर्शनमा आउने भएको छ। प्रभुशमशेर जबराको निर्माण रहेको यो चलचित्रमा रमित ढुंगाना, झरना थापा, सुमन सिंह, गरिमा पन्त, रवि बस्नेत, जीवन लुइँटेल आदिको मुख्य भूमिका छ। लक्ष्मण शेषको संगीत सुन्न पाइने घातकमा दुईवटा गीत मात्रै छन्।



**नारायण** पुरीद्वारा निर्देशित चलचित्र अल्पविराम प्रदर्शनका निम्ति तयार भएको निर्माण पक्षले जनाएको छ। देशभरि एकै पटक प्रदर्शनमा आउन लागेको उक्त चलचित्रमा माओवादीद्वारा सञ्चालित बाह्र वर्षे जनयुद्धको कथा समेटिएको छ। अल्पविराममा विजय लामा तथा सुनील पोखेलको मुख्य भूमिका छ। विकास आचार्यको लेखन रहेको अल्पविरामको निर्माण युनुस अन्सारी, प्रदीप उदय आदिले गरेका हुन्।

**सीबी** फिल्म्सको प्रस्तुति चलचित्र 'राम बलराम' को छायाँकन प्रारम्भ भएको छ। चिरञ्जीवी बस्नेत निर्माता रहेको चलचित्र 'राम बलराम' मा निखिल उप्रेती, अरुणिमा लम्साल, अमृतजंग बस्नेत तथा श्रीकृष्ण श्रेष्ठको मुख्य भूमिका छ। शिव रेग्मीको निर्देशन, विकास आचार्यको लेखन, हिमाल केसीको द्वन्द्व तथा कुमार बखतीको छायाँकन रहने 'राम बलराम' चिरञ्जीवी बस्नेतको चौबीसौं चलचित्र हो।

**तीन** वर्षको विश्रामपछि निर्देशक तुलसी घिमिरेले चलचित्र 'देश' को निर्देशन गर्ने भएका छन्। श्रवण घिमिरे निर्माता रहने देशमा राजेश हमाल, निरुता सिंह, निखिल उप्रेतीको मुख्य भूमिका रहने पक्का भएको छ। त्यसैगरी पहिलो पटक घिमिरे क्याम्पको चलचित्रमा शम्भुजित बाँस्कोटाले संगीत दिने भएका छन्। 'देश' राष्ट्रिय भावना जगाउने चलचित्र हुनेछ।

**शोभित** बस्नेतद्वारा निर्देशित मिसन लभ इन सिक्किमको छायांकन द्रूत गतिमा भैरहेको कुरा निर्देशक बस्नेतले बताएका छन्। विक्रान्त बस्नेत, रुस्मा राई, नागेन्द्र रिजालका साथै धेरैजसो सिक्किमे प्रतिभाले अभिनय गरिरहेको मिसन लभ इन सिक्किमको कथा विकास आचार्यले लेखेका हुन्। यसअघि निर्देशक बस्नेतले दसवटा चलचित्र निर्देशन गरिसकेका छन्। मिसन लभ इन सिक्किमको निर्माण शलोन फिल्म्सले गरिरहेको छ।

**गायिका** दीपा झाको कथामा निकै पहिले उनका गायक श्रीमान् उदितनारायण झाले निर्माण गर्ने भनिएको चलचित्र 'दोबाटो' अन्ततः चलचित्र निर्माता टंक लम्सालले निर्माण गरेका छन्। हाल उक्त चलचित्रको निर्माणकार्य सम्पन्न भएको छ। प्रदर्शनको तयारीमा रहेको उक्त चलचित्रलाई क्षितिज सिने आर्ट्सको ब्यानरमा निर्देशक दयाराम दाहालले निर्देशन गरेका हुन्। चलचित्रमा राजेश हमाल, निखिल उप्रेती तथा गरिमा पन्तको केन्द्रीय भूमिका छ भने यसको संगीत शम्भुजित बासकोटाले दिएका छन्।

**नेपाली** चलचित्रमा पनि एनिमेसन प्रविधिको प्रयोग बढ्दै गएको छ। यही क्रममा हाल मान्छेलाई एनिमेसन गरेर बाज बनाई उडाइएको चलचित्र 'बाज'को निर्माण भैरहेको छ। दीपक बस्नेतले निर्देशन गरेको उक्त चलचित्रमा राजेश ढुंगाना, पुजना प्रधान, धर्मेन्द्र आचार्य, रूपा पाठक, ज्ञानुजंग थापा आदि कलाकारको मुख्य भूमिका छ। साउन महिनाको अन्तिम सातातिर प्रदर्शनमा ल्याइने उक्त चलचित्रमा सुदाम थापाले संगीत दिएका छन्।

# क्यासिनोमा क्याटवाक



काठमाडौं– साउन महिनाको अन्तिम बुधबार होटल याक एन्ड यतिस्थित रोयल क्यासिनोमा हार-जितको खेलमा आफ्नो भाग्य परीक्षण गर्नेहरूको सदाझैं उत्तिकै थियो। क्यासिनोको वातावरणलाई केही ग्ल्यामरस र फेसनमय बनाउन अघि सरेका टिम वनका प्रकाश प्रधानको व्यवस्थापनमा राति ९ बजेदेखि क्यासिनोको वातावरण फेसनमय बन्न थाल्यो। मोडलद्वय रमिता भण्डारी र सब्बु शाह आफ्नो समूहसहित र्‍याम्पमा उत्रन थालेपछि फेसन सोले गति लियो। स्लिभलेस पहिरन र स्कर्टका विभिन्न शैलीबाट प्रारम्भ भएको उक्त फेसन सो प्रिन्टेड डिजाइन भएका विभिन्न वन पिस पहिरनको प्रस्तुतिसँगै अन्त भएको थियो। कार्यक्रममा फुल लेन्थ वन पिस स्कर्ट जिन्सका स्कर्ट, कार्गो पाइन्ट, हाल्फ पाइन्ट, मिनी माइक्रो कलर्ड कोरडोयका साथमा विभिन्न शैलीका स्लिभलेस टिसर्टहरू प्रस्तुत गरिएको थियो। सेतो र कालो रंगको सर्ट बुट कट जिन्स माथि, सेतो र कालो रंगको नि-लेन्थ बुट, टाउकोमा काउब्वाय ह्याट र आँखामा रंगीन गगल्समा ठाँटिएर यौवनाहरू र्‍याम्पमा उत्रँदा दर्शक दीर्घाबाट राम्रै हुटिङ आएको थियो। काउ ब्वाय सिक्वेन्सका अतिरिक्त स्कर्ट तथा टिसर्टको सिक्वेन्सलाई पनि दर्शकहरूले उत्तिकै रुचाए। क्याजुएल वेयरका रूपमा ग्ल्यामरस फेसनको प्रस्तुतिपछि डिजे आभासले बजाएको संगीतको तालमा राति अबेरसम्म क्यासिनोको वातावरण डान्सपार्टीमय भएको थियो।



# सिमसिमे पानीमा तीजको रमझम




बुटवल– नजिकिँदै गएको महिलाहरूको प्रमुख चाड तीजलाई लक्षित गरेर स्थानीय सिद्धेश्वर मा.वि., दीपनगरको प्राङ्गणमा गत शनिबार खुला तीज गीत र नृत्य कार्यक्रम सम्पन्न भयो। बुद्धभूमि युवा क्लबको आयोजनामा स्थानीय बीबीएन च्यानलको लोक छहारी सांगीतिक कार्यक्रमका लागि छायांकन गरिएको कार्यक्रममा रातो सारी र ब्लाउज अनि चुरापोतेसहितका गहनाले सजिएका महिलाहरू सिमसिमे पानीमा भिज्दै धीत मरुन्जेल गाउन र नाच्न व्यस्त भए।

वर्ष दिनपछि पहिलोपटक आयोजना भएकाले महिलाहरूले झरीको वास्ता नगरी दिनभर कम्मर मर्काई-मर्काई नाचगान गरे। हार्मोनियम र मादलको तालमा तीजका थरीथरी भाखामा भएको नाचगानको रमझम हेर्न जम्मा भएका सयौं युवायुवती एवं वृद्धवृद्धा पनि गाउन र नाच्नमै मस्त देखिन्थे। तीज आउन अझै तीन साता बाँकी भए पनि उक्त कार्यक्रमको वातावरण भने तीजमय देखिन्थ्यो।

**– टोपराज शर्मा**

# तानसेनमा पहिलो डान्सपार्टी



पाल्पा– वर्षायामको झरी पनि नभनी पाल्पामै पहिलो पटक आयोजना गरिएको डान्सपार्टीले उपस्थित सबैलाई मनोरञ्जन प्रदान गर्‍यो। रिमझिम पानी परिरहेको भए पनि तानसेनका युवा-युवतीले डान्सपार्टीको पर्याप्त मज्जा लिए। मगर युवायुवतीहरूको समूह लाङ्घाली ग्रुपले आयोजना गरेको डान्सपार्टीले तानसेनको चिसो सिरेटोलाई बिर्साएको थियो।

श्रीनगर डाँडाको काखमा स्थित होटल श्रीनगरमा सम्पन्न डान्स पार्टीमा सयौं युवा-युवतीले भाग लिए। डान्सपार्टीमा मगर समुदायको बाहुल्य रहेको लाङ्घाली ग्रुप (एलजी) का युवा-युवतीको जमघट बढी थियो। पहिलो पटक भएकाले यो हाम्रा लागि सिक्ने अवसर पनि हो भन्दै एलजी ग्रुपका अध्यक्ष पप्पु आलेले साप्ताहिकसँग भने- 'आगामी दिनमा अझ व्यवस्थित रूपमा यस्ता कार्यक्रम आयोजना गरिनेछ।'

कहिलेकाहीं यस्तो रमाइलो पनि हुनुपर्छ भन्दै तानसेन बसपार्कका एक युवाले भने– 'पहिलो पटक भए पनि तानसेनवासी युवाको जमघट राम्रै रह्यो।' पहिले टिकट नबिकेर हैरान भएका आयोजकहरू पछि निकै हौसिए। भीड बढ्न थालेपछि आयोजक टिकट बिक्री नै रोक्न बाध्य भएका थिए। साँझ अलि अबेला गएको त टिकट नै पाइएन भन्दै गेटबाट फर्किएकी एक युवतीले भनिन्– 'धक फुकाएरनाच्ने मन थियो, तर इच्छा पूरा भएन।'

**–माधव अर्याल**

## केवल एक प्रश्न

# मानिसको भुँडी किन बढ्छ ? यसलाई कसरी कम गर्न सकिएला ?



भुँडी जात र पेसाअनुसार बढ्छ। आइमाई मानिसलाई लोग्नेमानिसले बढी माया गरे भुँडी बढ्छ, नेताको भ्रष्टाचारले बढ्छ, कलाकारको खान नपाएर ग्याँस्ट्रिकका कारणले बढ्छ, व्यापारीको जनतालाई कमसल ख्वाएर बढ्छ। कारण पत्ता लागेपछि घटाउन त गाह्रो छैन नि....

**दीपकराज गिरी, हास्यकलाकार**

भुँडी बढ्नु सम्पन्नताको प्रतीक हो। आराम गर्ने, विलासितामा बस्नेहरूको भुँडी बढ्छ। लगजरियस लाइफबाट टाढा रहयो भने भुँडी आफैं घट्छ।

**आलोकश्री, संगीतकार**

केही नगरी खाने-सुत्ने मात्र गरेपछि भुँडी बढिहाल्छ नि, रनिङ पनि गर्नुपर्‍यो। भुँडी बढ्नु भनेको रोग बढ्नु हो त्यसैले भुँडी घटाउन क्लबमा जानुपर्‍यो। कसैको भुँडी घटाउनुपर्ने भए मकहाँ पठाइदिए हुन्छ।

**योगेन्द्र श्रेष्ठ, द्वन्द्व निर्देशक, सञ्चालक, स्टार एकेडेमी**

बलका लागि नभै मलका लागि बेस्सरी हसुरेपछि भुँडी नलाग्ने त कुरै छैन। ठिक्क अनि मीठो खानुपर्छ, भुँडी आफैं ठीकमा आउँछ।

**शिरोमणि दवाडी, कलाकार**

बियर खाने र बसीबसी गफ चुट्नेहरूको भुँडी नलागेर कसको लाग्छ ? त्यसैले अनियन्त्रित तरिकाले खानु भएन। श्रीमतीले माया गरेनन् भने जति भुँडी लागे पनि घटिहाल्छ नि।

**सीताराम पोखरेल, गायक**

## चलचित्र




### फिलिङ्गो

गाउँको सामन्तले गरिबमाथि गर्ने शोषण-दमन एवं अन्याय-अत्याचारमा आधारित चलचित्र 'फिलिङ्गो' को पहिलो च्यारिटी सो गत सोमबार बुटवलमा सम्पन्न भयो। गुर्खा फिल्म्स प्रा.लि.को प्रस्तुति रहेको फिलिङ्गोमा गाउँका एक गरिब बाबु तथा उनका विद्यालय पढ्ने उमेरका छोराले भोग्नुपरेको चरम दुःख-पीडा एवं सामन्त मुखियाको अन्याय-अत्याचारको मर्मस्पर्शी कथा छ। मुखियाको अत्याचारले सीमा नाघेपछि उसकै घरमा बन्धक बनेको एउटा निरीह गरिब बालकले कसरी विद्रोह गर्छ, कसरी उसकै हतियार खोस्छ र मुखियाविरुद्ध सारा गाउँलेलाई एकजुट गराएर अन्तमा उसलाई कालामोसो दलेर गाउँबाट धपाउन सफल हुन्छ भन्ने कुरा चलचित्रमा देखाइएको छ। चलचित्रको संवाद ठेट नेपाली छ। वेशभूषा, पहिरन सबै ग्रामीण परिवेश सुहाउँदा छन्। फिलिङ्गोको कथालेखन, निर्माण, निर्देशन, छायांकन एवं सम्पादन आदि काम शारीरिक रूपमा अपाङ्ग लोकध्वज शाह एक्लैले गरेका छन् भने कहिल्यै क्यामेरा फेस नगरेका गाउँकै कलाकारको अभिनय जीवन्त र अनुकरणीय छ। अत्याचारविरुद्ध एकपटक उठेको बन्दुक सामन्तलाई धपाएपछि खोलामा विसर्जन गरेर चलचित्रमा स्थायी शान्तिको सन्देश पनि दिन खोजिएको छ। गुल्मी जिल्लाको शान्तिपुर क्षेत्रका विभिन्न ठाउँमा छायांकन गरिएको यो चलचित्रमा बालकलाकार सचिन शाह (रामे नेपाली), चन्द्रबहादुर खत्री (फुर्से नेपाली) तथा किरण शाह (मुखिया) ले प्रमुख पात्रका रूपमा अभिनय गरेका छन्। ११ लाख रुपैयाँको लागतमा निर्मित करिब २ घण्टा लामो एलसीडी प्रविधिको यो चलचित्रमा रामेश श्रेष्ठको गीत-संगीत सुन्न पाइन्छ ।

**–टोपराज शर्मा**

### देवरबाबु





परिवारिक चलचित्रमा हरेक मरमसला हाल्न खप्पिस निर्माता केशव भट्टराईले निर्माण गरेको अर्को त्यस्तै चलचित्र 'देवरबाबु' आज शुक्रबारदेखि राजधानीका विभिन्न सिनेमाघरहरूबाट सार्वजनिक गरिंदैछ। चलचित्रमा नायकद्वय विराज भट्ट र रमित ढुंगाना चोर हुन्छन्। उनीहरूलाई चोरी कार्यमा नायिका रेखा थापाले पनि सहयोग पुऱ्याइरहेकी हुन्छिन्। नायकद्वयले नायिका तृप्तिलाई भाउजु मानेका हुन्छन्। भाउजुलाई कुनै अप्ठेरो परेको खण्डमा यी दुई देवर सहयोग गर्न सधै तत्पर हुन्छन्। चलचित्रका खलनायक हेमन्त बुढाथोकी आदिले उनीहरूबीचको सम्बन्धमा तगारो तेर्साउने कार्य गर्छन्। देवरबाबुका निर्देशक ज्ञानेन्द्र देउजा हुन्। सुरज सुब्बा 'नाल्बो' को कथा तथा प्रदीप भारद्वाजको पटकथा/संवादमा निर्माण भएको यो चलचित्रमा सुरेश अधिकारीको संगीत, वसन्त श्रेष्ठको नृत्य, राजेन्द्र खड्गीको द्वन्द्व, दीर्घ गुरुङको छायाँकन एवं रजनीनाथ पन्तको सम्पादन हेर्न पाइन्छ।

### हे बेबी



आज शुक्रबार सार्वजनिक हुने हिन्दी चलचित्र 'हे बेबी' को सबैभन्दा रमाइलो पक्ष यो चलचित्रमा बलिउडका १६ जना चर्चित अभिनेता तथा अभिनेत्रीलाई चलचित्रका गीतमा अतिथि कलाकारका रूपमा नृत्य गराइएको छ। चलचित्रका नायक अक्षय कुमार, रितेश देशमुख, फरदिन खान, विद्या वालन, अनुपम खेर, वमन इरानी, किम शर्मा आदिको मुख्य भूमिका भए पनि शाहरूख खान, हृषिता भट्ट, आरती छावरिया, मासुमी मुखिजा, सोफी चौधरी, रिया सेन, मिनिषा लाम्बा, तारा शर्मा, अमृता राव, अमृता अरोरा, मलाइका अरोरा, नेहा धुपिया, शमिता सेट्टी, दिया मिर्जा, कोयना मित्रा तथा अमिषा पटेल अतिथिका रूपमा देखिनेछन्। साजिद नाडियावालाद्वारा निर्देशित यो चलचित्रका निर्देशक साजिद खान हुन्। शंकर, एहसान र लोयको संगीतमा निर्माण भएको यो चलचित्र पूर्णतया हास्य चलचित्र हो। सिड्नीबाट स्नातक सकेका तीनजना कुमार युवक अक्षय, रितेश र फरदिन युवतीहरूलाई प्रेमजालमा फसाउन खप्पिस मानिन्छन्। एउटी युवती विद्या वालन उनीहरूको जीवनमा आउँछिन् साथै आफ्नै बानीका कारण तीनै जना एउटा समस्यामा पर्छन्। यो चलचित्रको छायाँङ्कन अष्ट्रेलियामा गरिएको हो।

### वार




एक्सन चलचित्रका पारखी नेपाली दर्शकलाई एक्सन अभिनेता जेट लीका चलचित्र निकै मनपर्छन्। यो साता सार्वजनिक हुने चलचित्र 'वार' मा अभिनेता जेट लीको नौलो एक्सन हेर्न पाइनेछ। चलचित्र 'वार' नाम अनुसारकै एसियाका खतरनाक ग्याङस्टर तथा एफबिआई एजेन्टहरूबीचको युद्धमा आधारित छ। एफबिआईका एजेन्टहरू रोग्यु नाम गरेका एक खतरनाक ग्याङ्स्टरको खोजीमा हुन्छन्। रोग्युले एकजना एफबिआई एजेन्टको हत्या गरेपछि उनको खोजी तीव्र रूपमा हुन थाल्छ। रोग्यु शीर्षक पनि राखिएको यो चलचित्रलाई एक्सन, एडभेञ्चर, थ्रिलर, क्राइम, ग्याङ्स्टर, ब्लडी भ्वाइलेन्स, सेक्सुअल्ली र न्युडिटीको दर्जा दिइएको छ। क्यानाडामा छायाँकन गरिएको यो चलचित्रमा जेटलीका अतिरिक्त जेसोन स्थाम, डेभोन ओकी, निकोलस इला तथा लुइस गुजमानको मुख्य भूमिका छ। चलचित्रका निर्देशक फिलिप जि. एटवेल हुन्।











## सानो पर्दा

**अन्मिनको** बोली' नामक रेडियो कार्यक्रम आजदेखि साताको दुई पटक प्रसारण हुँदैछ। पत्रिका-शैलीमा बनाइएको १५ मिनेट लामो यो कार्यक्रम नेपालको सार्वजनिक रेडियो स्टेसन रेडियो नेपालको साझेदारीमा प्रस्तुत गरिंदैछ। यसलाई सबै रेडियो नेटवर्क र स्टेसनहरूलाई उपलब्ध गराइएको छ। यो कार्यक्रमको उद्देश्य मुलुकभरका नेपाली समुदायहरूलाई अन्मिन तथा नेपालस्थित संयुक्त राष्ट्रसंघको टोलीले शान्ति प्रक्रियामा कसरी सहयोग पुऱ्याइरहेको छ भन्ने विषयमा सचेत गराउनु हो। हामी आशा राख्छौं-यसले संविधानसभा चुनावसम्मका दिनहरूमा शान्ति प्रक्रियाप्रति नेपालीहरूको विश्वास बढाउन मद्दत पुऱ्याउनेछ, -अन्मिनको सार्वजनिक सूचना कार्यालय प्रमुख किरण ड्वायरले भन्नुभयो। प्रारम्भिक चरणका कार्यक्रम मुख्यतः अन्मिनले गर्ने हतियार तथा सेना अनुगमन र निर्वाचन आयोगलाई संविधानसभा चुनाव तयारीका लागि अन्मिनले दिने प्राविधिक सहयोग केन्द्रित हुनेछन्। सुरुमा यो कार्यक्रम नेपालीमा प्रसारण हुने र केही साताभित्रै पाँच अन्य भाषा मैथली, भोजपुरी, अवधी, थारू र तामाङमा पनि प्रसारण हुनेछ। अन्मिनको बोली रेडियो नेपालमा हरेक सोमबार र शुक्रबार बिहान ८:१५ बजे, रेडियो सगरमाथाबाट हरेक मंगलबार बिहान ८:३० बजे र शानिबार बिहान ९ बजे, उज्यालो नेटवर्कबाट हरेक सोमबार र बिहीबार साझेदार स्टेसनहरूको सहमतिअनुसार बिहान ६:४५ र ७:३० को बीचमा, इमेज एफएमबाट हरेक आइतबार र शुक्रबार विहान ७:१५ बजे तथा कान्तिपुर एफएमबाट हरेक मंगलबार र शुक्रबार बिहान ७:३० बजे प्रसारण हुनेछ।

**अस्पतालभित्र** हुने विकृति-विसंगतिलाई चिर्दै गायक प्रकाश पौडेलले एउटा हास्यप्रधान टेलीश्रृङ्खला बनाएका छन्। टेलीश्रृखलाको नाम नै 'डाक्टर सा'ब' जुराइएको छ। टेलीश्रृङ्खलाको सम्पूर्ण छायाङ्कन एवं सम्पादन धरानमै गरिएको छ। उक्त श्रृङ्खला हाललाई ५२ भागमा तयार



गरिएको पौडेलले बताए। अस्पतालमा रोगी र बिरामीको सेवा गर्ने चिकित्सक तथा नर्सका विषयमा भारतीय टेलीश्रृङ्खला सञ्जीवनी बनेको भए पनि त्यसबाट आफू प्रभावित नभएको पौडेलले बताए। कथा र निर्देशन पनि पौडेलकै रहेको श्रृङ्खला डाक्टर सा'बमा कलाकारहरू सुवर्ण पालिखे, कृष्ण आचार्य, राजीव दाहाल, कमला अधिकारी, शिवानी लिम्बू, गोपाल दाहाल आदिले अभिनय गरेका छन्।

**लोकगायक** तुलसी पराजुली पनि टेलिभिजनको कार्यक्रमका सञ्चालक भएका छन्। एनटिभी टुबाट प्रसारण हुने गरेको लोकगीत/संगीतसम्बन्धी कार्यक्रम 'हाम्रो भाका हाम्रो संस्कृति'को सञ्चालन पराजुलीले गर्न थालेका हुन्। उक्त कार्यक्रम हरेक बुधबार साँझ सात बजे नेपाल टेलिभिजन-२ मा आउने गरेको छ।

**इमेज** च्यानलमा हरेक साता २५ मिनेटको खेलकुदसम्बन्धी कार्यक्रम 'खेल' प्रसारण हुने गरेको छ। एउटा सम्पूर्ण खेल पत्रिकाको स्वरूपमा ढालिएको उक्त कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलका खबरहरूलाई रोचक ढंगबाट प्रसारण गरिन्छ। हरेक मंगलबार साँझ साढे नौ बजे प्रसारण हुने उक्त कार्यक्रमका निर्माता तथा प्रस्तोता नीराजन हुन्।


cover: Suman Shrestha
photography: Prem Pradhan
COMPACT disc DIGITAL AUDIO







## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



दुई-तीन दिनदेखि लगातार रक्सी खाएर ढलमल गरी घर फर्किएको बिकुराम ढिलो उठेको देखेर श्रीमतीले झर्किंदै : के हो हिजोआज त प्रत्येक साँझ खुब पार्टीको रमझम छ नि ? होइन तपाईं सधैं त्यस्तो ढलमल हुने गरी के पिउनुहुन्छ भन्नुस त ?

बिकुराम : बुझिस् बूढी, मैले बुधबार पानीमा ब्रान्डी मिसाएर खाएँ, मलाई लाग्यो । बिहीबार पानीमा रम मिसाएर खाएँ फेरि लाग्यो, अनि हिजोचाहिँ पानीमा ह्वीस्की मिसाएर खाएँ फेरि पनि लाग्यो । त्यसैले अबदेखि म कहिल्यै पानी खान्नँ ।

०००

बिकुराम बिरामी भएको एक वृद्ध छिमेकीलाई भेट्न अस्पताल पुगेछ । बिकुराम आईसीयूमा अक्सिजन लगाएर सुतेको छिमेकी नजिकै के उभिएको थियो, बिरामीको स्थिति त झन् खराब भएछ । बिरामीले आफ्नो हात बेस्सरी हल्लाउन थालेछ र केही लेख्न खोजेको जस्तै गरी इसारा गरेछ । बिरामीले केही लेख्न खोजेको होला भनेर बिकुरामले हत्त न पत्त आफ्नो गोजीबाट कलम र एक टुक्रा कागज दिएछ । बिरामीले केही लेख्दालेख्दै छिमेकीले अन्तिम श्वास फेरेछ । वृद्ध बिरामीको मृत्यु भएकाले कागजमा जे लेखे पनि पछि हेरौंला भनेर विकुरामले आफनो जोगीमा हालेछ ।

केही दिनपछि विकुरामले आफ्नो बितेको छिमेकीले लेखेर दिएको कागजको टुक्रा याद आएछ र त्यो कागज राखेको पाइन्ट खोज्न थालेछ । मनमनै सोचेछ : पक्कै पनि छिमेकीले भेट्न नपाएका आफ्ना छोराहरूलाई सन्देश लेखेको होला । अनि कागज निकालेर पढेछ : ओ बिकुराम भाइ, तैंले मेरो अक्सिजनको पाइप कुल्चेर बसेको छस्, खुट्टा छिटो हटा, नत्र म मर्छु ।

०००

एउटा व्यक्ति बारमा बसेर लगातार रक्सी पिइरहेको थियो । उसको पिउने शैलीबाट छक्क पर्दै अर्को भलाद्मीले सोध्यो, 'यसो विचार गर्दा तपाईं निकै दुःखी हुनुहुन्छ जस्तो लाग्यो । त्यस्तो के भयो ?'

'हजुर म दुःखी नै छु । तीन महिना पहिले मेरी आमा मरिन् । उनले मेरो नाममा २० लाख रुपैयाँ जम्मा गरेकी थिइन् ।'

'दुई महिनापहिले मेरा बुवा खसे । उनले पनि मेरो नाममा १० लाख रुपैयाँ जम्मा गरिदिएका रहेछन् ।'

'एक महिनाअघि मेरी फुपू खसिन् । उनले पनि मेरो नाममा ८ लाख रुपैयाँ जम्मा गरिदिएकी थिइन् ।'

भलाद्मीले दुःखी हुँदै भन्यो, 'अहो, त्यतिविघ्न माया गर्नेहरूले लगातार छाडेर गएछन् । धेरै दुःखको कुरा हो ।'

रक्सी पिउनेले भन्यो, 'सबैभन्दा दुःखको कुरा यो महिना त्यस्तो माया गर्ने कोही पनि मरेनन् ।'

## कविता

### मनको राजा



मेरो मनको राजा अन्तिम पत्र कोर्दै होला
कलम लुकाएर चिठी बन्द गर्दै होला
आँखा पनि रसाए होला ओठ पनि सुके होला
विगत सम्झिएर सपनी मै पासो थाप्ने तयारीमा होला
थाके होलान् हातहरू अँगालोमा बाँध्ने आशा राखी
सम्हाल्ने कोसिस गर्दै होला मुटुमाथि ढुंगा राखी
दिलको राजा मन बुझाउन तस्बिरहरू हेर्दै होला,
मुठीभित्र रगत झिकी अन्तिम पत्र कोर्दै होला ।

–सरिता क्षेत्री

### प्रेम कस्तो-कस्तो ?

तिमीलाई मात्र देखिरहूँ, तिमीलाई मात्र भेटिरहूँ
पहिलो प्रेम कस्तो-कस्तो, लाग्छ एकनास हेरिरहूँ
तिम्रै छायाँ अघिपछि, रूप आँखाभरि
न त निद्रा न त भोक, झल्को घरी-घरी
पाइलैपिच्छे टेकिरहूँ, तिमीलाई मात्र भेटिरहूँ
पहिलो प्रेम कस्तो-कस्तो, लाग्छ एकनास हेरिरहूँ
कल्पनामा कहाँ पुग्छु, तिम्रै आँगनमा हुन्छु
साथमा तिमीलाई नभेट्दा, सम्झी-सम्झी रुन्छु
सधै तिमीलाई देखिरहूँ, सधैं तिमीलाई भेटिरहूँ
पहिलो प्रेम कस्तो-कस्तो लाग्छ एकनास हेरिरहूँ ।

–प्रेमनिशानी मगर

### फुटाएर गयौ सानु

आफ्नो मन आफैसँग टुटाएर गयौं सानु
सोझो थिएँ यो मन सबै लुटाएर गयौ सानु
बल्लबल्ल प्रगति पथमा हिंड्न थालेको थिएँ
सुन्दर सपनाहरू सबै फुटाएर गयौ सानु
आशक्त थिएँ तिमीप्रति चोखो माया दिएकै थिएँ
झूटो आरोप लगाई तिम्ले कुटाएर गयौ सानु
बाँचेको अर्थ के नै रह्यो र पलपल मारिहाल्यौ
मेरो ज्यान चितामाथि मलामी जुटाएर गयौ सानु ।

–सुदीप रिमाल

### भुल्नै सकिन

बैगुनीलाई आज-भोलि भुल्नै सकिन
निर्मोहीसँग मनको कुरा खेल्नै सकिन
बोलूँ भन्छु उनको अघि बोल्नै आएन
अबोध मेरा लेखनीले लेख्नै चाहेन
निराशाको बादल छायो आज मेरो मनमा
वहार छैन जस्तो लाग्छ बैगुनीको तनमा
आशा लाग्छ मलाई जता गए पनि
आशा लाग्छ मलाई अझै भेट्छु कि भनी
निर्मोहीसँग मनको कुरा खोल्नै सकिन ।

–राजेश बाराकोटी

### चोर भन्ने बात आयो

धुरुधरु रुन पर्ने ओहो ! कस्तो रात आयो
आफ्नै खल्ती छाम्दा पनि चोर भन्ने बात आयो
निमुखाको उपदेशमा अलङ्कार हुन्न रै'छ
सँगै हिंडने साथीबाट धोका खातै खात आयो
सपनाको संसारमा एक्कासी खै के भएछ
नसोचेको कहानीको दशा साढे सात आयो
के भएछ आज मलाई नखाएरै विष लाग्यो
पिएको पल यादै छैन तर आज साञ्है मात आयो
फूलबारीमा गुलाबको फूल टिप्न खोज्दै थिएँ
अनायसै आफ्नो हातमा कुकेको पात आयो ।

–शंकर सापकोटा

### शब्दहरू भरिदेऊ

छुट्यो भने कतै साथ गीतमै मलाई सुनिदेऊ
फूल जस्तो लाग्यो भने माला बनाई उनिदेऊ
चुलबुले मन भाग्न खोज्ला दिलभित्र थुनिराख
हजारौं मुटुले बाटो छेक्ला केवल मेरै मुटु चुनिराख
म तालमा ताल दिन्छु, तिमी शब्दहरू भरिदेऊ
म सरगम गुनगुनाउँछु तिमी संगीत छरिदेऊ
सरगमको सारेगम तालमा तिमी तिना धिना
म सारंगी तिमी तार अधुरो छौं हामी एक बिना ।

–विष्णुराज उप्रेती

## लघुकथा

### बलिदानको मूल्य



वैशाख ११ गते लोकतन्त्र दिवस भव्य रूपमा मनाइयो । नेताहरूले गणतन्त्रको नारा घन्काए । कलाकारहरूले आ-आफ्नो कला प्रदर्शन गरे । सहिदको बलिदानको उच्च मूल्यांकन गर्ने उद्घोष गर्दै सहिदका परिवारलाई फूल माला लगाएर स्वागत गरियो । देशभरि यस्तै कार्यक्रम गरेर प्रतिगमनको वार्षिकी मनाइयो ।

लोकतन्त्रको यत्रो भव्य कार्यक्रम हुँदा एक सहिदका बुबा कुनामा चुपचाप उभिरहेका थिए । नेताजीको जुरुक्क उचाल्ने भाषण, कलाकारको गीत र नृत्य तथा नाटकहरूले पनि उनलाई छुन सकिरहेको थिएन । सबैभन्दा पाका व्यक्तिको यो व्यवहारपछि उद्घोषकले उनलाई मञ्चमा आएर आफू दुःखी हुनुको कारण स्पष्ट पार्न आग्रह गरे । आफू सहिदका बुवा भएको परिचय खुलाउँदै ती वृद्धले भने– 'म तपाईंहरूसँग लोकतन्त्र प्राप्तिको खुसी मनाउन सक्तिनँ । किनभने मेरो छोरालाई गोली हान्न निर्देशन दिने व्यक्तिलाई कारबाही भएकै छैन । जबसम्म अपराधीले सजाय पाउँदैन, हामीले लोकतन्त्र प्राप्त भएको खुसी बाँड्न मिल्दैन ।'वृद्धको भाषणपछि धेरै सहिद परिवार कार्यक्रम बहिष्कार गर्दै बाहिरिए ।

–शिवराम सापकोटा

# संखुवासभामा फस्टायो अल्लो खेती

संखुवासभामा २०४६ देखि अल्लोको व्यावसायिक खेती थालिएको हो । जिल्लाका बाला, सिसुवा, ताम्कु, मांतेवा, याफू, पाथिभरा, नुम, मत्स्यपोखरी, पावाखोला, बाह्रबीसे, तामाफोकसमेतका गाविसका सामुदायिक तथा राष्ट्रिय वनमा प्रचुर मात्रामा अल्लो पाइन्छ । अल्लोबाट कात्तिकदेखि जेठसम्म पाट संकलन गरेर पकाउँदै धागो बनाइन्छ । यसरी धागो बनाएपछि अल्लो कपडा उत्पादन हुने र यो देशका विभिन्न बजार हुँदै अमेरिकादेखि जापानसम्म निर्यात गरिन्छ ।



अल्लोका कपडा लगाउँदा गर्मीमा चिसो र जाडोमा तातो हुन्छ । संखुवासभामा त अल्लोका कुनै न कुनै कपडा प्रयोग नगर्ने मानिस भेट्न मुस्किल हुन्छ । बाहिरी जिल्लाबाट आएका आन्तरिक पर्यटक तथा कर्मचारीले नातेदार एवं साथीहरूलाई अल्लोका कपडा र सामान उपहारस्वरूप दिने चलन छ ।

यहाँ अल्लोबाट आश्रित परिवारको संख्या ८ सय ४५ छ । यसमै आश्रितको संख्या ८ हजारभन्दा बढी रहेको अल्लो उत्थानमा क्रियाशील जिल्लाका संस्थाहरूले जनाएका छन् । यीमध्ये काठमाडौंमा बिक्री गर्न बसेका १७, खाँदबारीमा खरिदबिक्री र कपडा उत्पादन गर्न ४५, टोलटोलसम्म कपडा बुन्ने, पाट संकलन गर्ने, प्रशोधन गर्नेको संख्या ४ सय ३० परिवार छ । उनीहरूको मुख्य पेसा अल्लो संकलन, प्रशोधन, बुनाइ तथा निकासी हो । यसबाहेक 'पार्ट टाइम' काम गरेर मासिक ५ हजार रुपैयाँसम्म कमाउनेको संख्या ३ सय ५३ परिवार छ । द इस्ट फाउन्डेसनका अल्लो सहजकर्ता विनोदकुमार गुरुङका अनुसार संखुवासभाबाट बर्सेनि २० करोड रुपैयाँको अल्लो कपडा निकासी हुने गरेको छ । गाउँमा बुनेका कपडा सदरमुकाम खाँदबारी हुँदै विराटनगरदेखि काठमाडौंसम्म पुग्छ ।

**मुख्य पेसा अल्लो**

जिल्लाका बाला र सिसुवा गाविसका सबै घरको मुख्य पेसा अल्लोबाट कपडा उत्पादन गर्नु हो । यहाँका ४ सय ५० परिवारको मुख्य पेसा र आयस्रोत अल्लो नै भएको छ । यहाँका केटाकेटीदेखि वृद्धासम्म बिहान उठेदेखि हाटबजार जाँदा होस् वा सबै प्रकारका काम गर्दा हातमा कुरुस र अल्लोको जाखिल्मा (कच्चा धागो) बोकेर कपडा बुन्न व्यस्त देखिन्छन् ।

अल्लोमा सरकार र स्थानीय संघ-संस्थाले करिब १ करोड रुपैयाँ लगानी भैसकेको छ । इको हिमाल, द इस्ट फाउन्डेसन, जीविकोपार्जनका लागि वन कार्यक्रम, सिलिचुङ क्लब, समाज विकास केन्द्र, मकालु वरुण राष्ट्रिय निकुञ्ज, सामुदायिक वन उपभोक्ता समूह, वन कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति, जिविस, गाविस र नगरपालिकाले बर्सेनि १० लाखको हाराहारीमा अल्लो संरक्षण र यसका उद्योग सञ्चालनमा अनुदान दिइरहेका छन् । इको हिमाल बाला र सिसुवा गाविसमा वर्षमा २ लाख रुपैयाँ खर्च गर्दै आएको ईको हिमालका भीम भेटवालले जानकारी दिए । हालसम्म इको हिमालले १० लाख रुपैयाँ लगानी गरिसकेको छ ।

यहाँ २५ वटा अल्लो आश्रित उद्योग सञ्चालित छन् । यी उद्योगले मासिक तलब दिएर ३ सयलाई रोजगारी दिएका छन् । घरेलु तथा साना विकास समितिले बर्सेनि अल्लो बुन्ने तालिम दिँदै आएको छ । यसरी तालिम लिनेको संख्या करिब ५ सय छ । यी सबै अल्लो कपडा बुन्ने उद्योग सञ्चालन गर्दै आएका छन् ।

अल्लो एक वर्षे बुट्यान हो । यो १- २ मिटर उचाइको भएपछि काटेर ल्याउने र बोक्रा निकालेर पाट बनाइन्छ । यसरी काटेपछि पुनः रोपण नगर्दा जंगलबाट यो मासिने क्रममा छ । मकालु बरुण राष्ट्रिय निकुञ्ज क्षेत्रमा यो मासिने क्रममा रहेको छ । यसको संरक्षणमा ध्यान नदिएपछि मासिने क्रम बढेको हो । सामुदायिक र राष्ट्रिय वनमा अल्लो संकलनमा रोक लगाएपछि ती वनमा पर्याप्त रहे पनि प्रयोगविहीन भएका र अन्यत्र मासिने क्रममा रहेको पाइन्छ । अधिकांश गाविसमा यसको रोपण भएको छैन । बाला र सिसुवा गाविसबासीको मूल पेसा नै अल्लो भए पनि घर वरिपरि मासिएपछि १ दिनको बाटो हिंडेर जंगल पुग्दै संकलन गर्नुपरिरहेको डिल्ली कुलुङले बताइन् ।

फाउन्डेसनको अग्रसरतामा जिल्लाका मत्स्यपोखरी, तामाफोक, जलजला, सिद्धपोखरी र नुनढाकी गाविसमा सामुदायिक वनको माध्यमले यसको संरक्षण सुरु गरिएको छ । तामाफोक र मत्स्यपोखरीमा बीउ र कलमीको माध्यमले नर्सरी राखेर वृक्षारोपण सुरु भएको छ । यी क्षेत्रमा भने अल्लोको जंगल फैलने क्रममा रहेको पाइन्छ ।

–सुरेन्द्र सुवेदी

# आजदेखि मालिका महोत्सव

सुदूर पश्चिमाञ्चल विकासक्षेत्रको विकट पहाडी जिल्ला बाजुराको बडीमालिकामा आज (भदौ ७ गते) देखि बडीमालिका महोत्सव सुरु हुँदैछ । बडीमालिका धार्मिक, ऐतिहासिक तथा पर्यटीय दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ । यहाँ साउन शुक्ल चर्तुदशीका दिन ठूलो मेला लाग्ने गरेको छ । यसै दिन देवीको पूजा गर्ने चलन छ । यो बेला यहाँ अछाम, बझाङ, कालिकोट, डडेलधुरा, दार्चुला, हुम्ला, जुम्ला, सुर्खेत, कैलाली, कञ्चनपुरलगायत भारतको पिथौरागढ तथा नैनीतालदेखिका तीर्थयात्रीहरू आउँछन् ।



बडीमालिका बाजुरा जिल्लाको कैलाशमाडौं गाविसमा पर्छ, जुन समुद्री सतहबाट १ हजार ४ सय फिटको उचाइमा छ । बाजुरा सदुरमुकाम मार्तडीबाट ७ कोस टाढा रहेको बडीमालिका बसबाट जान चाहनेहरूले पहिले अछामको साँफेबगर पुग्नुपर्छ । हवाईजहाजबाट पनि साँफेबगर पुग्न सकिन्छ । साँफेबगरबाट बूढीगंगाको तीरैतीर पूर्वतिर लाग्नुपर्छ । करिब १०-१२ घन्टा हिंडेपछि तौली, कैलाशमाडौं, ब्रह्मतोला गाविस पुगिन्छ । यी तीनवटै गासि हुँदै आफूलाई सजिलो लाग्ने बाटोबाट मालिका जान सकिन्छ । बाजुराको कोल्टी विमानस्थलमा झरेर सदरमुकाम मार्तडी हुँदै बडीमालिका पुग्न सकिन्छ तर यो बाटो लामो पर्न जान्छ ।

किंवदन्तीअनुसार परापूर्वकालमा सतीदेवीको मृत शरीर बोकेर हिँडेका शिवजी यहाँ आइपुग्दा सतीदेवीको देब्रे कुम पतन भएको थियो । कुम पतनसँगै बडीमालिका देवीको उत्पत्ति भएको कथन छ । मालिका माताले श्रद्धालु भक्तजनहरूले मागेको वर दिने श्रद्धालुहरूको विश्वास छ । त्यसैले भक्तजनहरू दुःख-कष्टका साथ यहाँ आउँछन् । बाटोमा देवी देवतालाई पुकारेर गीत गाउने चलन छ । यहाँ रजस्वला भएका महिलालाई जान दिइँदैन । पहिले दलितलाई पनि जान दिइँदैनथ्यो तर पोहोर सालदेखि त्यो नियम हटिसकेको छ ।

मालिका प्राकृतिक सौन्दर्यको खानी हो । रंगीबिरंगी फूलहरूले यो ठाउँ शोभायमान छ । बुकी फूलहरूको गलैंचा ओच्छ्याइएजस्तै लाग्छ यो ठाउँ । पाटनमा भेडा र घोडाका बथान घाँस चरिरहेको दृश्य अत्यन्तै सुन्दर देखिन्छ । यहाँ विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । उचाइमा भएका कारण यहाँ चिसो त छ तर यो ठाउँ सौन्दर्यले भरिपूर्ण छ ।

पर्यटन विकासका लागि नयाँ गन्तव्य बडीमालिका भन्ने मूल नाराका साथ जिविस बाजुराको आयोजना तथा नेपाल पर्यटन बोर्डको सहयोगमा मालिका महोत्सव हुन लागेको हो । महोत्सवमा बाजुराको वेशभूषा, संस्कृति, देउडा नाच एवं जडीबुटी आदि प्रदर्शन गरिनेछ ।

–नरेन्द्र रौले

# महिलाहरुलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. तपाई प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
२. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
३. बुद्धि ठूलो कि बल ? किन ?
४. देशभक्ति के हो ?
५ देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
६. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
७. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
८. प्रेममा धोका हुने कारण के हो ?
९. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
१०. तपाई मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
११. दसैं र तिहारको परम्परालाई समय सुहाउँदो बनाउन के गर्नु पर्ला ?

उचित होइन किनकि आधा आकाशलाई आधा नै चाहियो नि। पचास जनाको काम ३३ जनाले गर्दा डामाडोल हुन्छ। त्यसैले ५० नै चाहिन्छ।

**करवीर उदासी** (१९), **रुकुम**

खै सम्पादकज्यू, आफू त पुरुष परियो महिला भएको भए थाहा हुन्थ्यो।

**बैद्यनाथ कोइराला** (२८)

महिला र पुरुष भनेका एउटै रथका दुई पाङ्ग्रा हुन्। दुई पाङ्ग्रामध्ये एउटा कमजोर भयो भने रथ चल्न सक्दैन। त्यसकारण पनि महिलालाई पुरुषको बराबरीमा ल्याउन ३३ प्रतिशत आरक्षण उचित छ।

**राम त्रिपाठी** (२०), **सर्लाही**

आरक्षणभन्दा आफै सक्षम र निपुण भै लड्न सक्नुपर्छ।

**टीकाराम अर्याल, स्याङ्जा**

सतप्रतिशत ठीक कुरा हो किनकि मेरी मायालु पनि महिला हुन्।

**जयराम पाण्डे** (२३)

उचित नै हो। अहिले सबै ठाउँमा महिलाले पनि ठूलो योगदान दिइरहेका छन्। उनीहरूको कार्यशक्ति पनि पुरुषसरह नै छ।

**कमल जिसी** (२३), **खोटाङ**

उचित होइन, किनभने महिलाहरूलाई आरक्षण होइन अवसर एवं शिक्षा चाहिन्छ।

**नोदनाथ त्रिताल** (२५), **कुरुले, धनकुटा**

पुरुषलाई पनि आरक्षण चाहियो भनेर भन्न मिलेन, ठीकै त होला नि।

**ऋषिराम पाण्डेय** (२०), **स्याङ्जा**

नेपालमा महिला र पुरुषको समान अधिकार छ भने बमोजिम त महिलाहरूलाई ५० प्रतिशतकै हकदार बनाउनुपर्छ, त्यसैले यो अलि उचित भएन।

**निरोज भट्टराई**

एकदमै अनुचित हो भन्न मिलेन, उचितै होला नि।

**जयराम भट्टराई, जनकपुर**

महिलालाई ३३ प्रतिशत आरक्षण दिए पछि परेका महिलाहरू अघि बढ्छन् त्यसैले उचित हो।

**गंगाराम न्यौपाने** (१७), **स्याङ्जा**

भोजभतेर, पास्नी, पिकनिकजस्ता खाने ठाउँमा मात्रै नारी-पुरुष समानताको आवाज उराल्ने हे नारी हो, पुरुषको काम कति तनावपूर्ण छ, नपत्याए हरेक ४० वर्ष नाघेका पुरुषको टाउको हेर चिन्ताले कति कपाल फुलेको छ ?

**मदन मल्ल** (१९), **काठमाडौं**

मेरो विचारमा ठीक छ, योभन्दा बढी भयो भनेचाहिँ मात्तिन्छन्।

**चूडामणि पाण्डे, घोराही**

समान भएन, किनभने देश विकासका लागि महिला र पुरुष दुवैको समान योगदान चाहिन्छ।

**शशिकान्त गुप्ता** (१८), **वीरगन्ज**

# प्रजनन तथा यौन स्वास्थ्य ट्यालेन्ट कन्टेस्ट

**साप्ताहिक समाचार**

काठमाडौं– अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा नेपाल परिवार नियोजन संघ उपत्यका शाखाको आयोजनामा युवा तथा किशोर किशोरीहरूका लागि प्रजनन तथा यौन स्वास्थ्य (एडोलेस्केन्ट सेक्सुअल रिप्रोडक्टिभ हेल्थ-एएसआरएच) ट्यालेन्ट कन्टेस्ट सम्पन्न भएको छ। उक्त प्रतियोगितामा परिवार नियोजन संघका १३ जनाका साथै नेपाल रेडक्रस सोसाइटी, जेसिज, आमामिलन केन्द्र, नहुदा क्लिक, स्टेप नेपालका गरेर जम्मा २० जना महिला प्रतियोगीको सहभागिता थियो।



अन्तिम पाँच प्रतियोगीलाई तपाईंको परिवारमा दुई वर्षकी एउटी छोरी छिन्, तपाईंकी सासू आउँदो वर्ष तुरुन्त एउटा नातिको मुख हेर्ने अति रहर गर्दै हुनुहुन्छ, के तपाई सासूको रहरप्रति सहमत हुनुहुन्छ ? यदि हुनुहुन्न भने किन सहमत हुनुहुन्न र तपाई कसरी आफ्नी सासूलाई सम्झाउनुहुन्छ ? भन्ने प्रश्न सोधिएको थियो, जसमध्ये पाटन युवा सूचना केन्द्रकी रुमिसिंह महर्जनले उपयुक्त उत्तर दिएर मिस एसआरएचको उपाधि हासिल गरिन्। महर्जनले उत्तर दिने क्रममा भनिन्- 'म मेरी सासूलाई विनम्रतापूर्वक सम्झाउँदै भन्छु कि मेरो दुई बच्चाको बीचको अन्तर हाल उपयुक्त छैन र मैले अहिले नै बच्चा जन्माएँ मेरो स्वास्थ्यमा पनि प्रतिकूल असर पर्छ। त्यसैले मैले अझै तीन-चार वर्षपश्चात् मात्र अर्को बच्चा जन्माउने निर्णय गरेकी छु।

त्यसैगरी लैङ्गिक समानताको उदाहरण दिँदै छोरा र छोरी दुवै बराबर हुन् भनेर बुझाउने प्रयत्न गर्छु।' महर्जनले मिस लाइफस्किलको उपाधि पनि जितिन्। उक्त प्रतियोगितामा युथ सेन्टर फर्स्ट रनरअपको उपाधि नेपाल रेडक्रस सोसाइटी, भक्तपुरकी कृष्णलता जोशीले हासिल गरिन् भने सेकेन्ड रनरअप सिद्धिपुर युथ सेन्टरकी लिना महर्जन भइन्। प्रतियोगितामा मिस फोटोजेनिकको उपाधि खोकना युथ सेन्टरकी दुर्गा लक्ष्मीले प्राप्त गरिन्। मिस पिर एजुकेटर (साथी शिक्षिका) एन्ड मिस चार्मिङ कुसुन्ती योथ सेन्टरकी पूजा कार्की भइन् भने मिस फ्रेन्ड्ली भक्तपुर युथ इन्फरमेसन फोरमकी रीता हाछेथू भइन्।

सहभागीहरूलाई १५ दिनसम्म प्रजनन स्वास्थ्यका विषयमा स्रोतकर्ताहरूबाट तालिम उपलब्ध गराइएको थियो। प्रारम्भमा प्रतियोगीहरूले परिवार नियोजन, सुरक्षित गर्भपतन, एच.आई.भी. एड्स, लैङ्गिक हिंसा, लागूपदार्थ दुर्व्यसन, स्तनपान, महिनावारीसम्बन्धी समस्या आदि विषयमा जानकारी दिँदै आफ्नो परिचय दिएका थिए। परिचय दिने क्रममा दिइएको विषयमा उत्कृष्टका साथ प्रस्तुत हुने प्रतियोगीलाई साथी शिक्षिका (मिस पिर एजुकेटर) उपाधि प्रदान गरिएको थियो।

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २३ वर्षीय अविवाहित युवक हुँ। म रुटिनअनुसार दैनिक १ घण्टा व्यायाम गर्छु र स्वस्थ छु। म र मेरी प्रेमिकाबीच दुवैको समझदारीमा शारीरिक सम्पर्क भैरहन्छ र यो महिनाको दुई पटकसम्म हुन्छ। म कहिलेकाहीं हस्तमैथुन पनि गर्छु। शारीरिक सम्पर्कको बेलामा प्रशस्त पाक्क्रीडापछि मात्र सम्भोग कार्य सुरु गर्छु। साथै सम्भोगरत छँदा पहिलो पटक वीर्य स्खलन भएपछि पनि दोस्रो पटक वीर्यस्खलन नहुँदासम्म लगातार सम्भोग गरिरहन्छु। यसरी शारीरिक सम्पर्क हुँदा म उनलाई पूर्ण रूपमा सन्तुष्ट पार्न चाहन्छु। उनको प्रतिक्रिया बुझ्दा उनी पूर्ण रूपमा सन्तुष्ट हुन्छिन्, तर जसरी हस्तमैथुनबाट चरमसीमामा पुग्दाको क्षणमा मैले जति आनन्द महसुस गर्छु सम्भोगबाट चरमसीमामा पुग्दा त्यति आनन्द महसुस गर्दिनँ। यस्तो किन भएको होला ?**

**– ए.**

**उत्तर**: तपाई स्वस्थ हुनुभएको र नियमित व्यायाम गर्नुहुने कुराले हामीलाई खुसी तुल्याएको छ। विवाह गर्न बाँकी नै भए पनि तपाई र तपाईंको साथीले नियमित यौनसुख प्राप्त गरिरहनुभएको कुरा पनि पत्रमा उल्लेख गर्नुभएको छ। तपाईंले दुई वीर्यस्खलनको बीचको समयमा निरन्तर यौनसम्पर्क राख्न सक्नुले पक्कै तपाईंकी प्रेमिकालाई चरमसुख प्रदान गर्न सहयोग गरेको हुनुपर्छ, जुन कुरा तपाईंले पनि उल्लेख गर्नुभएको छ। स्वाभाविक रूपमा नै पुरुष तथा महिला चरमसुखको स्थितिपछि पुरानै (उत्तेजित नभएको स्थिति)मा फर्किन्छ, तर पुरुष र महिलामा केही आधारभूत भिन्नता हुन्छन्। महिलाले एकपल्टकै सम्पर्कमा बहु चरमसुख प्राप्त गर्न सक्छिन् तर पुरुष भने refractory period मा जान्छ। यस अवधिभित्र पुरुषलाई उत्तेजित पार्न सकिँदैन। यसको समयावधि व्यक्तिअनुसार फरक हुनसक्छ।

**के नियमित यौनसम्पर्क गर्न पाउँदा पनि हस्तमैथुन गरिन्छ ?**

मानिस निरन्तर आफ्नो सुख प्राप्तिका लागि लागिपरिरहेको हुन्छ। प्रत्येक अवसरलाई उसले यसका लागि प्रयोग गर्छ। यौनका सन्दर्भमा पनि यो लागू नहुने कुरै भएन। यौनसुख पनि एक तरिकाले मात्र प्राप्त नगरी यसमा उसले विविधता खोजेको हुन्छ।

प्रायःजसो व्यक्तिले यौन-सम्पर्कबाट यौनसुख प्राप्त गर्नुभन्दा हस्तमैथुनबाटै यौनसुख प्राप्त गरेको हुन्छ। विशेष गरेर हस्तमैथुनप्रति नकारात्मक सोच नभएको स्थितिमा उसले यसलाई आफ्नो यौनसुखका लागि सक्दो उपयोग गर्छ। हस्तमैथुन विशेष गरेर अविवाहितका लागि वरदान नै हो भन्न सकिन्छ। एकान्तमा आफूलाई पायक परेको समयमा समय र धन खर्च नगरी यौनसुख प्राप्त गर्न सकिन्छ। अर्को व्यक्ति संलग्न हुनुपर्ने कुनै आवश्यकता नभएको हुँदा यसमा हुने सजिलो त आफ्नै ठाउँमा छ।

किशोरावस्थामा यौनसुख प्राप्त गर्ने प्रत्यक्ष यौनसम्पर्क राख्ने अवसर प्राप्त नहुँदा हस्तमैथुनको सहारा लिनु सामान्य कुरा नै हो। सामान्यतः विवाह भएपछि वा नियमित यौनसम्पर्क राख्ने अवसर प्राप्त भएपछि हस्तमैथुनको माध्यमबाट यौनसुख प्राप्त गर्ने कुरामा केही कमी आउँछ, तर यसको अर्थ यो पनि होइन कि विवाह हुँदैमा कुनै व्यक्तिले हस्तमैथुन गर्न विल्कुलै बन्द गर्छ। विवाहित व्यक्तिहरू वा नियमित यौनसम्पर्क गरेर यौनसुख प्राप्त गर्न सक्ने व्यक्तिले पनि विभिन्न परिस्थिति विशेष गरी नियमित रुपमा यौनसम्पर्क राख्न नपाएको स्थितिमा आफ्नो यौनचाहना पूरा गर्न हस्तमैथुनको सहारा लिन्छन् र यो एकदमै सामान्य प्रक्रिया हो।

कुनै व्यक्तिले किन यसो गर्छन् भन्ने प्रश्न हुनसक्छ। हस्तमैथुन गर्ने कार्यमा अभ्यस्त भएपछि कतिपय व्यक्तिले कसरी आफू सजिलै यौन चरमसुखको स्थितिमा पुग्ने भन्ने कुरा सिक्छन् र यसको बारम्बार प्रयोग गर्न थाल्छन्। कतिपय व्यक्ति विवाह गरेपछि पनि यो छोटो बाटो अपनाउन लालायित हुन्छन् र यसैलाई निरन्तरता दिन्छन्। विवाहपूर्वको स्थितिमा भने हस्तमैथुनलाई यसै कारणले निरन्तरता दिनु आश्चर्य नहुन सक्छ।

**के यसले समस्या पर्ला ?**

सामान्यतः व्यक्तिले विवाह गरेपछि आफ्नो उत्तरदायित्व पूरा गर्न पनि यौनसम्पर्कलाई निरन्तरता दिन्छ नै। आफ्नो जोडीको यौनेच्छा शान्त पार्न कुनै अभाव महसुस भएको छैन र अपेक्षाअनुरूप दुवै खुसी छन् भनेचाहिँ खासै नकारात्मक असर पर्दैन, तर कसैकसैलाई यसरी हस्तमैथुनको लत नै लाग्न सक्छ र सामान्य अपेक्षाअनुरूप आफ्नो यौनजोडीको सम्बन्ध कायम गर्न नै नसक्ने स्थितिमा पुग्न सक्छ। यौनसम्पर्क नै नराखिएपछि र अन्य कुनै प्रत्यक्ष कारण पनि नभएको स्थितिमा वैवाहिक सम्बन्ध वा आत्मीयतामा नै पनि असर पर्न सक्छ, तर सामान्यतया यस्तो स्थिति अति विरलै मात्र हुन्छ।

**समाधान हुनसक्ला ?**

तपाई आफ्नी प्रेमिकाको आवश्यकताअनुरूप यौनसम्पर्कलाई निरन्तरता दिएर आफ्नो यौनसुखका लागि चाहेअनुसार हस्तमैथुन गर्न सक्नुहुन्छ, तर यसै क्रममा प्रेमिका वा भावी पत्नीसँगको यौनसम्पर्कलाई बेवास्ता नगर्न विशेष सजग हुनुपर्छ। यसका लागि तपाईंले विशेष प्रयास गर्नुपर्ने हुन्छ।

यस्तो स्थितिलाई साँच्चिकै कम गर्न चाहनुहुन्छ भने तपाईंहरू दुवै जना मिलेर कसरी यौन आनन्द बढी लिन सकिन्छ भन्ने कुरामा कुराकानी गरेर विभिन्न प्रयोग गर्दै दुवै जनालाई आनन्ददायी उपायको अबलम्बन गर्न सक्नुहुन्छ। तपाईंले आफ्नी प्रेमिकालाई पनि पाक्क्रीडाका क्रममा नै तपाईंको हस्तमैथुन गर्ने क्रममा संलग्न गराउनु अर्को उपाय हुनसक्छ। यसो गरे उपेक्षा गरेको जस्तो नभै सहभागी बनाइदा सहयोग पुग्छ। यसबाट प्रेमिकासँगको यौनसम्पर्क साथसाथैको क्रियाकलापका रूपमा एकसाथ अघि बढ्ने भयो। अभ्यस्त भएपछि यसलाई सहज रूपमा लिन सकिन्छ। यौनसम्बन्धलाई अहिलेको जस्तै रूपमा निरन्तर जारी राख्न सकिन्छ, रोजाइ तपाईंकै हो।

## खोज खबर


### चुरोट तत्काल छाडौं



धूमपान परित्याग गरेको १० वर्षपछि मात्र धूमपान नगर्ने सरहको दरिलो अवस्थामा पुग्न सकिने कुरा अमेरिकी हृदयरोग संगठनले जनाएको छ। एक खिल्ली मात्र चुरोट पिउने वा निरन्तर चुरोट पिउने, चुरोट नपिए पनि अर्कोले पिएको ठाउँमा बस्ने सबैमा श्वासप्रश्वासको मात्रा बढ्ने र त्यसले रक्तसञ्चारका नलीहरू सुकाउने गरेको सो संस्थाले बताएको छ। त्यसले फोक्सोको रोग मात्र नभै क्यान्सर, हृदयरोगसमेतलाई निमन्त्रणा दिँदै आएको छ।

### समुद्री आँधीबाट बच्न

जापानका वैज्ञानिकहरूले समुद्री आँधी आउनुपूर्व नै त्यसको जानकारी प्राप्त गर्ने उद्देश्यले अनुसन्धान कार्य अघि बढाएका छन्। त्यही प्रयोजनका लागि उनीहरूले विगतमा आएको समुद्री आँधीका तथ्यहरू संकलन गरी कम्प्युटरमा राख्न थालेका छन्। यसरी गरिएको अनुसन्धानबाट सफलता मिल्दै गएको वैज्ञानिकहरूले बताएका छन्। यो कार्यमा सफलता प्राप्त भए समुद्री आँधी, भूकम्प तथा सुनामीका बारेमा पूर्वजानकारी पाउन सकिनेछ।



### नदीको रक्षाका लागि हिउँ निर्माण




चीनले पहिलो पटक तिब्बतको हिउँको पठारमा कृत्रिम वर्षा गराएको छ। तिब्बतको हिमाली क्षेत्रमा हिउँ पग्लिएर हिमनदीहरू सुक्न थालेपछि त्यसबाट वातावरणमा पर्ने समस्या निराकरण गर्ने उद्देश्यले कृत्रिम हिउँ निर्माण गरी हिमाली क्षेत्रहरूमा हिउँको वर्षा गराइएको हो। उत्तरी तिब्बतको नाक्यु काउन्टीको ४ हजार ५ सय मिटर उचाइका क्षेत्रमा त्यस्तो कृत्रिम हिउँको वर्षा गराइएको थियो। त्यसरी बर्साइएको हिउँ शून्य दशमलव ४ इन्च भएको मौसमविद्हरूले बताएका छन्। मानवनिर्मित हिउँ कसरी तयार परिएको थियो भन्ने विषयमा भने कुनै विवरण दिइएको छैन।

## जानकारी

### परीक्षणमा लसुन

शरीरमा रहेको कोलेस्ट्रोलको मात्रा घटाउन तथा श्वासप्रश्वास तन्दुरुस्त बनाउन सहयोग पुग्ने भनी विश्वास गरिएको काँचो लसुन उपयोगी सावित हुन नसकेको पाइएको छ। अमेरिकी सरकारले लसुनको उपयोगितासम्बन्धी वास्तविकता पत्ता लगाउन गरेको अध्ययनले लसुन स्वास्थ्यका लागि उपयोगी सिद्ध हुन नसकेको पाइएको हो। लसुनले शरीरमा रहेको कोलेस्ट्रोल कम गर्ने र श्वासप्रश्वासलाई तन्दुरुस्त राख्नुका अतिरिक्त हृदयरोग, क्यान्सरलगायत अन्य संक्रमित रोग र लामखुट्टेको टोकाइबाट बचाउन उपयोगी हुने विश्वास लिइएको थियो, तर वैज्ञानिक अनुसन्धानबाट ती सबै निरर्थक प्रमाणित भएको छ।





## जन्मदिनको शुभकामना




आईश भट्टराई
२०६० भदौ ८



स्वर्णिम कठायत
२०६० भदौ ८



उत्सव श्रेष्ठ
२०६१ भदौ १०



शुभश्री श्रेष्ठ
२०६० भदौ १०



विपासना रायमाझी
२०६० भदौ १०



गौरव पराजुली
२०६३ भदौ १२



जसन श्रेष्ठ
२०५६ भदौ १३



विवेक मगर
२०६० भदौ १२

### जन्मदिनको शुभकामना

नाम :........................................................

जन्म मिति :...................................................


स्कुल :.........................................................

ठेगाना : ......................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## साप्ताहिक रंग भर प्रतियोगिता - ५



**प्रतियोगीको नाम :**

**कक्षा :**

**विद्यालयको नाम :**

माथि दिइएको चित्र मुनालको हो। अंग्रेजीमा यसलाई ट्र्यागोपान भनिन्छ। नेपालमा मुख्यगरी मध्य पहाडी क्षेत्रमा पाइने मुनाल सुन्दर चराहरूमध्ये एक हो। नेपालमा मुनाललाई संरक्षित चराका रुपमा मान्यता दिइएको छ। टाउकोमा कल्की हुने भाले मुनालको शरीरमा रातो, कालो तथा सेतो रंगको बाहुल्यता हुन्छ। ठाउँ र प्रकृति हेरी मुनालका पनि अनेक प्रजातिहरू पाइन्छन्।

**नियमहरू :**


१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन्।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगीन तस्बिर पनि पठाउनुपर्नेछ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

## १५ करोड वर्ष पुरानो डाइनोसर



अर्जेन्टिनामा १५ करोड वर्ष पुरानो मासु खाने दुईखुट्टे डाइनोसरको अवशेष हालै उत्खनन गरी निकालिएको छ। २३ फिट अग्लो सात फिट लामो उक्त डाइनोसरको अवशेष पाइनुलाई उत्खनन कार्यमा संलग्न भू-गर्भवेत्ताहरूले महत्त्वपूर्ण घटना बताएका छन्। दक्षिणी अर्जेन्टिनामा एक जर्मन डाइनोसर विशेषज्ञको मद्दतले एक वर्षअघिदेखि नै उत्खनन कार्य गरिँदा डाइनोसरको अवशेष फेला परेका हो। उक्त अवशेषलाई क्रेनको मद्दतले बाहिर निकालिएको थियो।

**तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?**



## प्राणीको हेर्ने क्षमता






हरेक जीवजन्तुमा हेर्ने क्षमता फरक-फरक हुन्छ। मानिसको आँखाले देख्न नसक्ने सूर्यकिरण अल्ट्राभ्वाइलेट र इन्फ्रारेडलाई मौरीले सजिलै देख्न सक्छ। कतिपय प्राणीमा हेर्ने क्षमता तेजिलो हुन्छ, जसले निकै टाढाबाट पनि सूक्ष्म वस्तुलाई सजिलै देख्न सक्छ। चरामध्ये सबैभन्दा तेजिलो हेर्ने क्षमता बाजमा हुन्छ। बाजले १ हजार मिटर टाढाबाट कुनै ठाउँमा बसेको भँगेरालाई सजिलै देख्न सक्छ। बाजले उडिरहेका बखतमा १ हजार ६ सय मिटर टाढाबाट पनि देख्न सक्छ।

१ सय मिटरको दूरीका आधारमा मानिसले हेर्ने शक्तिलाई अन्य प्राणीसँग तुलना गर्ने हो भने मानिसको आँखाले सय मिटरको दूरीबाट १ दशमलव ६५ सेन्टिमिटर व्यास भएको वस्तुलाई देख्न सक्छ। बाजले १ हजार ६ सय मिटरमाथि आकाशको दूरीबाट जमिनमा रहेको मुसोलाई स्पष्ट देख्न सक्छ। मानिसका आँखामा एक-एकवटा मात्र लेन्स हुन्छन्, जबकि ड्र्यागनफ्लाई नामक कीराका दुईवटा आँखाले दसौं हजार लेन्स हुन्छ। त्यसैले यसले जमिनवरिपरि हुने सानोभन्दा सानो परिवर्तनलाई ठम्याउन सक्छ र खतरा हुनेबित्तिकै उडिहाल्छ। यसैगरी भाइपर र्‍याटल स्नेक र हेड स्नेकको आँखाको दृष्टि कमजोर हुन्छ। यिनको आँखाको बीचमा सानो प्वाल हुन्छ, त्यही प्वालको मद्दतले यस्ता सर्पको आँखामा इन्फ्रेरड चित्र बन्न पुग्छ र त्यसकै आधारमा सर्पले सिकार पक्रन्छ।

## मानिसको मष्तिष्क चलाख बनाउने मुसा




अमेरिकी वैज्ञानिकहरू पानीमुसाको मस्तिष्कको जिनमा परिवर्तन गरी स्मरण चक्की विकास गर्न लागिपरेका छन्। मुसाको जिनमा रहेको अविस्मरणीय शक्तिलाई विकास गरी स्मरण चक्की बनाइने वैज्ञानिकहरूले बताएका छन्। पहिलो चरणमा मुसाको जिनबाट चक्की बनाउने र त्यसपछि उक्त चक्की मानिसलाई सेवन गराई त्यसबाट परेको प्रभावको परीक्षण गरिनेछ। यसले स्मरणशक्ति ह्रास हुने अल्जिमाइजरजस्ता रोगको उपचारमा सहयोग पुग्ने विश्वास वैज्ञानिकहरूको छ।

### मधुमेह र मह

अमेरिकाको विकन्सिन विश्वविद्यालयका एक चिकित्सकले महको प्रयोगले मधुमेह र अल्सर रोगका लागि विषाक्त परिकारबाट त्यस्ता विषाक्त तत्त्वलाई हटाउने कुराको जानकारी दिएका छन्। उनले आफ्ना आधा दर्जनभन्दा बढी बिरामीलाई महको थेरापी गर्दा प्राप्त भएको सफलताको आधारमा सो कुरा सार्वजनिक गरेका हुन्। उनले मधुमेह र अल्सरका कारण मरेको छालामा बाक्लो गरी मह लेपन गरेर विषालु जीवाणु हटाउने मह थेरापी गर्दै आएका छन्। महमा रहेको एसिडले त्यस प्रकारका सूक्ष्म जीवाणुहरू मार्ने र त्यस्ता जीवाणुहरूको प्रवेशमा रोकथाम गर्ने भएकाले त्यसो हुन गएको हो।










SPORTS DRINK








L BODYBUILDING & FITNESS ASSOCIATION









